राष्ट्को गौरव

# गोरखापत्र

वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्जनः।

gorkhapatraonline.com




राष्ट्रिय संस्करण | मधेश | भारतमा बन्धक नेपालीको उद्धार | 'छपाइको त्रुटि मात्र सच्याइएको हो' १४

वर्ष १२६ | अङ्क ३६ | २०८३ साल जेठ २८ गते बिहीबार | अधिक ज्येष्ठ कृष्ण एकादशी | नेपाल संवत् ११४६ अनलागा ११ | 2026 June 11 Thursday | पृष्ठ : १२+४ | मूल्य : दस रुपियाँ

# प्रतिनिधि सभाको गतिरोध अन्त्य





तस्बिर : सुजन गुरुङ

**परराष्ट्रमन्त्री शिशिर खनाल बुधबार प्रतिनिधि सभाको बैठकमा आफ्नो भारत भ्रमणलगायत विभिन्न समसामयिक विषयमा जानकारी गराउनुहुँदै ।**

गतिरोध अन्त्य भएसँगै प्रतिनिधि सभा नियमित कार्यसूचीमा प्रवेश गरेको छ । बुधबार आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भसमेत भएको छ ।

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

दस दिनदेखि जारी प्रतिनिधि सभाको गतिरोध अन्त्य भएको छ। नेपाल–भारत सीमाका सम्बन्धमा प्रधानमन्त्रीको अभिव्यक्तिलाई लिएर विपक्षी दलहरूले प्रतिनिधि सभामा अवरोध गरिरहेका थिए। प्रधानमन्त्रीको अभिव्यक्तिको प्रष्टीकरण परराष्ट्रमन्त्री शिशिर खनालमार्फत गर्ने सहमतिसँगै अवरोध हटेको हो। अवरोध अन्त्य भएसँगै सभा नियमित कार्यसूचीमा प्रवेश गरेको छ। बुधबार आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल प्रारम्भसमेत भएको छ।

सदनको गतिरोध अन्त्यका लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा मङ्गलबार र बुधबार निरन्तर छलफल भएको थियो। गतिरोध अन्त्यका लागि राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पहल गर्नुभएको थियो। उहाँसमेतको पहलमा सदनको गतिरोध अन्त्य भएको हो। छलफलमा प्रतिपक्ष दलका नेताहरूको पनि उपस्थिति थियो। दलीय समझदारीपछि सभामुख डोलप्रसाद अर्यालले पनि कार्यव्यवस्था परामर्श समिति राखेर पुनः छलफल गराउनुभएको थियो।

अवरोध अन्त्यपछिको सभामा परराष्ट्रमन्त्री खनालले प्रधानमन्त्री वालेन्द्र शाहले प्रतिनिधि सभामा जेठ १७ गतेको प्रश्नोत्तरमा नेपाल भारत सीमा विवादका सम्बन्धमा दिनुभएको जवाफ क्रसबोर्डर अकुपेसनसँग सम्बन्धित भएको प्रष्टीकरण दिनुभयो। प्रधानमन्त्रीका अभिव्यक्ति दशगजा क्षेत्रको अतिक्रमणसँग सम्बन्धित रहेको परराष्ट्रमन्त्री खनालले बताउनुभएको थियो।

उहाँले सीमासम्बन्धी विवाद ऐतिहासिक तथ्य तथा सन्धि सम्झौताका आधारमा समाधान गरिने प्रतिबद्धता जनाउनुभयो। दुई देशबिचमा खुला सिमाना रहेकाले कतिपय क्षेत्रमा दशगजा वरपर क्रस होल्डिङको अवस्था रहेको तथ्य स्मरण उहाँले गराउनुभयो। दशगजा क्षेत्रमा स्थानीयवासीका तर्फबाट भएका वारिपारि खेतीपातीको अवस्थालाई नै प्रधानमन्त्रीले आफ्नो अभिव्यक्तिमा उल्लेख गर्नुभएको पनि परराष्ट्रमन्त्री खनालको भनाइ छ।

प्रधानमन्त्रीले सीमा विवादमा बेलायतको मध्यस्थताको विषय नराखी सुगौली सन्धिमा संलग्न भएको मुलकका हिसाबले प्रमाणका विषयमा मात्र बेलायतको नाम उल्लेख गरेको पनि परराष्ट्रमन्त्री खनालको प्रष्टीकरण थियो। तत्कालीन अवस्थाका सन्दर्भसामग्री भएमा विवाद समाधानमा सहयोगी हुने हिसाबले मात्र उक्त प्रसङ्ग ल्याइएको उहाँको प्रष्टीकरण थियो। यस्तै परराष्ट्रमन्त्री खनालले हालैको आफ्नो भारत भ्रमणका विषयमा पनि सदनलाई जानकारी दिनुभयो। भ्रमणका क्रममा भारतीय समकक्षीसँग भेट भएको पनि उहाँले जानकारी दिनुभयो। द्विपक्षीय हित, व्यापार तथा आर्थिक सहकार्य, सीमा सुरक्षा, ऊर्जा व्यापार, खेलकुदलगायत क्षेत्रमा कुराकानी भएको जानकारी उहाँले दिनुभयो। दुई देशको साझेदारीमा सञ्चालित परियोजनाको समीक्षासमेत भएको परराष्ट्रमन्त्री खनालको भनाइ थियो।

सदनको अवरोध अन्त्यका क्रममा विपक्षी दलका नेताहरूले पनि सम्बोधन गर्नुभयो। सभामा प्रमुख प्रतिपक्ष दलका नेता भीष्मराज आङ्देम्बेले प्रधानमन्त्रीको अभिव्यक्तिको आलोचना गर्नुभयो। संसद्को बहुमतले नेपालले भारतको सीमा मिचेको स्वीकार गरेको आङ्देम्बेको भनाइ थियो।

नेकपा (एमाले) संसदीय दलका नेता रामबहादुर थापाले भारतको भूभाग नेपालले मिचेको प्रमाण दिन प्रधानमन्त्रीलाई आग्रह गर्नुभयो। नेपाली कम्युनिस्ट पार्टीका सांसद प्रमेश हमालले सीमाका विषयमा पहिलो पटक सदन विभाजित भएको बताउनुभयो। उहाँले विगतमा राष्ट्रियता र सार्वभौमिकताका सन्दर्भमा सदन सधैँ एक ठाउँमा रहने गरेको समेत बताउनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता ज्ञानबहादुर शाहीले प्रधानमन्त्रीको अभिव्यक्ति मन्त्रीबाट सच्याउने अभ्यास थालनी भएको टिप्पणी गर्नुभयो। अन्यत्र मन्त्री तथा पदाधिकारीबाट त्रुटि भएमा प्रधानमन्त्रीबाट अभिभावकत्व लिएर सच्याउने अभ्यास रहेको पनि शाहीले बताउनुभयो।

## परराष्ट्रमन्त्री चीन भ्रमणमा जानुहुने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

परराष्ट्रमन्त्री शिशिर खनालले छिमेकी मुलुक चीनको औपचारिक भ्रमण गर्नुहुने भएको छ। छिमेकी सम्बन्धको आयामलाई थप बलियो र सन्तुलित बनाउने उद्देश्यसहित उहाँ चीनको औपचारिक भ्रमणमा जानुहुने भएको हो। त्यसका लागि परराष्ट्र मन्त्रालयले आन्तरिक तयारी गरिरहेको जनाएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार भ्रमणको आधिकारिक मिति भने मन्त्रालयले तय गरेर पछि सार्वजनिक गरिने छ। मन्त्री खनाल भर्खरै मात्र भारत भ्रमण गरेर फर्कनुभएको हो। बुधबार मन्त्रालयले आयोजना गरेको विशेष अन्तर्क्रियामा खनालले परराष्ट्र मन्त्रालयको आन्तरिक तथा बाह्य मामिला सुधारका लागि गृहकार्य गरिरहेको बताउनुभयो। उहाँका अनुसार परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानलाई सशक्त बनाइने छ। विदेशी कूटनीतिज्ञका लागि लुम्बिनी फेलोसिप कार्यक्रममार्फत नेपालमा आबद्ध गरिने छ। त्यस्तै भू–रणनीतिक सम्मेलन आयोजना गर्दै

» बाँकी पृष्ठ २ मा

# बर्डफ्लुले 'पोल्ट्री' क्षेत्रमा बढ्यो जोखिम

हालसम्म ५६ वटा पोल्ट्री फार्ममा बर्डफ्लु पुष्टि भएको छ । सङ्क्रमण नियन्त्रणका लागि देशभर पाँच लाख ५३ हजार ६५० वटा पन्छी, १० लाख आठ हजार ९२८ वटा अन्डा र दुई लाख पाँच हजार ९७५ किलोग्राम दाना नष्ट गरिएको छ ।



तस्बिर : एआई

**केशवराज पौडेल**
*काठमाडौँ, जेठ २७ गते*

नेपालमा पछिल्लो समय तीव्र रूपमा फैलिएको बर्डफ्लु सङ्क्रमणले पोल्ट्री क्षेत्रमा गम्भीर आर्थिक सङ्कट निम्त्याउन सक्ने भन्दै यस क्षेत्रका विज्ञहरूले चिन्ता व्यक्त गरेका छन्। सरकारी निकायले बर्डफ्लु नियन्त्रणमा अधिकतम् प्रयास गरिरहेको उल्लेख गरे पनि ठुला फार्ममा बर्डफ्लुको सङ्क्रमण देखिन थालेपछि यस क्षेत्रमा चिन्ता थपिएको हो।

चालु आर्थिक वर्ष २०८२/८३ मा सङ्क्रमण १० जिल्लासम्म फैलिँदा प्रत्यक्ष रूपमा कम्तीमा ५० करोड रुपियाँ बराबरको क्षति भएको छ। पशु स्वास्थ्य विज्ञहरूका अनुसार वास्तविक असर भने यसभन्दा धेरै ठुलो हुने अनुमान गरिएको छ। राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (एनएएचआइएस) र र्‍यापिड रेस्पोन्स टोली (आरआरटी) को तथ्याङ्क अनुसार हालसम्म ५६ वटा पोल्ट्री फार्ममा बर्डफ्लु पुष्टि भएको छ। सङ्क्रमण नियन्त्रणका लागि देशभर पाँच लाख ५३ हजार ६५० वटा पन्छी, १० लाख आठ हजार ९२८ वटा अन्डा र दुई लाख पाँच हजार ९७५ किलोग्राम दाना नष्ट गरिएको छ।

पशु सेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार सङ्क्रमित फार्महरूमा स्रोत नियन्त्रण, कन्टेनमेन्ट तथा जैविक सुरक्षासम्बन्धी विशेष उपाय लागु गरिएको छ। उहाँले सङ्क्रमणको प्रत्यक्ष आर्थिक क्षति ५० करोड रुपियाँ पुगेको र अप्रत्यक्ष क्षति भने अर्बौं रुपियाँसम्म पुग्न सक्ने बताउनुभयो। नेपाल पशु चिकित्सा परिषद्का उपाध्यक्ष डा. मनोज शाहीका अनुसार बर्डफ्लु पुष्टि भएको फार्ममा कम्तीमा ४५ दिनसम्म नयाँ कुखुरा राख्न पाइँदैन। यसले कुखुरा तथा अन्डा उत्पादनको सम्पूर्ण चक्र अवरुद्ध बनाउँछ। "प्रत्यक्ष क्षति देखिएकोभन्दा धेरै ठुलो असर रोजगारी, चल्ला उत्पादन, दाना उद्योग र स्वरोजगार किसानमा परेको छ," उहाँले भन्नुभयो।

पोल्ट्री उद्योगसँग जोडिएका हजारौँ किसान, श्रमिक र व्यवसायी सङ्क्रमणका कारण प्रभावित भएका छन्। उत्पादन रोकिँदा बजार आपूर्ति शृङ्खलासमेत प्रभावित हुने देखिएको छ। बर्डफ्लुबाट सबैभन्दा बढी प्रभावित जिल्ला सुनसरी बनेको छ। त्यहाँ २३ वटा फार्ममा सङ्क्रमण पुष्टि हुँदा दुई लाख ८५ हजार ५६४ वटा पन्छी र चार लाख २७ हजार ५८० वटा अन्डा नष्ट गरिएको छ।

त्यसपछि मोरङमा ११ फार्म, काठमाडौँमा आठ, झापामा चार, ललितपुरमा तीन, भक्तपुरमा दुई तथा नवलपरासीपश्चिम, बारा र महोत्तरीमा एक/एक फार्म प्रभावित भएका छन्। पछिल्लो समय चितवनको एक ठुलो व्यावसायिक फार्ममा पनि सङ्क्रमण पुष्टि भएपछि त्यहाँको पोल्ट्री उद्योगले ठुलो क्षति बेहोर्नु परेको विभागले जनाएको छ। काठमाडौँ उपत्यकामा मात्र ३९ हजार ४८१ वटा पन्छी र ६३ हजार ८५४ वटा अन्डा नष्ट गरिएको छ। अधिकांश प्रकोप कोशी प्रदेशमा केन्द्रित रहे पनि पछिल्लो समय उपत्यकामा सङ्क्रमित फार्मको सङ्ख्या बढ्दै जानुले चिन्ता थपेको छ।

पशु सेवा विभागले सङ्क्रमण फैलिनुका प्रमुख कारण पहिचान गरेको छ। फार्मनजिक वन क्षेत्र वा अग्ला रुख हुनु, जलाशय आसपास फार्म सञ्चालन हुनु, जैविक सुरक्षा मापदण्डको पालना कमजोर, सवारीसाधन तथा आगन्तुकको अनियन्त्रित प्रवेश, अन्डा बोक्ने क्रेटको उचित कीटाणुनाशक प्रयोग नहुनु तथा एउटै व्यक्तिले जीवित र मृत पन्छीको व्यवस्थापन गर्नु सङ्क्रमण फैलाउने मुख्य कारणका रूपमा देखिएका छन्।

» बाँकी पृष्ठ २ मा

## 'चलचित्र क्षेत्रको योगदान अमूल्य'



**सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिना**

**सुकृत नेपाल**
*काठमाडौँ, जेठ २७ गते*

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले कान्समा प्राप्त सफलता देशका लागि गौरवको विषय भएको बताउँदै नेपाली चलचित्र क्षेत्रले अपेक्षा गरेको परिवर्तनलाई व्यवहारमा अनुभूति हुने गरी कार्यान्वयन गर्न वर्तमान सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। नेपाली चलचित्रले विश्वमाझ नेपालको पहिचान स्थापित गर्न महत्त्वपूर्ण योगदान दिएको अवसरमा नेपाल पर्यटन बोर्ड र चलचित्र विकास बोर्डद्वारा बुधबार संयुक्त रूपमा आयोजना गरिएको विशेष कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले भन्नुभयो, "चलचित्र क्षेत्रको योगदान अमूल्य छ, आजको सम्मान वा पुरस्कारलाई रकमले मात्रै मापन गर्न सकिँदैन। यो चलचित्र समूहले देश र सरकारलाई एउटा अमूल्य उपहार दिएको अनुभूति भएको छ।" चलचित्र क्षेत्रको दीर्घकालीन विकासका लागि संसदीय समितिमा छलफलमा रहेको सम्बन्धित विधेयकलाई समयसापेक्ष र व्यावहारिक बनाउन चलचित्रकर्मीको सक्रिय सहभागिता आवश्यक रहेको उहाँले बताउनुभयो। कलाकार, निर्माता तथा सरोकारवालासँग संयुक्त छलफल गरेर सुझावलाई विधेयकमा समेटिने उहाँको भनाइ थियो।

» बाँकी पृष्ठ २ मा

# सुरु हुँदै फुटबल महाकुम्भ

लोकप्रियताका हिसाबले विश्वकप फुटबल सबभन्दा ठुलो खेल आयोजना हो । प्रत्येक चार वर्षमा आयोजना हुने विश्वकप अमेरिका, मेक्सिको र क्यानडामा संयुक्त रूपमा आयोजना हुँदै छ । यस पटक विश्वको कुल जनसङ्ख्यामध्ये ५८ प्रतिशतले विश्वकप हेर्ने अनुमान गरिएको छ ।

**प्रजित शाक्य**
*काठमाडौँ, जेठ २७ गते*

विश्वकै सबभन्दा लोकप्रिय खेल फुटबलको महाकुम्भ बिहीबार मध्यराति सुरु हुँदै छ। अहिले विश्वकपको ज्वरोबाट सबै रन्किएका छन्। विश्वकप खेल्ने मात्र होइन, विश्वकपमा उपस्थित नभएका देश पनि बिनाभेदभाव आआफ्नो टिमको समर्थन गर्नमा व्यस्त हुने छन्। नेपाल यसबाट अछुतो हुने कुरै भएन। नेपाल पनि अहिले विश्वकपमय भइसकेको छ।

विश्वभरका फुटबल समर्थक अहिले नै आफूलाई मनपर्ने फुटबल टिमको टिसर्ट लगाएर अथवा खेलाडीहरूको शैली 'कपी' गरेर विश्वकपको यस पर्वमा मस्त भइसकेका छन्। नेपालका ठुलासाना सहरका पसलमा आआफ्ना मनपर्ने टिमको जर्सी खरिद गर्ने बढेका छन्। होटल र रेस्टुरेन्टहरू पनि यस अवसरमा विशेष योजना बनाइरहेका छन्।

लोकप्रियताका हिसाबले विश्वकप फुटबल सबभन्दा ठुलो खेल आयोजना हो। प्रत्येक चार वर्षमा आयोजना हुने विश्वकप अमेरिका, मेक्सिको र क्यानडामा संयुक्त रूपमा आयोजना हुँदै छ। यस पटक विश्वको कुल जनसङ्ख्यामध्ये ५८ प्रतिशतले विश्वकप हेर्ने अनुमान गरिएको छ। त्यसैले विश्वको नजर एक महिनाभन्दा बढी समय अमेरिका, क्यानडा र मेक्सिकोका १८ भव्य रङ्गशालामा रहने छ। विश्वकप फुटबल तीन देशमा आयोजना हुन लागेको यो पहिलो पटक हो। यसअघि दुई देशले मात्र संयुक्त रूपमा विश्वकपको आयोजना गरेको इतिहास छ। विश्वकप २०२२ को आयोजना दक्षिण कोरिया र जापानले संयुक्त रूपमा गरेका थिए। विश्वकपको अर्को संस्करण पनि तीन देशमा संयुक्त रूपमा हुने पक्का भइसकेको छ। त्यसैले सन् २०३० का आयोजकहरू पोर्चुगल, स्पेन र मोरक्कोले सूक्ष्म रूपमा यस विश्वकपको अवलोकन गर्ने छन्।



जुन ११ मा मेक्सिकोको प्रसिद्ध 'एस्टाडियो एज्टेका' रङ्गशालामा घरेलु टिम र दक्षिण अफ्रिकाबिचको उद्घाटन खेल हुने छ। ३९ दिनको प्रतिस्पर्धापछि जुलाई १९ मा अमेरिकाको न्यु जर्सीको मेटलाइफ स्टेडियममा फाइनल हुने छ। त्यस रात अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र फिफा प्रमुख जियानी इन्फान्टिनोले विजेता देशलाई ट्रफी प्रदान गर्नुहुने छ।

फिफाले यसपालि विश्वकपमा ४८ टिमलाई सहभागी गराएको छ, जुन विगतमा भन्दा १६ राष्ट्र बढी हुन्। चार राष्ट्र केप भेर्डे, कुराकाओ, उज्बेकिस्तान र जोर्डन त नवप्रवेशी मात्र छन्। यसले प्रतियोगिताको समय मात्र होइन, यस पटक विश्वकप इतिहासमै सबैभन्दा बढी खेल पनि खेलिने भएको छ। विश्वकपमा कुल १०४ खेल हुन्छन्। अमेरिकामा सबैभन्दा बढी ७६ खेल खेलिने छ। जसमध्ये क्वाटरफाइनल, सेमिफाइनल र फाइनल पनि छन्। यसै गरी अमेरिकाका ११ सहर न्युयोर्क, बोस्टन, मियामी, फिलाडेल्फिया, एट्लान्टा, डालास, हस्टन, कानास, लस एन्जल्स, सान फ्रान्सिस्को र सियाटलका रङ्गशालामा विश्वकपको प्रतिस्पर्धा हुने छ। यसै गरी मेक्सिकोका तीन सहर मेक्सिको सिटी, मोन्टरेरी र गुवाडालाजारामा कुल १३ खेल खेलिने छ। क्यानडाको भागमा पनि १३ खेल परेका छन्। ती खेल टोरन्टो र भानकुभर सहरमा हुने छन्। मेक्सिको र अमेरिकासँग विश्वकप फुटबल आयोजनाको अनुभव छ। मेक्सिकोले सन् १९७० र १९८६ तथा अमेरिकाले सन् १९९४ मा विश्वको सबभन्दा ठुलो फुटबल प्रतियोगिताको आयोजना गरेको हो। क्यानडाले भने पहिलो पटक विश्वकप आयोजना गर्दै छ।

हुन त विश्वकप फुटबल जस्तो प्रतियोगितामा उपाधि विजेताको ठोकुवा गर्न सकिँदैन। तर विश्वकप मञ्चमा हुने श्रेष्ठताको लडाइँमा यसपालि स्पेन र फ्रान्सलाई प्रमुख उपाधि दाबेदारका रूपमा लिइएको छ। त्यसपछि गत विजेता अर्जेन्टिना, बेलायतलाई पनि विश्वकप जित्ने टिमका रूपमा आँकिएको छ। जर्मनी, पोर्चुगल, ब्राजिल, नेदरल्यान्ड्सलाई पनि दाबेदारीको सूचीबाट झिक्न मिल्दैन।

प्रसिद्धि कमाउने र आफूलाई महान् बनाउने ठुलो मञ्चमा नेमार, किलियन एमबापे, लामिने यमाल, ओसमान डेम्बेले, इर्लिङ हालान्ड, मोहम्मद सलाह जस्ता स्टार खेलाडी चम्किने अपेक्षा गरिएको छ। तर यसपालि पनि चर्चा लियोनेल मेसी र क्रिस्टियानो रोनाल्डोकै हुने पक्का छ। यस विश्वकपमा आधुनिक फुटबलका दुई महान् खेलाडी अर्जेन्टिनाका मेसी र पोर्चुगलका रोनाल्डोबिच पुनः उत्कृष्टताको लडाइँ हुने छ। यी दुवै अन्तिम पटक विश्वकप खेलिरहेको हुनाले भावनात्मक क्षण पनि पक्कै आउने छ। यी दुवै छैटौँ पटक विश्वकप खेल्ने तयारीमा छन्। तर ढल्किँदो उमेरमा यी दुईका लागि यो विश्वकप अग्निपरीक्षा नै हुने छ।

यसै गरी प्रत्येक संस्करणमा जस्तै चोटले अथवा आफ्नो टिम छनोट नहुँदा विश्वका केही उत्कृष्ट खेलाडी पनि यस पटक अभाग्यशाली साबित भएका छन्। विभिन्न कारणले अभाग्यशाली हुँदा फ्रान्सका ह्युगो इकिटिके, ब्राजिलका स्टार खेलाडीद्वय रोड्रिगो र इडर मिलिटाओ, जर्मनी तथा बायर्न म्युनिखका फरवार्ड सर्जी गाब्री, इङ्ग्ल्यान्डका कोल पाल्मर, फिल फोडेन, अर्जेन्टिनाका पाउलो डिबाला, पोल्यान्डका स्ट्राइकर रोबर्ट लेवान्डोस्की, जर्जियाका कभारा केभित्सखलिया र हङ्गेरीका डोमिनिक सोबोस्लाई जस्ता खेलाडी दर्शकमा सीमित भएका छन्।

विश्वकप सुरु हुनुअघि कूटनीतिक चिसोपना, यात्रा प्रतिबन्ध, कठोर आप्रवासन नीति, युद्धको भय जस्ता चुनौती पनि छन्। यस पटकको विश्वकपका टिकट अहिलेसम्मकै सबैभन्दा महँगा छन्। त्यसमाथि इरानसँगको युद्ध यस विश्वकपको सबैभन्दा जटिल पाटो हो। यसबाहेक अत्यधिक गर्मी पनि चुनौती हुने छ। यस विश्वपकमा कुल पुरस्कार राशि ६५५ मिलियन डलर रहेको छ। यो कतार विश्वकपको तुलनामा ४९ प्रतिशतले बढी हो। यस वर्ष च्याम्पियनले ५० मिलियन डलर प्राप्त गर्ने छ।

## » अन्तर्राष्ट्रिय

## दक्षिण अफ्रिकामा बाह्र जनाको हत्या

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

दक्षिण अफ्रिकामा गोली हानी १२ जनाको बीभत्स हत्या गरिएको छ। बन्दुकधारी समूहले क्लिभल्यान्डको बस्तीमा आक्रमण गरी १२ जनालाई गोली हानेर हत्या गरेको दक्षिण अफ्रिकी प्रहरीले बुधबार जनाएको छ। गोली लागेर अन्य नौ जना गम्भीर घाइते भएका छन्।

मङ्गलबार राति १० जनाभन्दा बढीको हतियारधारी समूह बस्ती प्रवेश गरी स्थानीय बासिन्दामाथि अन्धाधुन्ध गोली प्रहार गरेको अन्तर्राष्ट्रिय समाचार संस्था एएफपीले जनाएको छ। प्रारम्भिक अनुसन्धानले आक्रमणको परिणामस्वरूप १२ जनाको मृत्यु भएको प्रहरी अधिकृत दिमाकाट्सो नेभुहुल्वीले बताउनुभयो।

उहाँका अनुसार आठ जना पुरुष र तीन जना महिलाको घटनास्थलमै मृत्यु भएको र एक जनाको अस्पतालमा मृत्यु भएको थियो। यो आक्रमण राजधानी जोहानेसबर्ग सहरबाट छ किलोमिटर पूर्वमा रहेको क्लिभल्यान्ड क्षेत्रको सुकुमवासी बस्तीमा भएको थियो। हत्याको कारण थाहा हुन

» बाँकी पृष्ठ २ मा

## अग्रलेख



### निर्वाचन सुधारको मार्गचित्र

कुनै पनि निर्वाचनको मिति तोकिएपश्चात् त्यसको अन्तिम परिणाम घोषणा र निर्वाचन प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस नगरुन्जेलसम्म निर्वाचन आयोग सर्वाधिक व्यस्त हुने गर्छ।

• डा. जानकीकुमारी तुलाधर

» विचार पृष्ठ ४

# प्रधानमन्त्री शाहद्वारा भारतीय समकक्षीप्रति बधाई तथा शुभकामना

**राष्ट्रिय समाचार समिति**
*काठमाडौँ, जेठ २७ गते*

प्रधानमन्त्री वालेन्द्र शाहले भारतको सबैभन्दा लामो समय प्रधानमन्त्री पदमा रहनुभएकोमा भारतीय समकक्षी नरेन्द्र मोदीलाई बधाई ज्ञापन गर्नुभएको छ।

प्रधानमन्त्री शाहले बुधबार सामाजिक सञ्जाल एक्समार्फत भारतीय प्रधानमन्त्री मोदीको उक्त ऐतिहासिक उपलब्धिप्रति शुभकामनासमेत व्यक्त गर्नुभएको छ। उहाँले भन्नुभएको छ, "तपाईंको सुस्वास्थ्य एवं निरन्तर प्रगतिको कामनासहित भारतीय जनताको समृद्धिको शुभकामना व्यक्त गर्दछु।" प्रधानमन्त्री शाहले दुई देशबिच रहिआएको सम्बन्धको उच्च सम्मान गर्दै यसलाई थप सुदृढ गर्न आफू इच्छुक रहेको उल्लेख गर्नुभएको छ।

यसैबिच सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले भारतको इतिहासमै सबैभन्दा लामो समय निर्वाचित प्रधानमन्त्रीको इतिहास रच्नुभएका प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई दिनुभएको छ । प्रधानमन्त्री मोदीले बुधबार आफ्नो कार्यकालको चार हजार ३९९ दिन पूरा गर्दै भारतका प्रथम प्रधानमन्त्री जवाहरलाल नेहरूको चार हजार ३९८ दिनको रेकर्डलाई उछिनेर नयाँ कीर्तिमान कायम गर्नुभएको छ।

सोही अवसरमा सामाजिक सञ्जाल 'एक्स' मार्फत शुभकामना व्यक्त गर्दै सभापति लामिछानेले केही समय अघि भारतको राजधानी नयाँ दिल्लीमा प्रधानमन्त्री मोदीसँग भएको भेटवार्तालाई स्मरण गर्नुभएको छ । उहाँले उक्त भेटमा भएका महत्त्वपूर्ण छलफलले नेपाल–भारत सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।



तस्बिर : रासस
**ललितपुर महानगरपालिका–१९ स्थित इतिटोल लगनखेलमा वर्षा र सहकालका देवता रातो मत्स्येन्द्रनाथ र मीननाथ रथमा पूजाअर्चना गर्दै भक्तजन। लगनखेलमा रथ रहँदा स्थानीय नेवार समुदायले विशेष पूजाआजा गर्ने परम्परा छ।**

# सरकारी वेबसाइट पहुँचमैत्री

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

सरकारी निकायका वेबसाइटलाई सबै नागरिकका लागि सहज र समावेशी बनाउन पहुँचमैत्री उपकरण समावेश गरिएको सूचना तथा सञ्चार मन्त्रालयले जनाएको छ।

सरकारले सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी एक सयबुँदे कार्यसूचीको बुँदा नम्बर ३० मा सरकारी एप तथा पोर्टललाई अपाङ्गता भएका व्यक्ति र कम प्राविधिक ज्ञान भएका नागरिकले पनि चलाउन सक्ने गरी सरल बनाउने उल्लेख गरिएको थियो। डिजिटल सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्न तथा अपाङ्गता भएका व्यक्तिको सूचना प्राप्त गर्ने अधिकारलाई प्रभावकारी बनाउन सरकारले यो सुविधा कार्यान्वयनमा ल्याएको सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाको सचिवालयले जनाएको छ।

सूचना प्रविधि विभागका सूचना अधिकारी प्रकाश दवाडीले दृष्टिविहीन, न्यून दृष्टि भएका, रङ पहिचानमा समस्या भएका, पढाइसम्बन्धी कठिनाइ भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा विशेष आवश्यकता भएका प्रयोगकर्ताले सरकारी वेबसाइटको सामग्री अझ सहज रूपमा प्रयोग गर्न सक्ने गरी सबै सरकारी वेबसाइटमा पहुँचमैत्री उपकरण (एक्सेसिबिलिटी टुल) राखिएको जानकारी दिनुभयो।

अहिले सरकारी वेबसाइट खोलिसकेपछि तलपट्टि मध्यभागमा 'एक्सेसिबिलिटी टुल आइकन' भेटिन्छ । यो सुविधाबाट प्रयोगकर्ताले आफ्नो आवश्यकता अनुसार वेबसाइटको स्वरूप तथा सामग्री समायोजन गर्न पाउँछन् । जस्तै सजिलैसँग अक्षरको आकार सानो वा ठुलो बनाउने, वेबसाइटमा रहेका अक्षर तथा शब्द र पृष्ठभूमिबिचको भिन्नता

**सञ्चारक्षेत्रको प्रगति**

बढाएर सामग्री स्पष्ट रूपमा देख्न सहयोग गर्ने जस्ता 'टुल' हरू त्यहाँ राखिएका छन्।

त्यसै गरी विभिन्न प्रकारका रङ फिल्टर प्रयोग गर्न सकिने, अक्षर तथा हरफबिचको दुरी समायोजन गर्न सकिने, फन्ट छान्न सक्नेलगायतका व्यवस्था गरिएको छ। वेबसाइट चलाउँदा प्रयोगकर्तालाई थप सहज बनाउन 'माउस कर्सर' लाई सानो वा ठुलो बनाउन सक्ने, वेबसाइटका सबै तस्बिर लुकाएर अक्षर मात्र पढ्न मिल्ने बनाउने, चलायमान दृश्य तथा एनिमेसन रोक्न सकिनेलगायतका सुविधा राखिएका छन्।

सूचना प्रविधि विभागका अनुसार अन्तर्राष्ट्रिय मापदण्डका रूपमा रहेको 'वेब कन्टेन्ट एक्सेसिबिलिटी गाइडलाइन' (डब्लुसिएजी) अनुरूप विकास गरिएका यी वेबसाइट किबोर्डको प्रयोगबाट मात्र पनि सहज रूपमा सञ्चालन गर्न सकिने छ। सरकारी वेबसाइटमा राखिएको 'स्किप नेभिगेसन' लिङ्कको व्यवस्थाले किबोर्ड तथा स्क्रिन रिडर प्रयोगकर्तालाई सिधै मुख्य विषयवस्तुमा पुग्न सहयोग पुर्याउँछ भने महत्त्वपूर्ण तस्बिर, लोगो तथा सेवासम्बन्धी सामग्रीमा रहेको 'अल्ट टेक्स्ट' ले दृष्टिविहीन प्रयोगकर्तालाई सामग्री बुझ्न अत्यन्त सहज बनाएको छ।

त्यसै गरी फाराम भर्ने क्रममा देखिने त्रुटि सन्देश (इरर म्यासेज) र सुझाव सजिलै सुन्न र बुझ्न मिल्ने गरी वेबसाइट तयार पारिएको विभागले जनाएको छ। सर्च तथा सम्पर्क फाराम जस्ता 'इनपुट' क्षेत्रमा स्पष्ट नाम र सङ्केत राखिएकाले 'स्क्रिन रिडर' प्रयोगकर्तालाई थप सहज हुने छ । किबोर्ड प्रयोगकर्ताले आफू वेबसाइटको कुन स्थानमा छु भन्ने स्पष्ट रूपमा थाहा पाउन सक्ने छन्।

यसअघि गत वैशाखमा विभागले अपाङ्गतामैत्री सुविधासहित सञ्चालित सरकारी एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली अद्यावधिक गर्नेसम्बन्धी तालिम दिएको थियो । विभिन्न मन्त्रालय तथा विभागका कर्मचारीलाई लक्षित गरी उक्त तालिम सञ्चालन गरिएको मन्त्रालयले जनाएको छ।

# विपन्न नागरिकका लागि दस प्रतिशत निःशुल्क शय्या अनिवार्य

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले आर्थिक अभावका कारण उपचारबाट वञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्न देशभरका अस्पतालमा विपन्न तथा असहाय नागरिकका लागि अनिवार्य रूपमा १० प्रतिशत शय्या छुट्याउने व्यवस्था लागु गरेको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका सचिव डा. विकास देवकोटाले मन्त्रालयले जारी गरेको नयाँ कार्यविधि अनुसार अब अस्पतालले आफ्नो कुल स्वीकृत शय्याको कम्तीमा १० प्रतिशत हिस्सा लक्षित वर्गका बिरामीका लागि सुरक्षित राख्नुपर्ने जानकारी दिनुभयो । डा. देवकोटाका अनुसार ती शय्यामा उपचार गराइरहेका बिरामीबाट कुनै प्रकारको शुल्क लिन नपाइने व्यवस्था गरिएको छ।

सचिव देवकोटाले स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत 'लक्षित वर्ग निःशुल्क उपचार पोर्टल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३' ले निःशुल्क उपचार सेवाको कार्यान्वयनलाई थप व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने दाबी गर्नुभयो । कार्यविधि अनुसार लक्षित वर्गका बिरामीले अस्पतालमा उपलब्ध हुने नियमित स्वास्थ्य सेवामा अन्य बिरामी सरह समान पहुँच पाउने छन् । उपचारका क्रममा शय्या शुल्क, चिकित्सक परामर्श, शल्यक्रिया, प्रयोगशाला परीक्षण, औषधी तथा अन्य आवश्यक स्वास्थ्य सेवाबापत कुनै रकम लिन पाइने छैन।

मन्त्रालयका सूचना अधिकारी डा. भक्त केसीले आकस्मिक अवस्थामा आवश्यक कागजात तत्काल उपलब्ध गराउन नसकिए पनि उपचार सेवा नरोकिने जानकारी दिनुभयो। यस्तो अवस्थामा बिरामीले स्वघोषणा फाराम भरेर उपचार सुरु गर्न सक्ने छन्।

# प्रतिष्ठान पुनर्संरचना गर्न सिफारिस

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

सरकारले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई पुनर्संरचना गर्ने भएको छ । नेपाल सरकार अन्तर्गत रहेका बोर्ड समिति, आयोजना तथा अन्य संस्थागत संरचनाको खारेजी, एकीकरण तथा पुनर्संरचना सिफारिस उच्चस्तरीय कार्यदलले दिएको प्रतिवेदनमा प्रतिष्ठानलाई पुनर्संरचना गर्न सरकारलाई सिफारिस गरिएको हो।

भूमि, व्यवस्था, सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानलाई पुनर्संरचना गर्न कार्यदलले सरकारलाई सिफारिस गरेको जनाएको छ। प्रतिष्ठान स्थापनाको मूल उद्देश्यसँग सम्बन्धित धेरै कार्य आदिवासी जनजाति आयोगबाट समेत हुने गरेकाले कामको दोहोरोपना हटाउन तथा वित्तीय भार घटाउने गरी यस प्रतिष्ठानलाई पुनर्संरचना गर्न उपयुक्त हुने भनेर कार्यदलले सरकारलाई सिफारिस गरेको हो । मन्त्रालयका उपसचिव विष्णुकुमारी भुसालले आदिवासी जनजाति प्रतिष्ठान पुनर्संरचना नै हुने बताउनुभयो।

# अति आवश्यक सेवामा बन्द हडताल गर्न नपाइने

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

अब अति आवश्यक सेवा क्षेत्रमा हडताल वा बन्द गर्न नपाइने भएको छ । सरकारले 'आवश्यक सेवा सञ्चालन ऐन, २०१४' को अधिकार प्रयोग गरी इन्टरनेटसहित २५ वटा अति आवश्यक सेवा क्षेत्रमा हडताल वा बन्द गर्न पूर्ण रूपमा निषेध गरेको छ । नागरिकको दैनिक जीवन र राष्ट्रिय सुरक्षामा प्रत्यक्ष असर पर्ने भएकाले यी क्षेत्रमा सेवा अवरुद्ध गर्न नपाइने बताइएको छ।

सरकारले राजपत्रमा जेठ २५ गते सूचना प्रकाशित गरी आवश्यक सेवामा हडताल निषेध गरेको हो । आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी हडताल निषेध गरिएको सूचनामा उल्लेख छ । सरकारले डाँक, तार वा टेलिफोन सेवा, जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामान ओसारपसार गर्ने यातायात सेवा क्षेत्रमा हडताल गर्न निषेध गरिएको सूचनामा उल्लेख गरिएको छ । त्यसै गरी हवाई अड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा, हवाई ग्राउन्ड, रेलवे स्टेसन वा सरकारी गोदाममा मालसामान ओसारपसार गर्ने वा राख्ने, झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवामा हडताल वा बन्द गर्न नपाइने सूचनामा उल्लेख छ।

त्यसै गरी प्रिन्ट वा सरकारी छापाखानासम्बन्धी सेवा, हातहतियार खरखजाना वा अरू कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा, सञ्चार सेवा, आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा, खानेपानीको सञ्चालन तथा वितरण सेवा, पर्यटन आवास, मोटेल, होटेल रेस्टुराँ र रिसोर्टसम्बन्धी सेवा, पेट्रोलियम पदार्थ (एलपी ग्याससमेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवा, अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालनसम्बन्धी सेवा (एम्बुलेन्स सेवा जस्ता सेवा) र औषधी निर्माण तथा बिक्रीवितरणसम्बन्धी सेवामा हडताल वा बन्द गर्न पूर्ण रूपमा निषेध गरिएको हो।

फोहोरमैलाको सङ्कलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा, बैङ्किङ सेवा, बिमा सेवा, विद्युत् सेवा क्षेत्रमा बन्द हडताल गर्न नपाइने राजपत्रको सूचनामा स्पष्ट पारिएको हो।

त्यसै गरी दैनिक उपभोग्य वस्तु (खाद्यान्न, दाल, चामल, नुन, तेल) को पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवा, मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा, मास्कसम्बन्धी सेवा, ह्यान्ड सेनिटाइजरसम्बन्धी सेवा, भेटेरिनरी सेवा, कन्सुलर सेवा विभागबाट प्रदान हुने सेवा, राहदानी विभागबाट प्रदान हुने सेवा र इन्टरनेट सेवा क्षेत्रमा हडताल वा बन्द गर्न नपाइने सूचनामा स्पष्ट व्यवस्था गरिएको हो।

# उपकुलपतिमा नौ जनाको सङ्क्षिप्त सूची

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

नेपाल संस्कृत विश्वविद्यालयको रिक्त उपकुलपतिमा आवेदन दिएकामध्ये नौ जनाको नाम सङ्क्षिप्त सूचीमा समावेश गरिएको छ । उक्त विश्वविद्यालयको उपकुलपति छनोट तथा सिफारिस समितिले नौ जनाको नाम सार्वजनिक गरेको हो।

समितिको सिफारिसमा शिक्षा तथा खेलकुद मन्त्रालयले सार्वजनिक गरेको सूचीमा ऋषिराम रेग्मी, गुरुप्रसाद सुवेदी, जयन्त आचार्य, देवमणि भट्टराई, कार्तिकेय झा, शालिग्राम सुवेदी, भीमप्रसाद खतिवडा, रमेश घिमिरे र मुकुन्दप्रसाद लामिछाने छन् । सङ्क्षिप्त सूचीमा परेकाको प्रस्तुति र अन्तर्वार्ताका आधारमा सिफारिस समितिले तीन जनाको नाम उपकुलपतिमा नियुक्तिका लागि कुलपतिसमेत रहेका प्रधानमन्त्रीसमक्ष पेस गर्ने छ। प्रधानमन्त्रीले एक जनालाई उपकुलपतिमा नियुक्त गर्ने छन्।

## दक्षिण अफ्रिकामा...

सकेको छैन। प्रहरीले आक्रमणकारीको खोजी कार्य जारी रहेको समाचारमा जनाइएको छ। क्लिभल्यान्ड क्षेत्र अवैध सुन खानी उत्खननसँग जोडिएको क्षेत्र हो। त्यहाँ अवैध खानी सञ्चालन गर्ने गिरोहबिचको आपसी दुस्मनी र वर्चस्वको लडाइँका कारण यस्ता हिंसाका घटना हुने गरेको समाचारमा जनाइएको छ। नेभुहुल्वीले आक्रमणको उद्देश्य अझै थाहा नभएको र अहिलेसम्म कसैलाई पक्राउ नगरिएको बताउनुभयो।

# जिल्ला भूमि समस्या समाधान समिति गठन

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

सरकारले भूमिसम्बन्धी विवाद तथा समस्या व्यवस्थापन गर्न प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सात सदस्यीय जिल्ला भूमि समस्या समाधान समिति गठन गरेको छ । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत जिल्लामा पठाइएको परिपत्र अनुसार मन्त्रीस्तरीय निर्णयबाट प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सात सदस्यीय समिति गठन गरिएको उल्लेख गरिएको छ।

समितिमा प्रमुख जिल्ला अधिकारीले तोकेको स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत, जिल्ला समन्वय अधिकारी, जिल्ला सदरमुकाममा रहेका भूमि प्रशासन कार्यालय प्रमुख, डिभिजन वन कार्यालय प्रमुख तथा जिल्ला प्रशासन कार्यालयका एक अधिकृत सदस्य रहने व्यवस्था गरिएको छ । नापी कार्यालय प्रमुखलाई समितिको सदस्यसचिवको जिम्मेवारी दिइएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका सूचना अधिकारी राजेन्द्रप्रसाद गौतमले प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सात सदस्यीय समिति रहने गरी जिल्ला भूमि समाधान समितिलाई परिपत्र गरिएको जानकारी दिनुभयो।

यसअघि भूमि समस्या समाधान आयोग केन्द्र र जिल्लास्तरमा राजनीतिक नियुक्तिका आधारमा सञ्चालन हुँदै आएको थियो तर सरकारले हालै अध्यादेशमार्फत उक्त आयोग खारेज गरेपछि नयाँ संरचना अनुसार कर्मचारी संयन्त्रमार्फत समिति बनाएको हो। सरकारले नवगठित जिल्ला समितिलाई स्थानीय तहमा देखिएका भूमिसम्बन्धी समस्या पहिचान गरी समाधानका लागि आवश्यक प्रक्रिया अघि बढाउन निर्देशन गरेको छ।

## बर्डफ्लुले पोल्ट्री...

विभागका अनुसार सङ्क्रमण नियन्त्रणका लागि नियमित निगरानी, सरसफाइ, कीटाणुनाशक छर्कने कार्य तथा सङ्क्रमित क्षेत्रको नियन्त्रण बर्डफ्लु नियन्त्रण नियमावली, २०७८ अनुसार निरन्तर सञ्चालन भइरहेको छ। सरकारले सङ्क्रमण पूर्ण रूपमा नियन्त्रणमा आएपछि प्रभावित किसान र व्यवसायीलाई राहत उपलब्ध गराउने तयारी गरेको छ।

बर्डफ्लु नियन्त्रणमा आएपछि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा बैठक बसेर क्षतिको मूल्याङ्कन गरिने छ। त्यसका आधारमा किसान तथा व्यवसायीलाई भएको क्षतिको ७५ प्रतिशतसम्म क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था रहेको पशु सेवा विभागले जनाएको छ।

पोल्ट्री क्षेत्र नेपालको कृषि अर्थतन्त्रको महत्त्वपूर्ण आधारमध्ये एक मानिन्छ। सङ्क्रमण नियन्त्रण प्रभावकारी रूपमा हुन नसकेमा उत्पादन, रोजगारी र खाद्य सुरक्षामै दीर्घकालीन असर पर्ने सरोकारवालाहरूले चेतावनी दिएका छन्।

## परराष्ट्रमन्त्री चीन...

विगतको सगरमाथा संवाद र प्रोफेसर यदुनाथ खनाल प्रवचन कार्यक्रमलाई निरन्तरता दिइने छ। आफ्नो भारत भ्रमण प्रभावकारी र उपलब्धिमूलक भएको उल्लेख गर्दै उहाँले सबै विषयमा घनिभूत छलफल भएको अवगत गराउनुभयो।

परराष्ट्रसचिव अमृतबहादुर राईले द्रुततर गतिमा परिवर्तन भइरहेको विश्व परिवेशलाई पर्गेल्दै नेपालको राष्ट्रहितमा काम गर्ने सुनौलो अवसर अहिले सिर्जना भएको प्रस्ट पार्नुभयो। मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्रीले मन्त्रालयको कामकारबाही र सरकारले लिएको सुशासन कार्यान्वयनलाई प्राथमिकता दिइएको बताउनुभयो।

## 'चलचित्र क्षेत्रको...

"तपाईंहरूको जीवन र लगानी जोडिएको यो क्षेत्रलाई उचाल्न विधेयकलाई कस्तो ऐनका रूपमा अगाडि बढाउनु पर्छ भन्ने विषयमा सरकारका तर्फबाट म हरसम्भव प्रयास गर्ने छु," उहाँले भन्नुभयो, "समितिसँग पनि आवश्यक समन्वय र संवाद गरेर अघि बढ्न सकिन्छ।" देशको पहिचान, संस्कृति र आवाज बोल्ने गुणस्तरीय चलचित्र निर्माणलाई प्रोत्साहन गर्न चालु आर्थिक वर्षमा सरकारले करिब साढे तीन करोड रुपियाँ बजेट विनियोजन गरेको जानकारी दिँदै मन्त्री तिमिल्सिनाले त्यसको सकारात्मक परिणामका आधारमा आगामी वर्ष थप बजेट वृद्धि गर्न पहल गरिने बताउनुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले 'इलिफेन्टस् इन द फग' ले अन्तर्राष्ट्रिय मञ्चमा नेपाललाई चिनाउने महत्त्वपूर्ण काम गरेको भन्दै चलचित्र टोलीको योगदानप्रति उच्च सम्मान व्यक्त गर्नुभयो। पछिल्ला वर्षहरूमा नेपाली चलचित्रले ठुलो फड्को मारिरहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "धेरैको सपना रहने अन्तर्राष्ट्रिय मञ्चमा यो चलचित्रले नेपाललाई चिनाएको छ। यस सफलताले समग्र नेपाली चलचित्र क्षेत्रलाई थप प्रेरणा दिएको छ।"

कार्यक्रममा 'इलिफेन्टस् इन द फग' को निर्माण तथा कलाकार समूहलाई नगद दुई लाख ५० हजारसहित सम्मान गरिएको थियो। सम्मान ग्रहणपछि चलचित्रका निर्देशक अविनाशविक्रम शाहले यो उपलब्धि व्यक्तिगत नभई सम्पूर्ण नेपाली चलचित्रकर्मीको साझा सफलता भएको बताउनुभयो। उहाँले भन्नुभयो, "आज म देशभरिका मेरा सहकर्मीहरूलाई सम्झिरहेको छु। चलचित्र भनेको केवल मनोरञ्जनको माध्यम मात्र होइन, यो हाम्रो संस्कृति, पहिचान र कथाहरू संसारसमक्ष पुर्याउने सशक्त माध्यम पनि हो।

नेपाल पर्यटन बोर्डका वरिष्ठ निर्देशक हिक्मतसिंह ऐरले चलचित्रको अन्तर्राष्ट्रिय सफलताले नेपालको पर्यटन प्रवर्धनमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्नुभयो। चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले नेपाली चलचित्र उद्योगको भविष्यप्रति आशावादी रहेको बताउँदै वर्तमान सरकारले चलचित्र क्षेत्रलाई प्राथमिकताका साथ अघि बढाएकोमा धन्यवाद व्यक्त गर्नुभयो। निर्देशक शाहकै लेखनसमेत रहेको चलचित्रले नेपालको ग्रामीण भेगको एउटा यथार्थपरक र संवेदनशील कथालाई पर्दामा उतारेको छ। चलचित्रमा जङ्गली हात्तीको आतङ्क र त्यसबाट निरन्तर आक्रान्त बनिरहेको एउटा दुर्गम बस्तीको कथा छ।

### चलचित्र विधेयक पेस

यसैबिच सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले प्रतिनिधि सभाको बुधबारको बैठकमा 'राष्ट्रिय सभामा उत्पत्ति भएको चलचित्र विधेयक, २०८२ दफावार छलफलका लागि सम्बन्धित समितिको बैठकमा पठाइयोस् भन्ने प्रस्ताव पेस गर्नुभएको छ। बैठकले उक्त प्रस्ताव सर्वसम्मतिले स्वीकृत गरेको छ।

सरकारले २०२६ सालदेखि कार्यान्वयनमा रहेको पुरानो चलचित्र ऐनलाई समयसापेक्ष परिमार्जन गर्दै सङ्घीय संरचना, समावेशिता र नयाँ प्रविधि अनुकूल नयाँ कानुनी व्यवस्था आवश्यक रहेको भन्दै नयाँ विधेयक अघि बढाएको हो। चलचित्र क्षेत्रलाई केवल मनोरञ्जनको माध्यम नभई सामाजिक, सांस्कृतिक तथा सिर्जनशील उद्योगका रूपमा विकास गर्न नयाँ ऐन आवश्यक रहेकाले यो विधेयकलाई सञ्चार मन्त्रालयले अघि बढाएको हो।

चलचित्रमार्फत नेपाललाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा प्रवर्धन गर्ने, स्वदेशी तथा विदेशी चलचित्र प्रदर्शनअघि अनिवार्य जाँचको व्यवस्था गर्ने तथा नेपाली चलचित्रको विकास, विस्तार, प्रवर्धन र नियमनलाई प्रभावकारी बनाउने उद्देश्यले विधेयक ल्याइएको हो।

त्यसै गरी विधेयक तयार पार्दा नेपालको संविधान, राष्ट्रिय आमसञ्चार नीति, २०७३ तथा राष्ट्रिय चलचित्र नीति, २०७१ लाई आधार बनाइएको जनाइएको छ। संविधानको व्यवस्था अनुसार सामाजिक तथा सांस्कृतिक रूपान्तरणसम्बन्धी नीतिमा भाषा, लिपि, संस्कृति, साहित्य, कला, चलचित्र र सम्पदाको संरक्षण तथा विकास गर्ने नयाँ कानुन आवश्यक रहेको जनाइएको छ।

**ए.पी.एफ.नेपाल इन्स्टिच्युट अफ हेल्थ साईन्सेस**
**बलम्बु, काठमाडौं**

**प्रमाणपत्र तह नर्सिङ कार्यक्रमको पूर्ण शुल्कीय तर्फ रिक्त सिटहरुमा छनौटका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना**

**(सूचना प्रकाशित मिति २०८३।०२।२८ गते।)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३।०१।२८ गते प्रकाशित सूचना अनुसार मिति २०८३।०२।१३ गतेसम्म यस इन्स्टिच्युट अफ हेल्थ साईन्सेसमा पूर्ण शुल्कीयतर्फ प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रममा अध्ययनको लागि फाराम बुझाएका विद्यार्थीहरु मध्ये मिति २०८३।०२।१८ गते यस इन्स्टिच्युटबाट प्रकाशित नतिजा अनुसार मुख्य उम्मेदवारहरुको रुपमा छनौट भई भर्नाको लागि सिफारिस गरिएका उम्मेदवारहरु मध्ये देहायका कोटामा भर्ना हुन नआई सिट रिक्त रहेको हुदा उत्तिर्ण योग्यताक्रम सूचिमा रहेका उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा आई रितपूर्वक निवेदन दिनुहुन अनुरोध गरिएको छ । साथै योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुबाट "शैक्षिक सत्र २०८३/०८४ का लागि प्रवेश प्रक्रिया, भर्ना र रजिस्ट्रेसन सम्बन्धी कार्य संचालन मार्गदर्शन" बमोजिम छनोट गरी भर्ना गरिने व्यहोरा जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ | पूर्ण शुल्कीय | ६ |
| २ | | पुरुष | १ |
| ३ | | पुर्व सशस्त्र प्रहरी सन्तती | १ |
| ४ | | TSLC | १ |

**गुठी संस्थान शाखा कार्यालय, काठमाडौं कालमोचनको हकदाबी सम्बन्धी ३५ दिने सूचना।**

उल्लिखित विषयमा म निवेदक महेश खड्काको पिता लिला बहादुर खड्काको मिति ०५५।१०।१५ मा, आमा पदम कुमारी खड्काको मिति २०५०।१।१५ मा आ–आफ्ना कालगतिले परलोक हुनुभई निज बाबु आमाको शेष पछिका हकदारहरूमा हामी २ दाजु भाइमा रमेश कुमार खड्का १ र महेश कुमार खड्का १ समेत जना २ मात्र भएको हुँदा बुबा लिला बहादुर खड्काका नाउँमा मोही कायम रहेको का.जि. गागलफेदी गा.वि.स. वडा नं. ५/क कि.नं. ८ र २० को क्षे.फ. २–०–२–० र ०–४–०–० जग्गाको मोही नामसारी गरी मोहीयानी हकको प्रमाणपत्र उपलब्ध गरी पाऊँ भनी महेश कुमार खड्का समेतको यस कार्यालयमा निवेदन पेश हुन आएको। फिल्डबुकको किसानको नामथरमा लीला बहादुर खड्का का.ई. भीमसेनटार, यो जग्गा कालमोचन गुठी हो, मेरो हकभोगको जग्गा हो उल्लेख, कैफियतमा ११ नं. चक्रमुक्तेश्वर गुठीको मोही गणेश बहादुर क्षेत्रीबाट हक खाने लीला बहादुर उल्लेख देखिएको। मालपोत कार्यालयबाट मोठ स्रेस्ता २ नं. अनुसूचीमा मोही लिला बहादुर खड्का जग्गाधनी कालमोचन गुठी दर्ता बाँकी भनी लेखी आएको देखिएकोले दर्ता प्रक्रिया बमोजिम गो.प. मा हकदाबी सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ। निज निवेदकको नाउँमा मोही नामसारी/जग्गा दर्ता गर्न नपर्ने कुनै कारण भएमा, निवेदन माग बमोजिम मोही ना.सा. गरी ज.ध.प्र. पुर्जा दिँदा अन्य कोही कसैको हक स्वामित्वमा असर पर्न जाने भए वा उक्त कित्ता जग्गा निवेदक बाहेक अन्य कोही कसैको हक भोगको जग्गा भए यो सूचना प्रकाशित भएको ३५ (पैँतीस) दिनभित्र स–प्रमाण सहित हकदाबी गर्न आउनुहोला। अन्यथा नियमानुसार भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ।

**श्री शहीद स्मृति आवासीय माध्यमिक विद्यालय**
**दिपायल, सिलगढी न.पा.–४, राजपुर, डोटी**

**शिक्षक आवश्यकता सम्बन्धी सूचना।**

उपरोक्त विषय सम्बन्धमा शहीद प्रतिष्ठान नेपालद्वारा सञ्चालित यस श्री शहीद स्मृति आवासीय माध्यमिक विद्यालय राजपुर, डोटीमा रिक्त रहेको आवासीय माध्यमिक तह अङ्ग्रेजी शिक्षक नियुक्तिका लागि मिति २०८३।०२।२७ गते बसेको वि.व्य.स. को निर्णय नं. १६ बमोजिम विज्ञापन गर्ने निर्णय भएको हुँदा तोकिएको शैक्षिक योग्यता भएका उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदन दिनुहुन यसै सूचना मार्फत सम्पूर्णलाई जानकारी गरिन्छ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नं. | पद | श्रेणी | विषय | दरबन्दीको किसिम | शैक्षिक योग्यता | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| १ | ००१/०८३ | मा.वि. शिक्षक | तृतीय | अङ्ग्रेजी | करार | अङ्ग्रेजी मूल विषय लिई स्नातकोत्तर (MED/MA) उत्तीर्ण गरेको र मा.वि. तहको अध्यापन अनुमति पत्र भएको | १ |

**अन्य कागजातहरू**

- **नागरिकताको प्रतिलिपि,**
- **शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपि,**
- **पासपोर्ट साइजको फोटो २ प्रति,**
- **हस्तलिखित निवेदन,**
- **परीक्षाको किसिम– लिखित, मौखिक र कक्षा अवलोकन,**
- **सेवासुविधा– नेपाल सरकारले तोके अनुसार,**
- **उमेर– १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको,**
- **परीक्षा दस्तुर– रु. १,००० यस विद्यालयको नाममा रहेको रा.वा. बैंक दिपायल शाखाको च.हि.नं. ४३००१०००१०५९००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा अनलाइन पेमेन्ट भौचर,**
- **परीक्षाको भाषा– अङ्ग्रेजी र नेपाली दुबै,**
- **परीक्षा हुने मिति– पछि प्रकाशित गरिनेछ,**
- **पाठ्यक्रम– नेपाल सरकारले तोके अनुसारको।**

**थप जानकारीका लागि प्र.अ. ९८४८५६६२४६/लेखापाल : ९८६७२५४८८९**

**- प्रधानाध्यापक**

# ‘अपराध अनुसन्धानमा प्रहरीलाई प्रविधिमैत्री बनाउनु आवश्यक’

**मकवानपुर समाचारदाता**
*मकवानपुर, जेठ २७ गते*

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रहरीलाई अपराध अनुसन्धानमा दक्ष र प्रभावकारी बनाउन प्रविधिमैत्री बनाउनु आवश्यक रहेको बताउनुभएको छ। नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागको आयोजना एवं बागमती प्रदेश प्रहरी कार्यालय, हेटौँडाको संयोजनमा बुधबार हेटौँडामा भएको बागमती प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा कार्यक्रममा बोल्दै उहाँले सीमित स्रोतसाधनबिच प्रहरी सङ्गठनले काम गर्दै आएको बताउनुभयो।

“डिएनए परीक्षणका लागि अहिले सात वर्ष कुनुपर्ने अवस्था छ। प्रहरी सङ्गठनलाई प्रदेश सरकारमातहत रहने गरी अधिकार दिएको भए प्रहरीलाई प्रविधिमैत्री बनाउन लगानी गर्न सकिन्थ्यो,” उहाँले भन्नुभयो, “तर खरिद प्रक्रियालगायतका कारण प्रदेश सरकारले प्रहरीका लागि भौतिक पूर्वाधार र प्रविधिमैत्री बनाउन काम गर्न नसक्ने अवस्था छ।”

प्रहरीप्रति जनविश्वास बढाउनु आवश्यक रहेको बताउँदै उहाँले अपराध अनुसन्धानलाई प्रभावकारी बनाइनुपर्नेमा जोड दिनुभयो। उहाँले प्रहरीलाई कार्यसम्पादन, अपराध अनुसन्धानमा



**मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ।**

प्रविधिमैत्री बनाउन सहयोग गर्न प्रदेश सरकार आतुर रहेको भन्दै प्रहरी सङ्गठनलाई बागमती प्रदेश सरकारले हालसम्म एक अर्ब रुपियाँभन्दा बढी सहयोग गरेको बताउनुभयो।

बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री शिवराज अधिकारीले प्रदेश सरकारले प्रहरी सङ्गठनलाई सुविधासम्पन्न बनाउन सहयोग गर्दै आएको र यसले निरन्तरता पाउने भन्दै अपराध अनुसन्धानलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो। नेपाल प्रहरीका अतिरिक्त प्रहरी महानिरीक्षक सुशीलसिंह राठौरले प्रविधिको विकासले शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा परिवर्तन ल्याएको भन्दै प्रविधिको दुरुपयोगले अपराध बढ्दै गएको बताउनुभयो।

नेपालमा पछिल्लो समयमा साइबर अपराध, बैङ्किङ ठगीका घटना बढेको उहाँले बताउनुभयो। मकवानपुरका प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले अनुसन्धानको गुणस्तरले न्यायप्रतिको विश्वसनीयता कायम राख्ने बताउनुभयो। कार्यक्रममा बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाका प्रहरी नायब उपरीक्षक दीपक रेग्मी, उच्च सरकारी वकिलको कार्यालयका सहन्यायाधिवक्ता पूजा खत्री, नेपाल प्रहरीको अपराध अनुसन्धान विभागका वरिष्ठ प्रहरी उपरीक्षक मुकुन्द मरासिनी, नेपाल पत्रकार महासङ्घ बागमती प्रदेश समितिका अध्यक्ष कृष्ण सारूमगरलगायतले पछिल्लो समय अपराध बढेको भन्दै अपराध अनुसन्धानलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

# स्थानीय तहलाई सङ्घीय अनुदान

**चितवन समाचारदाता**
*चितवन, जेठ २७ गते*

आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय सरकारले चितवनका सात वटै स्थानीय तहलाई विभिन्न शीर्षकमा अनुदान उपलब्ध गराउने भएको छ। वित्तीय समानीकरण, ससर्त, समपूरक तथा विशेष अनुदान अन्तर्गत चितवनका पालिकाले बजेट प्राप्त गरेका हुन्। प्राप्त विवरण अनुसार भरतपुर महानगरपालिकाले सबैभन्दा बढी दुई अर्ब पाँच करोड १७ लाख अनुदान प्राप्त गर्ने भएको छ। चितवनको एक मात्र महानगरपालिकाका रूपमा रहेको भरतपुरले जिल्लाका अन्य स्थानीय तहको तुलनामा निकै ठुलो हिस्सा पाएको हो।

यस्तै रत्ननगर नगरपालिकाले ५८ करोड ३४ लाख, राप्ती नगरपालिकाले ५३ करोड पाँच लाख तथा माडी नगरपालिकाले ५० करोड २६ लाख रुपियाँ अनुदान प्राप्त गर्ने भएका छन्। खैरहनी नगरपालिकाले ४५ करोड ९५ लाख, कालिका नगरपालिकाले ४४ करोड ६८ लाख। चितवनको एक मात्र गाउँपालिका इच्छाकामनाले ३८ करोड ५९ लाख अनुदान प्राप्त गर्ने छन्। सङ्घीय सरकारले अन्तरसरकारी वित्तीय हस्तान्तरण अन्तर्गत उपलब्ध गराउने वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदानका हुन्। यसबाहेक स्थानीय तहले प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँट तथा आफ्नै आन्तरिक स्रोतबाट सङ्कलन हुने आम्दानीसमेत जोडेर आगामी आवको पूर्ण बजेट तर्जुमा गर्ने छन्।

सरकारले दिएको बजेट गत वर्षको भन्दा यस वर्ष घटेर आउने भएको इच्छाकामना गाउँपालिकाका अध्यक्ष दानबहादुर गुरुङले बताउनुभयो। तलब, भत्ता, इन्धन खर्चलगायतमा गत वर्ष आए जस्तै गरी आउने रकममा समेत यस वर्ष घटेर आउने भएको उहाँले बताउनुभयो। पालिकामा सञ्चालन हुने गरी विभिन्न शीर्षकमा ठुला आयोजना निर्माणमा भन्दै गत वर्ष २७ करोड रुपियाँ केन्द्र सरकारका विभिन्न निकायबाट आएको थियो तर यस वर्ष त्यसरी आउने रकम एक रुपियाँ पनि नभएको बताउनुभयो। केन्द्र, प्रदेश र स्थानीय गरी पालिकाले एक अर्ब रुपियाँ बजेट सञ्चालन गरेकामा यस वर्ष धेरै रकम खुम्चिएर बजेट बन्ने उहाँले जानकारी दिनुभयो।

स्थानीय तहले आगामी असार १० भित्र नगर सभा तथा गाउँ सभामार्फत वार्षिक नीति, कार्यक्रम र बजेट सार्वजनिक गर्ने तयारी गरेका छन्।

# चार्जिङ स्टेसनको माग बढ्दो



**भरतपुर बसपार्कमा रहेको स्टेसनमा चार्ज गरिँदै सवारीसाधन।** *तस्बिर : शालिग्राम नेपाल*

**चितवन समाचारदाता**
*चितवन, जेठ २७ गते*

विद्युतीय सवारीसाधन (इभी) को प्रयोगसँगै चितवनमा चार्जिङ स्टेसन खुल्ने क्रम बढेको छ। केही वर्षअगाडि मात्र सरकारी र निजी गरी चार वटा स्टेसन रहेको जिल्लामा अहिले ३३ भन्दा बढी स्थानमा व्यावसायिक रूपमा चार्जिङ स्टेसन सञ्चालनमा छन्।

नेपाल विद्युत् प्राधिकरणले सुरुमा भरतपुरको केन्द्रीय बसपार्कमा चार वटा सवारीसाधनले एकै पटक चार्ज गर्न सक्ने गरी चार्जिङ स्टेसन स्थापना गरेको थियो। त्यसलगत्तै उपभोक्ताको माग अनुसार प्राधिकरणले मुग्लिङमा अर्को चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको थियो। विद्युतीय सवारीसाधनको प्रयोग बढ्न थालेपछि प्राधिकरणले भरतपुर बसपार्कमा बुथ थपेर एकै पटक १२ वटाले चार्ज गर्न सक्ने व्यवस्था मिलाएको छ। यसबाहेक निजीस्तरबाट व्यावसायिक रूपमा विभिन्न स्थानमा ३१ वटा स्टेसन सञ्चालनमा आएका छन्।

विद्युत् प्राधिकरण भरतपुर वितरण केन्द्रका इन्जिनियर मिलन सापकोटाले प्राधिकरणले दुई स्थानमा र व्यावसायिक रूपमा ३१ स्थानमा स्टेसन सञ्चालनमा ल्याइएको जानकारी दिनुभयो। उहाँका अनुसार यीबाहेक होटेल, रेस्टुरेन्टहरूमा आफ्ना ग्राहकलाई सेवा दिने गरी चार्जिङ स्टेसन राख्नेहरू धेरै छन्। पछिल्लो समय साझा सहकारी संस्थाले भरतपुरको बाइपास सडकमा चार वटा प्यालनबाट एकै पटक आठ वटा सवारीसाधनले चार्ज गर्न मिल्ने गरी सञ्चालनको तयारी गरेको उहाँले बताउनुभयो।

साझाले जिल्लाको सबभन्दा उच्च क्षमताको चार्जिङ स्टेसन राखेको इन्जिनियर सापकोटाले बताउनुभयो। साझामा ६३० केबिए र भरतपुर बसपार्कमा पाँच सय केबिए क्षमताको चार्जिङ स्टेसन छ। यहाँ निजीभन्दा प्राधिकरणको चार्जिङ दर सस्तो छ।

बढ्दो विद्युतीय सवारीसाधनको प्रयोगका कारण हाल भएका चार्जिङ स्टेसन अपर्याप्त रहेको सवारीचालकको भनाइ छ। ग्रामीण क्षेत्रदेखि सहरी ठाउँसम्ममा विद्युतीय सवारीसाधन प्रयोगमा आउनाले चार्जिङ स्टेसनको माग बढेको माइक्रोचालक विवेक मण्डल बताउनुहुन्छ। भरतपुरबाट वीरगन्ज, जनकपुर, काठमाडौँ, पोखरा, पश्चिम नेपाललगायत विभिन्न स्थानमा दर्जनौँ विद्युतीय साधन चल्दै आएका छन्। बसपार्कमा चार्जका लागि जाँदा पालो पाउन मुस्किल हुने चालकहरू बताउँछन्। निजीस्तरले सञ्चालनमा ल्याएका स्थानमा समेत चाप हुने भएकाले थप स्टेसन राख्नुपर्ने उनीहरूको माग छ। चार्जिङ स्टेसन पूर्वाधार आयोजनाका पूर्वप्रमुख सागर ज्ञवालीले प्राधिकरणले अहिले कतै पनि स्टेसन राख्ने तयारी नगरेको जानकारी दिनुभयो। व्यावसायिक रूपमा निजीले राखेको र व्यक्तिगत रूपमा घर घरमा चार्जको व्यवस्था भएकाले प्राधिकरणले राख्ने तयारी नगरेको उहाँले स्पष्ट पार्नुभयो।

अटो मोबाइल डिलर एसोसिएसन चितवनका निवर्तमान अध्यक्ष राजन पियाले चितवनमा मात्र निजी विद्युतीय सवारीसाधन तीन हजारभन्दा धेरै रहेको बताउनुभयो। जिल्लाबाट हरेक वर्ष नौ सयभन्दा धेरै विद्युतीय सवारीसाधन बिक्री हुने गरेको उहाँको भनाइ छ। जिल्लामा निजीबाहेक धेरै सार्वजनिक सवारीसाधन विद्युतीय गाडीबाटै चल्ने पियाले बताउनुभयो। चितवन भएर पूर्वपश्चिम महेन्द्र राजमार्ग र नारायणगढ–मुग्लिङ सडकखण्डमा दैनिक २० हजारभन्दा धेरै सवारीसाधन चल्ने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनले जानकारी दिएको छ। यी सवारीसाधनमध्ये विद्युतीय सवारीसाधनको यकिन विवरण नभए पनि विगतभन्दा अहिले गुड्ने सङ्ख्या वृद्धि हुँदै गएको कार्यालयले जनाएको छ।

# स्वास्थ्यकर्मीलाई क्षमता अभिवृद्धि तालिम

**चौतारा समाचारदाता**
*चौतारा, जेठ २७ गते*

समुदायस्तरको स्वास्थ्य सेवा प्रभावकारी बनाउने उद्देश्यले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिसम्बन्धी विभिन्न कार्यक्रम सुरु भएका छन्।

जनस्वास्थ्य कार्यालय सिन्धुपाल्चोक, स्थानीय तह तथा विभिन्न साझेदार संस्थाको समन्वयमा कार्यक्रम सञ्चालन गरिएको छ। कार्यक्रममार्फत स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा तथ्यमा आधारित स्वास्थ्य योजना निर्माणमा जोड दिइएको छ। तालिममा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका, मातृ तथा शिशु स्वास्थ्य, पोषण, परिवार नियोजन, खोपलगायतका विषयमा केन्द्रित रहेको छ।

कार्यक्रममा समुदायमा स्वास्थ्य प्रवर्धनलगायत विषयमा सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण प्रदान गरिएको जनस्वास्थ्य कार्यालय प्रमुख दुर्गा बजगाईंले जानकारी दिनुभयो। महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू समुदायस्तरको स्वास्थ्य सेवाको महत्त्वपूर्ण आधारस्तम्भ भएको उल्लेख गर्दै उहाँले प्राप्त ज्ञान र सिपलाई समुदायमा प्रभावकारी रूपमा उपयोग गर्नुपर्नेमा जोड दिनुभयो। यसैबिच त्रिपुरासुन्दरी गाउँपालिकामा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि चारदिने क्षमता विकासका कार्यक्रम भएको छ। गाउँपालिकाका अध्यक्ष भक्तध्वज बोहोराका अनुसार कार्यक्रममार्फत स्वयंसेविकाको ज्ञान तथा सिप विकास गर्ने, अद्यावधिक गर्ने र सामुदायिक स्वास्थ्यको क्षेत्रमा थप सुधार गर्ने उद्देश्य राखिएको छ।

यसै गरी मेलम्ची नगरपालिकामा ‘एक जिल्ला एक स्वस्थ सहर’ कार्यक्रम अन्तर्गत स्वास्थ्य तथ्याङ्क सङ्कलन सुरु भएको छ। नगरप्रमुख आइतमान तामाङले जनस्वास्थ्यसँग सम्बन्धित तथ्याङ्क अत्यन्त संवेदनशील विषय भएकाले तथ्यमा आधारित, स्पष्ट र विश्वसनीय सूचना सङ्कलन गर्न नगरपालिका तत्पर रहेको जानकारी दिनुभयो।

# विद्यालयमा शिक्षक व्यवस्थापन

**मनहरी समाचारदाता**
*मनहरी (मकवानपुर), जेठ २७ गते*

पश्चिम मकवानपुरको मनहरी गाउँपालिकाले मौजुदा शिक्षक दरबन्दी मिलान गरी विद्यालयमा शिक्षकहरूको व्यवस्थापन गरेको छ। नयाँ शैक्षिक वर्ष २०८३ सुरु भएसँगै स्थानीय शिक्षण व्यवस्थापन अनुदान कार्यविधि निर्माण गरी गाउँपालिकाले शिक्षक दरबन्दी कटौती तथा थप गरी शिक्षक व्यवस्था गर्न थालेको हो। गाउँपालिकाको शिक्षा शाखाका स्रोत शिक्षक विदुर थापाका अनुसार गाउँपालिकाभित्र रहेका विद्यालयमा एक शिक्षक बराबर ३० जना विद्यार्थीको अनुपात हुने गरी दरबन्दी मिलान गरिएको हो।

जस अनुसार छ वटा विद्यालयका दरबन्दी कटौती गरेर नजिकैका आवश्यक ठानिएका अन्य विद्यालयमा पठाइएको छ। गाउँपालिकाको युवा, खेलकुद तथा शिक्षा शाखाका अनुसार यस वर्ष मदन आश्रित प्रावि, बिनाकालिका आधारभूत विद्यालय, श्री प्रावि, प्रगति प्रावि, नवजागृति प्रावि र महेन्द्रज्योति माविको एक/एक दरबन्दी कटौती गरेर नजिकैका अन्य विद्यालयमा पठाइएको छ।

३० जना विद्यार्थीलाई एक शिक्षक दिने गरी बनाइएको कार्यविधिबमोजिम पालिकाभर ३० वटा दरबन्दी अभाव भएकाले सोको व्यवस्थापन स्थानीय तहले गरेको गाउँपालिकाले जनाएको छ। जस अनुसार कक्षा ११ र १२ अध्यापन हुने दुई वटा विद्यालयसहित १३ वटा विद्यालयले एकदेखि सात वटासम्म शिक्षक दरबन्दी प्राप्त गरेका छन्। आगामी आवको साउनबाट पारिश्रमिक व्यवस्थापन हुने गरी अहिले १३ वटै विद्यालयमा शिक्षक माग गरी नियुक्ति प्रक्रिया अघि बढाइएको शिक्षा शाखा प्रमुख प्रदीप पराजुलीले बताउनुभयो। पालिकामा ३२ वटा सामुदायिक विद्यालय छन्।

# नामावली विवादले अधिवेशन स्थगित

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, जेठ २७ गते*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को बागमती प्रदेश अधिवेशन मतदाता नामावलीमा देखिएको विवादका कारण अन्तिम चरणमा पुगेर रोकिएको छ।

निर्वाचन समितिले अन्तिम मतदाता नामावली सार्वजनिक गरी बुधबार बिहान मतदान प्रक्रिया सुरु गरिसकेको अवस्थामा विवाद चर्किएपछि सम्पूर्ण निर्वाचन कार्यक्रम स्थगित गरिएको हो। निर्वाचनमा पाँच मत खसेको थियो।

अधिवेशनमा सहभागी नेताहरूका अनुसार मतदाता नामावली र समायोजन सूचीमा देखिएका त्रुटि तथा विवादबारे प्रतिनिधिहरूले आपत्ति जनाएपछि निर्वाचन समितिमाथि दबाब बढेको थियो। विवाद समाधान नगरी निर्वाचन अगाडि बढाउन नसकिने निष्कर्षसहित समितिले तत्कालका लागि निर्वाचन प्रक्रिया रोकेको हो।

केन्द्रीय निर्वाचन आयोगले बुधबार जारी गरेको सूचनामा मतपत्रमा देखिएका केही त्रुटि सच्याउन, मतदाता नामावलीको अन्तिम प्राविधिक प्रमाणीकरण गर्न, समायोजन सूचीमा देखिएका उजुरी तथा विवादको सम्बोधन गर्न र प्रदेश निर्वाचन समितिको व्यवस्थापन सुदृढ गर्न निर्वाचन कार्यक्रम अस्थायी रूपमा स्थगित गरिएको जनाएको छ।

निर्वाचनमा सभापतिका लागि अच्युतम लामिछाने, उत्सव अर्याल, कृष्णमान श्रेष्ठ र हरिबहादुर क्षेत्रीको उम्मेदवारी परेको छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर

**कागजात पेस गर्ने बारेको अत्यन्त जरुरी सूचना**

(सूचना प्रकाशन मितिः २०८३/०२/२८)

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलका करदाताहरूको आ.व. २०७८/०७९ को कारोबारको पूर्ण कर परीक्षण गर्न छनोट भई आएकोमा उक्त आय वर्षको कारोबारको कर परीक्षणसम्बन्धी काम कारवाही गर्नुपर्ने सम्बन्धमा करदाताको दर्ता अभिलेखमा रहेको ठेगानामा पत्राचार तथा पटक-पटक फोन सम्पर्क गर्दा हालसम्म सम्पर्क हुन नसकेको, सम्पर्क भएका करदाताले यस कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ८३ बमोजिम पत्र बुझिलिए पनि जवाफसहितको पूर्ण कागजात पेस नगरेको हुँदा आयकर ऐन, २०५८ को दफा ७९ को उपदफा (३), मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१ को उपनियम (३) बमोजिम यो सार्वजनिक सूचना जारी गरिएको छ। अत: यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिनभित्र तपसिल बमोजिम फर्मका प्रोपाइटर/सञ्चालक स्वयं वा निजको अख्तियार प्राप्त व्यक्ति मार्फत आय वर्ष २०७८/०७९ को कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरू यस कार्यालयमा पेस गर्नुहुन आयकर ऐन, २०५८ को दफा ८३(१), मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३(२) बमोजिम जानकारी गराइएको छ। तोकिएको म्यादभित्र माग गरिएका कागजातहरू पेस हुन नआएमा कार्यालयमा उपलब्ध तथ्याङ्क तथा सूचनाका आधारमा आयकर ऐन, २०५८ को दफा १०१ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ। **तपसिल:**

| सि.नं. | करदाताको नाम | स्थायी लेखा नम्बर | ठेगाना | प्रोपाईटर/सञ्चालक |
|---|---|---|---|---|
| १. | आमिनुल इन्टरप्राईजेज | ६१४७०२७०१ | का.म.न.पा.-११, त्रिपुरेश्वर | मो. आमिनुल हक |
| २. | एन.जी.एस ट्रेडर्स | ६११६६३३९५ | का.म.न.पा.-११, माइतीघर | निरञ्जन श्रेष्ठ |
| ३. | लिलामी बजार प्रा.लि. | ६०९६९२५२७ | का.म.न.पा.-१२, टेकु | सुरज कार्की |

धनगढी उप–महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश

**वहाल बिटौरी शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी विद्युतीय बोलपत्र आह्वानको सूचना**

यस धनगढी उपमहानगरपालिकाबाट इच्छुक फर्म वा कम्पनीको जानकारीको लागि देहाय बमोजिमको सार्वजनिक सूचना प्रकाशित गरिएको छ। साथै तल उल्लेखित सूचनाको बिस्तृत बिवरण धनगढी उपमहानगरपालिकाको वेबसाइट dhangadhimun.gov.np वा bolpatra.gov.np/egp बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ।

| | | |
|---|---|---|
| १ | वहाल बिटौरी शुल्क संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धी ७ दिने विद्युतीय बोलपत्र आह्वानको सूचना। ठेक्का नं. R 6/DSMC/2082/2083 | तेसो पटक प्रकाशित मितिः २०८३।०२।२८ |

नेपाल खानेपानी संस्थान
बुटवल खानेपानी आयोजना
बुटवल, रुपन्देही

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

सूचना प्रकाशित मितिः २०८३/०३/०७

यस बुटवल खानेपानी आयोजनाको कार्यालयबाट मितिः २०८२/१२/३१ गते प्रकाशित तपसिलका कार्य गर्नको लागि प्रथम पटक प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार उक्त कार्यका लागि पेश भएका प्राविधिक मध्ये यस कार्यालयको निर्णयानुसार तपसिल बमोजिमको बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम (५) बमोजिम मिति २०८३/०३/०८ गते दिउँसो १:०० बजे आयोजना कार्यालयमा खोलिने व्यहोरा सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | योजनाको नाम र ठेक्का नं. | प्राविधिक प्रस्ताव मूल्यांकनमा सारभूत रूपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरूको नामावली |
|---|---|---|
| १ | Procurement of main trunkline extension work from Ramphedi to Hillpark; Contract ID: BWSP/NCB/WORKSLaying-03/2082/83 | SWIKAR-EVERGREEN JV, Butwal-13, Rupandehi |

आयोजना प्रमुख

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
विद्युत विकास विभाग
सानोगौचरण, काठमाडौँ

**अत्तरिया-धनगढी १३२ के.भी. विद्युत प्रसारण लाइन आयोजनासम्बन्धी सार्वजनिक सूचना**

*प्रथम पटक प्रकाशित मिति : २०८३/०२/२७*

सुदूरपश्चिम प्रदेशअन्तर्गतको कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. १ मा रहेको १३२/३३/११ के.भी. अत्तरिया सवस्टेसन देखि १५.५२ कि.मी. Overhead प्रसारण लाइन र तहाँदेखि कैलाली जिल्लाको धनगढी उपमहानगरपालिका वडा नं. ३ मा प्रस्तावित १३२/३३/११ के.भी., (६३*२) एम.भी.ए. धनगढी सवस्टेसनसम्म १.५२ कि.मी. Underground प्रसारण लाइन गरी जम्मा १७.०४ कि.मी. लम्बाइको १३२ के.भी., डबल सर्किट प्रसारण लाइनको निर्माण तथा चौराहामा प्रस्तावित १३२/३३/११ के.भी., (६३*२) एम.भी.ए. धनगढी सवस्टेसन समेत निर्माण कार्य गर्न विद्युत ऐन, २०४९ को दफा ४ को व्यवस्थाअनुसार विद्युत नियमावली, २०५० को नियम १३ मा उल्लेखित विवरण खुलाई विद्युत प्रसारण लाइनको अनुमतिपत्रको लागि प्रवर्द्धक श्री नेपाल विद्युत प्राधिकरणले दरखास्त पेश गरेकोले विद्युत नियमावली २०५० को नियम १५ बमोजिम आवश्यक जाँचबुझ गरी नियम १६ को प्रयोजनका लागि तपसिलका विवरणहरू खुलाई यो सूचना प्रकाशित गरिएको छ। प्रस्तावित प्रसारण लाइन निर्माण तथा सञ्चालन गर्दा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र यस विभाग वा प्रवर्द्धकको कार्यालयमा आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

१. श्री नेपाल विद्युत प्राधिकरण नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ अन्तर्गत गठन भएको संस्था हो।
२. यस प्रसारण लाइनको भोल्टेज १३२,००० भोल्ट, Overhead and Underground, डबल सर्किट रहने र २०० मेगावाटसम्मको विद्युत शक्ति प्रसारण गर्न सकिनेछ।
३. यस प्रसारण लाइन आयोजना कैलाली जिल्लाको गोदावरी नगरपालिका वडा नं. १ मा रहेको १३२/३३/११ के.भी. अत्तरिया सवस्टेसनबाट गोदावरी नगरपालिका वडा नं. ५, कृष्णपुर नगरपालिका वडा नं. ८, धनगढी उपमहानगरपालिका वडा नं. १३, कृष्णपुर नगरपालिका वडा नं. ९, पुर्नबास नगरपालिका वडा नं. ११ हुँदै धनगढी उपमहानगरपालिका वडा नं. ३ मा प्रस्तावित १३२/३३/११ के.भी., (६३*२) एम.भी.ए. धनगढी सवस्टेसनसम्म १५.५२ कि.मि. Overhead र १.५२ कि.मी. Underground गरी जम्मा १७.०४ कि.मी. लम्बाइको १३२ के.भी., डबल सर्किट प्रसारण लाइनको निर्माण तथा चौराहामा प्रस्तावित १३२/३३/११ के.भी., (६३*२) एम.भी.ए. धनगढी सवस्टेसन समेत निर्माण गर्ने कार्य रहेको छ।
४. यो प्रसारण लाइनको लम्बाइ १७.०४ कि.मी. हुनेछ जसमा ३४ वटा Angle Points र २ वटा Joint Pits हरु निर्माण गरिने छन् तथा “BEAR” ACSR Conductor र XLPE Insulated Copper Cable जडान गरिने छन्। टावरको अधिकतम उचाइ ३०-३६.१ मिटरसम्म हुनेछ भने टावर बीचको दूरी १३४.२ - ३६५.६ मिटरसम्म हुनेछ तथा Joint Pits बीचको अधिकतम दूरी ५०० मी. सम्म हुनेछ। यस आयोजनाको लागि आवश्यक कुल २९.३४७ हे. जग्गामध्ये ५६ वटा टावरको क्षेत्र, भूमिगत लाइनको लागि ट्रेन्चको क्षेत्रफल, ज्वाइन्ट पिटको क्षेत्रफल र सवस्टेसन निर्माणको लागि जम्मा १.६७० हे. जमिन स्थायीरूपमा आवश्यक रहेको तथा विद्युत मार्गको अधिकार क्षेत्रको लागि २६.६७७ हे. जमिन प्रतिबन्धित रहने गरी आवश्यक रहेको र १.०० हे. जमिन कामदार शिविर, निर्माण सामग्री भण्डारणका लागि अस्थायीरूपमा आवश्यक पर्नेछ।
५. यो प्रसारण लाइनको क्षेत्राधिकार (RoW) विद्युत नियमावली, २०५० मा तोकिए बमोजिम न्यूनतम दूरीमा नघटाई प्राविधिक दृष्टिकोणबाट १८ मी. (मध्य विन्दुबाट ९/९ मी. दायाँ बायाँ) कायम गरिनेछ।
६. यो प्रसारण लाइनको निर्माण कार्य २.५ वर्षभित्र सम्पन्न गरिने लक्ष्य रहेको छ।
७. यो प्रसारण लाइन निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू–क्षय, बाढी, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी निर्माण गरिनेछ।
८. यस आयोजना सम्बन्धमा थप अन्य कुराहरू बुझ्नु परेमा देहायका ठेगानामा सम्पर्क राख्न सकिनेछ।

**श्री नेपाल विद्युत प्राधिकरण**
दरवारमार्ग, काठमाडौँ।
सम्पर्क फोन नं. ०१-४१५३००७, ४१५३०१२
इमेल: neamd@nea.org.np

**श्री विद्युत विकास विभाग**
सानोगौरचण, काठमाडौँ, फोन नं. : ०१–४५३४११९
पो.ब.नं. : २५०७, फ्याक्स नं. : ०१–५२४४२५७
इमेल: info@doed.gov.np/ sabitri.dhamala@nepal.gov.np

**आन्तरिक राजस्व कार्यालय, तुलसीपुर, दाङबाट तपसिलका करदाताको नाममा जारी गरिएको आयकर ऐन, २०५८ को दफा ८३(१) तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३(२) बमोजिम कागजात पेश गर्ने सम्बन्धी सूचना।**


**(सूचना प्रकाशन मितिः २०८३।०२।२८)**

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलका करदाताहरूको आ.व. २०७८/०७९ को कारोबारको पूर्ण कर परीक्षण गर्न छनोट भई आएकोले सो आय वर्षको कारोबारको कर परीक्षण सम्बन्धी कामकारबाही गर्नुपर्ने भई करदाताको कार्यालयको दर्ता अभिलेखमा रहेको ठेगानामा पत्राचार गर्दा फेला नपरेको तथा पटक पटक फोन सम्पर्क गर्दा हालसम्म सम्पर्क हुन नसकेको, सम्पर्क भएको करदाताले यस कार्यालयबाट आयकर ऐन, २०५८ को दफा ८३ बमोजिम पत्र बुझिलिए पनि जवाफ सहितको पूर्ण कागजात पेश नगरेकोले आयकर ऐन, २०५८ को दफा ७९ को उपदफा (३), मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ३१ को उपनियम ३ बमोजिम यो सार्वजनिक सूचना जारी गरिएको छ। उल्लिखित आय वर्षको आफ्नो आयकर तथा मूल्य अभिवृद्धि कर विवरण बमोजिमको खरिद/बिक्री कारोबारको आम्दानी/खर्च र सम्पत्ति/दायित्वलाई प्रमाणित गर्ने खरिद/बिक्री खाता, बील भर्पाई प्रमाण तथा बैंक स्टेटमेन्ट लगायत कारोबारसँग सम्बद्ध अन्य आवश्यक कागजातहरू यो सूचना प्रकाशित भएको मितिबाट १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन आयकर ऐन, २०५८ को दफा ८३(१), मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३(२) बमोजिम जानकारी गराइएको छ। तोकिएको म्यादभित्र माग गरिएका फाँटवारी तथा कागजातहरू पेश हुन नआएमा कार्यालयमा उपलब्ध तथ्यांक एवम् सूचनाका आधारमा आयकर ऐन, २०५८ को दफा १०१ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गरिने बेहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ।

**तपसिल**

| सि. नं. | करदाताको नाम | स्थायी लेखा नं. | ठेगाना | प्रोप्राइटर/ साझेदार/ संचालकको नाम | आय वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | माइलस्टोन विल्डर्स | ६०६९०४२१४ | घोराही-१५, प्रगतिनगर, दाङ | यज्ञबहादुर के.सी | २०७८/०७९ | सम्पर्क हुन नसकेको। |
| २ | देवकोटा सप्लायर्स | ३०५७३९५५१ | घोराही-१५, दाङ | निराजन देवकोटा | २०७८/०७९ | |
| ३ | गुरांस इन्टरप्राईजेज | ३००००३०८२ | घोराही-१४, भारीटोल, दाङ | दिपक श्रेष्ठ | २०७८/०७९ | |
| ४ | शान्दार निर्माण सेवा | ३०५४७७०११ | घोराही-१२, हापुर, दाङ | गंगा बहादुर पुन | २०७८/०७९ | जवाफ साथ कागजात पेश नगरेको |
| ५ | सौरभ इन्टरप्राईजेज | ३०२८२२७२८ | घोराही-१५, दाङ | दिपक राज श्रेष्ठ | २०७८/०७९ | |

त्यही मानिस धार्मिक हो जसले अरुका निम्ति त्याग गर्न सक्छ ।
-गौतम बुद्ध



सम्पादकीय

# प्लास्टिकको बढ्दो जोखिम


आधुनिक युगले मानव जीवनलाई सहज त बनाएको छ तर कतिपय क्षेत्रमा अनेक चुनौती खडा गरी जोखिम पनि बढाएको छ। यस्तैमा पर्छ, प्लास्टिकको आविष्कार र बढ्दो प्रयोग । अचेल खानेतेल, घिउ, दुध जस्ता वस्तुको प्याकेजिङमा प्लास्टिकको प्रयोग व्यापक हुन थालेको छ । पानी पिउन प्लास्टिकका बोतल त प्रयोगमा आएकै थिए, अब त पसलमा चिया तथा कफी पिउनसमेत प्लास्टिककै गिलास प्रयोग हुन थालेको छ । प्लास्टिकका गिलास एक पटक प्रयोग गरेपछि पुनः प्रयोग गर्नु नपर्ने भएकाले यो सजिलो पनि भएको होला । सिसा तथा माटो, धातुको गिलास तथा भाँडा सफा गर्दा व्यवसायको लागत बढ्ने हुँदा पनि सजिलोका निम्ति एक पटक प्रयोग गरेर फाल्नका निम्ति यस्ता प्लास्टिकका सरसामान प्रयोग गरिने प्रचलन बढेको छ । चिया, कफी मात्र होइन; खाजा तथा खाना नै खानका निम्ति पनि प्लास्टिककै भाँडाबर्तनको प्रयोग बढ्दो छ । भोज तथा घरपरिवारमा पनि प्लास्टिकका सरसामानको प्रयोग बढ्दो छ । पूजाआजाको प्रसाद खान पनि अब पातका टपरीको प्रयोग घट्दो छ । प्लास्टिकको झोलाको प्रयोग त झनै व्यापक हुँदै छ । यसरी प्लास्टिकको बढ्दो प्रयोगले स्वास्थ्य जोखिम बढाएकोप्रति चिन्ता बढेको छ । लामो समय प्लास्टिक नकुहिने हुँदा फोहोर बढेको छ । पर्यासन्तुलनमा पनि अनेक दुष्प्रभाव बढेको छ । सजिलो र सस्तोका लागि जथाभाबी प्लास्टिक प्रयोगले विश्वभर समस्या बढाएको छ। नेपालमा पनि यो समस्या झनै चर्को भएको छ ।

प्लास्टिकको जोखिमबारे बेलाबखत अध्ययनसमेत हुने गरेको छ । 'हेल्थ इन्भाइरोमेन्ट क्लाइमेट एक्सन फाउन्डेसन' ले केही समयअगाडि गरेको अध्ययनले केही गम्भीर तथ्य बाहिर ल्याएको छ। अध्ययनले कम गुणस्तरका प्लास्टिक समस्याजन्य छन् भनेको छ। तिनको स्वास्थ्य जोखिम बहुआयामिक छन् । उच्च तापक्रममा गुणस्तरीय प्लास्टिकमै पनि प्याकेजिङ गरिएका खाद्यवस्तु उपभोग गर्नेमा नसर्ने रोगको जोखिम बढी हुन्छ। प्लास्टिकले परम्परागत रूपमा प्रयोग हुँदै आएका पात, कपडा र माटोका भाँडाको प्रयोगमा न्यूनीकरण मात्र होइन; धेरैतिर विस्थापन नै गरेको छ। आधुनिकता र सहजताका लागि प्लास्टिक प्रयोगले सबैभन्दा बढी असर स्वास्थ्यमा पर्ने गरेको छ। 'फाउन्डेसन' को अध्ययनमा प्लास्टिक तयार पार्न १२ हजारभन्दा बढी रसायन प्रयोग हुने गरेको जनाइएको छ। यस्ता रसायनयुक्त प्लास्टिकमा प्याकेजिङ गरिएका खानेकुराले उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मुटुरोग जस्ता घातक र नसर्ने रोगको जोखिम बढाउने गरेको छ। अध्ययनको दाबी अनुसार विश्वमा प्रतिमिनेट १० लाखभन्दा बढी प्लास्टिकका बोतल खपत हुने गरेका छन्। यसको दुष्प्रभाव प्रतिदिन बढ्दो छ। खाद्य वैज्ञानिक जीवनप्रभा लामाका अनुसार बजारमा पाइने रङ्गीचङ्गी प्लास्टिकमा खाद्यवस्तु राख्दा त्यसको रसायन खानेकुरामा सर्ने गर्छ । तिनमा हुने हानिकारक रसायन खानासँगै शरीरभित्र पर्छ।

प्लास्टिकको कपको प्रयोग त जताततै देखिन्छ। त्यसमा तातो चिया पिउँदा प्लास्टिकका ससाना कण चियासँगै शरीरमा मिसिन पुग्छ। प्लास्टिकका बोतल वा भाँडा पटक पटक प्रयोग गर्दा पनि स्वास्थ्यका लागि घातक हुन सक्ने छ। दर्ता भएका र खाद्य अनुज्ञापत्र लिएका उद्योगले 'फुड ग्रेड प्याकेजिङ मेटेरियल मिक्स' भएको प्लास्टिक प्रयोगमा सचेतता अपनाउनु पर्छ। यस्ता प्लास्टिकबाट हानिकारक रसायन खानेकुरामा सर्ने जोखिमको गम्भीर न्यूनीकरणमा अध्ययन हुनु जरुरी छ। अहिले जताततै घातक रोग बढ्दै जानुमा प्लास्टिकको के कति भूमिका छ भन्ने वास्तविक अध्ययन पनि जरुरी देखिएको छ । 'फुड ग्रेड प्लास्टिक' मा प्याकिङ गरिएका दुग्धजन्य पदार्थ वा अन्य खाद्यवस्तु सुरक्षित रहनका लागि निश्चित तापक्रम व्यवस्थापन हुनु अनिवार्य हुन्छ तर त्यस्तो सचेतता व्यवहारमा देखिन सकेको छैन । हामीकहाँ खाद्यवस्तुको गुणस्तर र सुरक्षासम्बन्धी मापदण्ड खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले निर्धारण गर्छ । सामान्यतया अन्तर्राष्ट्रिय अभ्यास र विभागको निर्देशिका अनुसार दुध जस्ता चाँडै बिग्रने वस्तुका लागि 'कोल्ड चेन' चार डिग्री सेल्सियस आसपास कायम राख्नुपर्ने प्रावधान छ। तेल वा बोसोयुक्त खाद्यवस्तु र अम्लीय पदार्थमा प्लास्टिकबाट रसायन मिसिने सम्भावना सुक्खा पदार्थको तुलनामा बढी हुन्छ। यी रसायन शरीरमा प्रवेश गर्दा हर्मोनमा असन्तुलन ल्याउने जोखिम छ। त्यसै गरी प्रजनन स्वास्थ्यमा पनि असर पर्ने बताइन्छ । दीर्घकालीन रूपमा अन्य गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्ने जोखिमप्रति सरकार र निजी क्षेत्रका सम्बद्ध पक्ष संवेदनशील हुनु जरुरी छ। प्लास्टिकको जोखिम न्यूनीकरण नगर्दा आगामी दिनमा अरू बढी जोखिम बढ्न सक्नेप्रति सचेतता जरुरी छ।

## १२० वर्षअघिको गोर्खापत्र

१९५८ साल वैशाख २४ गते सोमबार


अंग्रेज सरकारको परराष्ट्रनीति
लार्ड कर्जनको वक्तृता ।
लंडन ४ मे ।
आज एलबर्ट हाल (लंडन) मा ईम्पीरीयल इकानिमिक कानफरेन्समा भाषण दिदा लार्डकर्जनले भने अंग्रेजसरकार अब यस्तो नीति बनाउन लागेका छन जस्का अनुसार बृटिश परराष्ट्र सचिब केबल बृटेनका तर्फबाट मात्र होइन सारा साम्राज्यका तर्फबाट बोल्नेछ.

### अंग्रेज सरकारको परराष्ट्रनीति लार्ड कर्जनको वक्तृता ।

लंडन ४ मे ।

आज एलबर्ट हाल (लंडन) मा ईम्पीरीयल इकानिमिक कानफरेन्समा भाषण दिदा लार्डकर्जनले भने अंग्रेजसरकार अब यस्तो नीति बनाउन लागेका छन् जस्का अनुसार बृटिश परराष्ट्र सचिब केबल बृटेनका तर्फबाट मात्र होइन सारा साम्राज्यका तर्फबाट बोल्नेछ.

### चिन्तन

**वसुधैव कुटुम्बक**


अयं निजः परो वेति गणना
लघुचेतसाम् ।
उदारचरितानां तु वसुधैव
कुटुम्बकम् ॥

'यो आफ्नो, त्यो पराई' भन्ने विचार सानो मन भएकाहरूको हो। उदार हृदय भएकाहरूकालागि सारा संसार परिवार हो।

-हितोपदेश

**लेख प्रतिक्रियाका लागि**
gopafeature@gmail.com
gopashanibar@gmail.com (शनिबारका लागि)

# निर्वाचन सुधारको मार्गचित्र



डा. जानकीकुमारी तुलाधर



कुनै पनि निर्वाचनको मिति तोकिएपश्चात् त्यसको अन्तिम परिणाम घोषणा र निर्वाचन प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस नगरुन्जेलसम्म निर्वाचन आयोग सर्वाधिक व्यस्त हुने गर्छ। निर्वाचन अवधिमा सरोकारवाला सम्पूर्ण पक्षको ध्यान आयोगका गतिविधिमै हुने गर्छ । बाहिरबाट सामान्य रूपमा हेर्दा निर्वाचन अवधिमा मात्र निर्वाचन आयोगको कार्यचाप बढी हुने जस्तो देखिए पनि आयोगले एउटा निर्वाचन सम्पन्न गर्न लामो समयदेखि तयारीका विभिन्न कार्य निरन्तर रूपमा गरिरहेको हुन्छ।

एउटा निर्वाचनपछि अर्को आवधिक निर्वाचनका लागि पाँच वर्षको अवधि हुन्छ । राजनीतिक परिस्थिति जुनसुकै बेला बदलिन सक्ने र त्यसबाट निर्वाचन गर्नुपर्ने अवास्था आइलाग्यो भने आयोगसँग 'मैले केही तयारी गरेको छैन, निर्वाचन गर्न सकिँदैन' भन्ने सुविधा हुँदैन। घोषित भएका निर्वाचन आयोगका कारण धकेलिएको वा हुन नसकेको उदाहरण आयोगसँग छैन।

आयोगले एउटा निर्वाचन सम्पन्न भइसकेपछि अर्को निर्वाचनको तयारीको सिलसिलामा निर्वाचन कानुनको परिमार्जन तथा सुधार, मतदाता नामावली सङ्कलन तथा अद्यावधिक, मतदान स्थल पुनरवलोकन, सङ्गठनात्मक सुदृढीकरण, निर्वाचन व्यवस्थापन सुधार, अनुसन्धान तथा तालिम, राजनीतिक दल र सरोकारवालासँग सहकार्यलगायत कार्य निरन्तर रूपमा गरिरहेको हुन्छ।

विसं २०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनपछि आयोग निर्वाचनपश्चात् गर्नुपर्ने कार्यमा व्यस्त छ। यसै क्रममा आयोगले छ वटा प्रदेश र केन्द्रीय तहमा निर्वाचन समीक्षा कार्यशाला हालै सम्पन्न गरेको छ । निर्वाचन सम्पन्न भएपछि आयोगले गर्ने कार्यमा निर्वाचन समीक्षा महत्त्वपूर्ण कार्य हो। निर्वाचन मिति घोषणादेखि अन्तिम परिणामसम्मको अवधिमा निर्वाचन सञ्चालन तथा व्यवस्थापनमा भएका क्रियाकलापको गम्भीर परीक्षण गरी निष्कर्ष निकाल्न निर्वाचन समीक्षा गरिन्छ । निर्वाचन समीक्षामा समग्र निर्वाचन कार्यक्रम र प्रक्रियामा के कस्ता असल अभ्यास भए, के कस्ता विषयमा कमीकमजोरी रहे, के कस्ता सिकाइ र उपलब्धि भए एवं आगामी निर्वाचनमा के कस्तो सुधार गर्नुपर्ने हुन्छ भन्ने विषयमा निर्वाचन सरोकारवालासित अन्तर्क्रिया तथा छलफल गरिन्छ।

निर्वाचन समीक्षाका क्रममा निर्वाचन आयोग, निर्वाचन अधिकृत, सुरक्षा निकाय, मतदान अधिकृत एवं पर्यवेक्षण संस्थाको भूमिका महत्त्वपूर्ण हुन्छ। मतदाता, राजनीतिक दल, उम्मेदवार, सञ्चार माध्यम, निर्वाचनमा संलग्न व्यक्ति, सङ्घसंस्था, निजी क्षेत्रलगायत आमनागरिकको समेत सहभागितामा निर्वाचन समीक्षा गर्ने गरिन्छ। समीक्षाका लागि विषयगत क्षेत्र निर्धारण महत्त्वपूर्ण हुन्छ। सामान्यतः निर्वाचन समीक्षा गर्दा प्रतिकूल कानुनी व्यवस्था, मतदाता नामावली र परिचयपत्र, मतदान स्थल तथा केन्द्रहरूको पुनरवलोकन, राजनीतिक दल दर्ता तथा निर्वाचनमा दलको सहभागिता, प्रचारप्रसारको अवस्था, निर्वाचन खर्चको सीमा र त्यसको पालना, आचारसंहिता कार्यान्वयन, मतदाता शिक्षा र सहभागिता, निर्वाचन कार्यक्रम र उम्मेदवारीको अवस्था, मतदान, मतपेटिका सङ्कलन, मतगणना र परिणाम घोषणा, निर्वाचन पर्यवेक्षण र अनुगमनलगायतका विषयमा सरोकारवालाबिच गम्भीर समीक्षा गर्ने गरिन्छ।

हालै सम्पन्न निर्वाचन समीक्षामा निर्वाचन व्यवस्थापन, निर्वाचन योजना, सञ्चालन तथा निर्वाचन स्रोत सामग्री व्यवस्थापन, मतदाता शिक्षा, तालिम तथा निर्वाचनमा समावेशिता, निर्वाचन कानुन तथा आचारसंहिता एवं समन्वय र निर्वाचन प्रविधि तथा सूचना व्यवस्थापन मुख्य विषय अन्तर्गत रहेर समीक्षा गरिएको थियो। निर्वाचन व्यवस्थापन तथा समन्वय अन्तर्गत मतदाता नामावली तथा अस्थायी मतदाता नामावली, उम्मेदवार मनोनयन, मतदान स्थल र केन्द्र, मतदान प्रक्रिया, मतगणना तथा मतपरिणाम घोषणा र बदर मतको प्रकृति र मत बदर हुनुका कारणबारे सरोकारवालासँग गहिरो समीक्षा गरिएको थियो । निर्वाचन योजना, सञ्चालन, निर्वाचन स्रोत सामग्री व्यवस्थापन अन्तर्गत मतदाता शिक्षा, निर्वाचनसम्बन्धी तालिम, निर्वाचन अनुगमन तथा पर्यवेक्षण, मतदान तथा मतदाता सहभागिता, निर्वाचनमा समावेशीकरणको अवस्था, जनशक्ति व्यवस्थापन, वित्तीय व्यवस्थापनलगायतका विषयमा समीक्षा गरिएको थियो।

यसै गरी निर्वाचन सुरक्षा व्यवस्थापन अन्तर्गत मतपत्र व्यवस्थापन, निर्वाचन कानुन तथा आचारसंहिता एवं समन्वयबारे समीक्षा गरिएको थियो। निर्वाचन प्रचारप्रसार र खर्च, निर्वाचन प्रविधि तथा सूचना व्यवस्थापनका विषयमा पनि समीक्षा गरिएको थियो।

> निर्वाचनमा प्रतिस्पर्धा गरिसकेपछि जनता नै जनार्दन हुन्; उनीहरूले दिने मतादेश नै प्रतिस्पर्धामा उत्रिएकाहरूको अमूल्य निधि हो भन्ने महसुस सबै पक्षले गरेका छन् । निर्वाचनको निष्ठा अभिवृद्धिका लागि आयोगले गर्ने कानुनी, नीतिगत एवं संरचनागत व्यवस्थाप्रति यसका सरोकारवाला पक्ष इमानदार हुन सक्ने हो भने हामी पनि विश्वलाई देखाउनलायक निर्वाचन सम्पन्न गर्न सक्छौं भन्ने पुष्टि भएको छ ।

### मानक स्थापित गर्न सफल

विसं २०८२ फागुन २१ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य निर्वाचन आवधिक रूपमा भएको निर्वाचन थिएन। २०८२ भदौ २३ को जेनजी विद्रोह र त्यसकै कारण २४ गतेको घटनापछि विकसित भएको विषम परिस्थितिमा भएको आकस्मिक निर्वाचन थियो। निर्वाचनको मिति तोक्दा आयोगसँग कुनै परामर्श पनि गरिएको थिएन। निर्वाचन हुनेमा नै संशय र सुरक्षा चुनौती थियो। यस्तो परिस्थितिमा पनि आयोगले सरोकारवाला सबै पक्षलाई समेटेर आफ्नो संवैधानिक दायित्व एवं कर्तव्य कुशलतापूर्वक सम्पन्न गर्न सफल भएको छ। पुराना र नयाँ राजनीतिक शक्तिबिच चुनावी प्रतिस्पर्धाका लागि सौहार्द वातावरण निर्माण गर्न सफल भएको, सुरक्षाको अवस्था बलियो बनाउन सुरक्षा निकाय, सरकार र सरोकारवालसँग खेलेको भूमिका एवं आयोगले आफूलाई अलिकता पनि विचलित हुन् नदिई निर्वाचन सम्पन्न गराएको सर्वविदितै छ । चुनौतीका चाङबिच सम्पन्न भएको निर्वाचनबाट केही ऐतिहासिक मानक स्थापित भएका छन्।

उच्च सुरक्षा चुनौतीबिच सम्पन्न भएको निर्वाचन अभूतपूर्व रूपमा शान्तिपूर्ण रह्यो। एकै चरणमा सम्पन्न निर्वाचनमा कुनै पनि मतदान स्थलमा पुनः मतदान गर्नुपर्ने अवस्था आएन । कतै पनि मतदान बिथोल्ने कोसिस गरिएन। आममतदाता एवं सरोकारवाला सबैले उच्च लोकतान्त्रिक आचरण र व्यवहार प्रदर्शन गरेका कारण निर्वाचनको निष्ठा अझै अभिवृद्धि भएको छ । आममतदाताको अमूल्य मतको सबै पक्षबाट सम्मान गरिएको छ । निर्वाचनमा प्रतिस्पर्धा गरिसकेपछि जनता नै जनार्दन हुन्; उनीहरूले दिने मतादेश नै प्रतिस्पर्धामा उत्रिएकाहरूको अमूल्य निधि हो भन्ने महसुस सबै पक्षले गरेका छन् । निर्वाचनको निष्ठा अभिवृद्धिका लागि आयोगले गर्ने कानुनी, नीतिगत एवं संरचनागत व्यवस्थाप्रति यसका सरोकारवाला पक्ष इमानदार हुन सक्ने हो भने हामी पनि विश्वलाई देखाउनलायक निर्वाचन सम्पन्न गर्न सक्छौं भन्ने पुष्टि भएको छ।

### समीक्षाबाट आएका सुझाव

निर्वाचन समीक्षाका क्रममा आयोगलाई यथेष्ट पृष्ठपोषण प्राप्त भएका छन् । यी पृष्ठपोषणलाई लिपिबद्ध गरी आयोगले आगामी निर्वाचनमा क्रमशः लागु गर्दै जाने छ। मतदाता नामावली शुद्धाशुद्धिको विषय, मतदानको दिन यातायात सञ्चालनका सम्बन्धमा, फरक क्षमता भएका मतदातालाई मतदानमा अझै सहज पहुँच बनाउने, मतदान केन्द्रहरूमा खानेपानी, शौचालय एवं प्राथमिक उपचार सेवा पर्याप्त र उपलब्धता हुनुपर्ने सुझाव समीक्षाका क्रममा आएका छन्।

यसै गरी निर्वाचन आचारसंहिता उल्लङ्घनका छिटपुट घटना भएका, समावेशी, पहुँचयोग्य र लक्षित मतदाता शिक्षा सामग्री अझै कमी रहेको, भ्रामक तथा गलत सूचनाको पूर्ण रूपमा नियन्त्रण हुन नसकेको, मतगणना तथा निर्वाचन परिणाम सार्वजनिक गर्ने कार्यमा ढिलाइ भएको भन्दै समीक्षाका क्रममा यसमा सुधार गर्नुपर्ने सुझाव प्राप्त भएका छन्। विदेशमा रहेका मतदाता नागरिकको मताधिकार, अन्तरजिल्ला मतदान, निर्वाचनको आवधिक कार्यतालिका किटान, 'नो भोट', 'राइट टु रिजेक्ट' र 'राइट टु रिकल' विद्युतीय मतदानलगायत विषयमा एकीकृत कानुन तर्जुमा गर्नुपर्ने सुझाव पनि दिइएको छ। मतदाता शिक्षा प्रभावकारी बनाई बदर मत अझ घटाउनुपर्ने, निर्वाचन कानुन तथा आचारसंहिता परिपालनासम्बन्धी कानुनका सम्बन्धमा निर्वाचनमा खटिने कर्मचारी, राजनीतिक दललगायत सरोकारवाला निकायलाई पर्याप्त अभिमुखीकरण गरिनुपर्नेलगायत सुझाव पनि समीक्षाका क्रममा आएका छन्।

निर्वाचनसम्बन्धी विषयमा सामाजिक सञ्जालको नियमन प्रभावकारी रूपमा हुनुपर्ने, उम्मेदवारको मनोनयन दर्तामा धरौटी जम्मा नगदमा नभई डिजिटल माध्यमबाट गर्नुपर्ने र निर्वाचन खर्च अनुगमनलाई बैङ्किङ प्रणालीबाट भए/नभएको अनुगमन गरिनुपर्ने सुझाव आएको छ । आचारसंहिता उल्लङ्घनकर्ताको अभिलेख राखिनुपर्ने, आचारसंहिता निर्धारण गर्दा लचकता अपनाउने तर पालनामा कडाइ गर्ने र निर्वाचन आचारसंहिता पूर्ण पालनामा गराउनुपर्ने सुझाव पनि आयोगलाई प्राप्त भएको छ।

### आयोगको प्रयास र प्रतिबद्धता

मतदाता नामावलीमा नाम दर्ता र अद्यावधिक प्रक्रियालाई नागरिकमैत्री शुद्ध, समावेशी र सुरक्षित बनाउन आयोगले निरन्तर कार्य गरिरहेको छ । मतदानस्थल पुनरवलोकन गरी पहुँचयोग्य बनाउने कार्यमा जोड दिइएको छ। आधुनिक र प्रभावकारी निर्वाचन शिक्षा र सूचना प्रणाली तथा प्राविधिक र कानुनी सुधारका माध्यमबाट निर्वाचन व्यवस्थापन प्रभावकारी बनाउन आयोग निरन्तर क्रियाशील छ । निर्वाचन समीक्षा कार्यशालाबाट प्राप्त सुझावसमेत समेटी निर्वाचन व्यवस्थापनसम्बन्धी एकीकृत विधेयकलाई सङ्घीय संसद्बाट पारित गराउन आयोगले निरन्तर पैरवी गर्ने छ। मतपत्रमा 'माथिका कुनै पनि होइन' (नोटा), विदेशमा रहेका नेपाली नागरिकबाट मतदान, इलेक्ट्रोनिक भोटिङ मेसिन प्रयोग, निर्वाचन क्यालेन्डर आदिका बारेमा प्राप्त भएका सुझावलाई आयोगले सरकारसँग छलफल गरेर अघि बढाउने छ।

# प्रेस काउन्सिलको साख

दीपक खनाल



विसं २०२७ असोज ६ गते स्थापना भएर २०४८ को ऐनमार्फत व्यवस्थित गर्न खोजिएको प्रेस काउन्सिल २०८३ सालमा आइपुग्दासम्म पुरानो विरासतको धङ्धङ्गीवरिपरि नै अल्झिन बाध्य छ। काउन्सिलप्रति दिनप्रतिदिन आशा र भरोसा बढेर गएको छ। सञ्चालक समिति, कर्मचारीलगायत सङ्गठनको संरचना पञ्चायतकालीन नै छ। दुवै सदनका सांसद सदस्य रहने व्यवस्थासहित उच्च ओज बोक्दै आएको (तर २०६३ सालमा यो प्रावधान झिकिएको) काउन्सिलको ऐन आजसम्म संशोधन हुन सकेको छैन । डिजिटल प्लेटफर्ममार्फत पत्रकारिताउन्मुख सञ्चारकर्मले तीव्रता पाइसकेको वर्तमान अवस्थामा सोको समेत अनुगमन गर्ने गरी नयाँ कानुनबाट मार्ग प्रशस्त गर्न सकिएको छैन । चचाएमा रहेको मिडिया काउन्सिल विधेयक पनि राजनीतिक फेरबदलका कारण गर्भमा तुइँदै आएको छ। निर्देशनसहित सबै कामकुरालाई बाटो देखाउने प्रमुख गुरु कानुन नै प्रविधि परिवर्तन अनुसारको नहुँदा ऐनका परिपूरक नियम/विनियम बनाउने, स्रोतसाधन र जनशक्ति थप्ने, आन्तरिक संरचना बदल्ने जस्ता कार्य हुनै पाएका छैनन्। बाहिर असीम आशा र विश्वास भए पनि भित्री रूपमा कानुनी प्रस्टता, नीतिगत स्पष्टता, चुस्तदुरुस्त सङ्गठ, आवश्यक जनशक्ति आदि नहुँदा काउन्सिलले तीव्र जनअपेक्षा अनुसार काम गर्न सकिरहेको छैन।

### वृत्तिविकास नै ठप्प !

कस्तो काउन्सिल बनाएर कतिसम्म अधिकार दिने भन्ने विषय एउटा हो तर तोकिएका अधिकार अनुसार कार्यसम्पादन गरेर काउन्सिलको साख राख्ने स्थायी संयन्त्र कर्मचारीतन्त्र हो । कर्मचारीको मनोबल उँचो भएन भने कुनै पनि सङ्गठन बलियो हुन सक्दैन। वृत्तिविकास कर्मचारीका लागि इन्धन जस्तै हो। समयअनुकूल कर्मचारीको वृत्तिविकास भएन र मनोबल बढेन भने कार्यसम्पादनमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा असर पर्छ। काममा जाँगर नआउने, दिन मात्रै बिताउने, सिर्जनशीलता हराउने/मर्ने हुन्छ। अमेरिकी मनोवैज्ञानिक एवं हायर्की अफ निड्स थ्यौरी (आवश्यकताको पदानुक्रम सिद्धान्त) का प्रतिपादक अब्राहम मास्लोका अनुसार कुनै पनि व्यक्ति आत्मसम्मान र आत्मसाक्षात्कारको आवश्यकता पूरा गर्न चाहन्छ। वृत्तिविकास रोकिँदा यी आवश्यकता पूरा हुन पाउँदैनन् र व्यक्ति आफ्नो पूर्ण क्षमता देखाउन सक्दैन। व्यवस्थापनका पिता मानिने पिटर ड्रकरको भनाइमा मानव संसाधन संस्थाको सबैभन्दा मूल्यवान् सम्पत्ति हो। कर्मचारीको क्षमता विकासमा लगानी नगर्ने संस्था दीर्घकालसम्म प्रतिस्पर्धी हुन सक्दैन।

वृत्तिविकास दयामायाको विषय होइन । यो कसैको निगाहमा दिइने र पाइने अवसर पनि होइन । कसैलाई लाग्ला, यो रोकिनु कर्मचारीको मात्रै अवसर रोकिनु हो तर यसो होइन; यो रोकिनु संस्थाको प्रभावकारिता र सेवाको गुणस्तर रोकिनु हो । कर्मचारी–मनोबल, वृत्तिविकास र समान अवसर त सार्वजनिक प्रशासनको नभई नहुने आधार हुन् । काउन्सिलको विद्यमान कर्मचारी सोपान प्रणाली सुन्दा, पढ्दा धेरैलाई अचम्म लाग्न सक्छ। यहाँको विद्यमान प्रणाली कुनै प्रकारको सोपान प्रणालीसँग मिल्दैन। यो न परम्परागत प्रणालीसँग मिल्छ न त आधुनिक प्रणालीसँगै । निजामती क्षेत्रको कर्मचारीतन्त्रसँग मेल खाने कुरा त परै जाओस्; सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतका गोरखापत्र संस्थान, सार्वजनिक सेवा प्रसारण नेपाल (नेपाल टेलिभिजन/रेडियो नेपाल), राष्ट्रिय समाचार समिति (रासस) जस्ता संस्थाको कर्मचारी सङ्गठन संरचनासँग समेत मेल खाँदैन । यी संस्थामा तहगत, समूहगत सङ्गठन प्रणाली मिलेको देखिन्छ। फटाफट हुँदा पदोन्नतिमा कुनै समस्या छैन।

काउन्सिलमा एक त कर्मचारीको सोपान प्रणाली नै मिलेको छैन भने अर्कातिर पदानुक्रम अनुसार माथिल्ला पदमा पदोन्नति (बढुवा हुन) दरबन्दी नै छैन। विभिन्न सेवा समूह छुट्याएर सोही अनुसार बढुवा हुने प्रावधान छैन। विद्यमान काउन्सिलको कर्मचारी सङ्गठनको संरचना अनुसार ४, ५, ६ र ७ तहमा सीमित दरबन्दी तथा ८, ९ र १० तहमा एउटा एउटा मात्रै दरबन्दी छ। ९ तहान बढुवा हुन नसक्ने भएकाले ८ तहभन्दा माथि जाने ठाउँ छैन। ८ तह माथि नगएपछि ७ तह र एवं रीतले अन्य तह जहाँको तहीँ रहनु परेको छ। यही अवस्था कायम रहिरहे ४ तहमा सेवा प्रवेश गरेको कर्मचारी सेवा अवधिभर त्यही पदबाट अवकाश हुनुपर्ने बाध्यता छ।

पञ्चायतकालमा तत्कालीन परिवेशलाई हेरेर बनाइएको काउन्सिलका कर्मचारीका यस्ता भित्री अवस्था र समस्याबारे कहीँ कसैबाट आवाज उठाउने गरेको पाइँदैन। कतिले थाहा भएर पनि पूर्वाग्रह, डर, लोभका कारण भित्री संरचनालाई आधुनिक प्रशासनको सिद्धान्तसँग मेल खाने खालको बनाउन चाहेनन्। यसबारे विगतका सरकार, काउन्सिलको बोर्ड र विगतमा पटक पटक दुवै सदनमा प्रस्तुत भएको मिडिया काउन्सिल विधेयकसमेत मौन रहनु दुःखको कुरा हो । यद्यपि वर्तमान सरकार स्वयम्ले आफ्नो नीति तथा कार्यक्रम, बजेटमा सङ्गठन तथा व्यवस्थापन सर्भे (ओ एन्ड एम) कार्यक्रम ल्याएको र काउन्सिलमा समेत यो शीर्षकमा बजेट तथा कार्यक्रम परेकाले अलिकति आशा भने पलाएको छ।

### अब यस्तो काउन्सिल

अनेक आन्तरिक र बाह्य समस्या/अवस्थाका कारण काउन्सिल चाउरिन बाध्य भएको हो । यद्यपि आजका दिनसम्म सामान्य सुधारका प्रयास नभएका भने होइनन् तर पनि वर्तमान अवस्थामा पत्रकार र सञ्चार माध्यमलाई स्वच्छ, स्वस्थ, मर्यादित र सन्तुलित बनाउनुपर्ने चुनौतीका चाङलाई चिर्न काउन्सिलमा सामान्य सुधार मात्रै भएर पुग्दैन; अब आमूल परिवर्तन हुनु पर्छ। सर्वप्रथम पत्रकार/सञ्चार माध्यम र सूचना प्रविधिका पछिल्ला प्रवृत्तिको अध्ययन, अनुगमन, कारबाही, मेलमिलाप गराउन सक्ने गरी कानुनमै स्पष्ट रूपमा उद्देश्य, काम, कर्तव्य र अधिकार तोकिनु पर्छ। यसका लागि प्रेस काउन्सिल ऐन संशोधन गरेर वा मिडिया काउन्सिल ऐन ल्याएर समय अनुकूलका नियम, विनियम, कार्यविधि, मापदण्ड बनाइनु पर्छ।

कर्मचारी सङ्गठन संरचनामा व्यापक परिवर्तन गरी कर्मचारीको वृत्तिविकासलगायतका अवरोध हटाउनु पर्छ। यसरी अगाडि नबढ्ने हो र काउन्सिललाई अहिलेको जस्तै अवस्थामा राख्ने हो भने अब ७ तहभन्दा माथिको पद राख्न जरुरी छैन । ८, ९ र १० तह राख्नु राज्यलाई नै आर्थिक भार हो। वर्तमान संरचना अनुसार नै सूचना तथा प्रसारण विभागको महानिर्देशकलाई काउन्सिलको आर्थिक अधिकार दिएर ७ तहलाई प्रशासन प्रमुख बनाउँदा हुन्छ। किनकि विगतमा ७ तहले कामु प्रशासन प्रमुखका रूपमा कार्य सञ्चालन गरेको नजिर छ तर यसो गर्ने हो भने पनि ७ तहको प्रमुखको सेवा अवधि चार वर्ष नै तोकिनु पर्छ।

काउन्सिललाई अहिलेको चुनौतीको बाढीलाई थेग्न सक्ने बनाउने हो भने बोर्डदेखि नै आमूल परिवर्तन गरिनु पर्छ। विभिन्न सञ्चार माध्यमका सामग्री (कन्टेन्ट) र पत्रकारको अध्ययन, अनुगमन, कारबाही, मेलमिलाप गराउने संस्था काउन्सिल प्रोटोकलका हिसाबले यस्तै प्रकारका अन्य निकायभन्दा पनि माथि हो। त्यसैले सबैभन्दा पहिला त काउन्सिलकै वृत्तिविकास हुनु पर्छ।

यसको मर्यादाक्रम आयोग सरह हुनु पर्छ। यसका लागि अब राज्यमन्त्री सरहको अध्यक्ष, विशिष्ट श्रेणीका दुई सदस्य गरी सेवा सुविधासहितको तीन सदस्यीय बोर्ड बनाउनु पर्छ। विशिष्ट श्रेणीको सचिव काउन्सिलभित्र वा बाहिरबाट चार वर्षका लागि प्रतिस्पर्धाका आधारमा नियुक्त गरिनु पर्छ । आर्थिक रूपमा पनि पूर्ण स्वायत्त बनाउन बजेट भाषणमै काउन्सिलका लागि आवश्यक पर्ने बजेट विनियोजन गरिनु पर्छ। सोको परिचालनको अधिकार काउन्सिलको सचिवमै हुनु पर्छ।

# युद्धको भूराजनीतिक चक्रव्यूह



रामप्रसाद आचार्य



रुसका राष्ट्रपति भ्लादिमिर पुटिन र युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेन्स्की।

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनका राष्ट्रपति भ्लोदोमिर जेलेन्स्कीको प्रत्यक्ष वार्ता प्रस्ताव ठाडै अस्वीकार गर्नुभयो। अमेरिका र युरोपबाट आर्थिक साथसाथै हतियार सहयोग कम भएपछि अत्तालिनु भएका जेलेन्स्की अहिले युद्ध टुङ्ग्याउने पक्षमा हुनुहुन्छ। उहाँले अब युद्ध जित्ने आशा मारिसक्नुभएको छ। अमेरिका पश्चिम एसियाको युद्धमा होमिएकाले युक्रेनलाई आर्थिक र हतियार सहयोग गर्न नसक्ने अवस्थामा पुगेको छ। युरोपेली सङ्घको सहयोग अपुग छ। चीन र उत्तर कोरियाबाट भरपुर सहयोगले रुसको हात यतिखेर माथि परेको छ। उसले यतिबेला युक्रेनमाथि दबाबमूलक आक्रमणलाई तीव्र पारेको छ। युद्धका क्रममा रुसले युक्रेनको करिब २५ प्रतिशत भूभाग कब्जा गरेको छ। राष्ट्रपति पुटिन आफ्नो नियन्त्रणमा आएको युक्रेनी भूभाग फिर्ता नगर्ने पक्षमा हुनुहुन्छ। साथसाथै युक्रेन युरोपेली सङ्घ (इयु) र उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो) को सदस्य नबन्ने सर्त मान्न तयार भए मात्र वार्ता गर्न सकिने पक्षमा हुनुहुन्छ। पुटिनको यो अडानले जेलेन्स्की धर्मसङ्कटमा पर्नुभएको छ।

वास्तविकता के हो भने अमेरिका, इयु र नेटोको सहयोगबिना जेलेन्स्कीले युद्धलाई निरन्तरता दिन सक्नुहुन्न। युद्धका क्रममा युक्रेनले आफ्ना चार वटा प्रान्त गुमाइसकेको छ। युद्ध जारी रहे थप प्रान्त गुम्ने खतरा छ। यही सम्भावित खतरा दृष्टिगत गरी जेलेन्स्कीले प्रत्यक्ष वार्ता गरी युद्ध अन्त्य गर्न चाहनुभएको हो। उहाँ आर्थिक र आन्तरिक राजनीतिको हिसाबले पनि कमजोर बन्नुभएको छ। युक्रेनमा राष्ट्रपतिको आवधिक निर्वाचन हुन सकेको छैन। विगत दुई वर्षदेखि उहाँले अनिर्वाचित सत्ता चलाइरहनुभएको छ। उहाँ मुलुकभित्र अलोकप्रिय बन्नुभएको छ।

युद्धका क्रममा लाखको सङ्ख्यामा सेना मारिएका छन्, हजारौँको सङ्ख्यामा सर्वसाधारण नागरिकको ज्यान गएको छ। युद्धका कारण ५० लाखभन्दा बढी युक्रेनी नागरिक शरणार्थी बनी युरोपका विभिन्न मुलुकमा पुगेका छन्। ४० लाखभन्दा बढी नागरिक आन्तरिक रूपमा विस्थापित भएका छन्। भौतिक क्षति अकल्पनीय छ। धेरै जसो पूर्वाधार ध्वस्त भएका छन्। अर्थतन्त्र तहसनहस भएको छ। मुलुकले भोगेको यो गम्भीर दुर्दशाका कारण नै जेलेन्स्की बन्नुभएको छ। उहाँले छिमेकी रुससँग मिलेर बस्ने, इयु र नेटोतिर नढल्किने परिपक्क कूटनीति लिनुभएको भए युद्ध नै हुने थिएन। उहाँको कच्चा राजनीतिक महत्त्वाकाङ्क्षाले युक्रेन त ध्वस्त भयो नै, विश्व अर्थतन्त्रसमेत गम्भीर सङ्कटमा फस्यो।

सन् २०२२ फेब्रुअरी २४ देखि रुसले युक्रेनमाथि सैन्य आक्रमण सुरु गरेको हो। पाँचौँ वर्षमा प्रवेश गरेको यो युद्ध युरोपमा दोस्रो विश्वयुद्धपछिको सबैभन्दा लामो युद्ध हो। यो युद्ध अन्त्य गर्न यस अवधिमा विभिन्न चरणमा अन्तर्राष्ट्रिय प्रयास गरे पनि सफलता मिलेको छैन। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी मध्यस्थतामा संयुक्त अरब इमिरेट्स र स्विट्जरल्यान्डमा गराउनुभएका विभिन्न चरणका शान्तिवार्ताबिना निष्कर्ष टुङ्गिएका छन्। उहाँ स्वयम्ले पनि पुटिन र जेलेन्स्कीसँग पटक पटक संवाद गर्नुभयो। युद्ध अन्त्य गर्न अल्टिमेटमसमेत दिनुभयो। तैपनि निकास निस्केन। बल्ल अहिले हतियार र आर्थिक हिसाबले कमजोर भएपछि युक्रेन युद्धको मोर्चालाई यथास्थितिमा 'फ्रिज' गरेर कूटनीतिक बाटो रोज्न तयार भएको छ। पुटिन भने युक्रेनलाई थप कमजोर बनाएर आफ्ना सर्त मान्न बाध्य पार्ने कठोर रणनीतिमा हुनुहुन्छ।

सन् २०२२ फेब्रुअरी २४ मा जब रुसी ट्याङ्क युक्रेनी सीमाभित्र प्रवेश गरे, धेरै विश्लेषकले यो युद्ध केही दिन, बढीमा केही सातामै टुङ्गिने अनुमान गरेका थिए तर समयको गतिसँगै यो युद्धले पाँचौँ वर्षको कठिन यात्रा तय गरिसक्दा पनि अन्त्य हुने लक्षण देखिएको छैन। शीतयुद्धकालीन मानसिकता, विश्वव्यापी महाशक्ति बन्ने होड र क्षेत्रीय सुरक्षास्वार्थका कारण अल्झिएको रुस–युक्रेन युद्धले विश्व भूराजनीति र अर्थतन्त्रलाई नै गम्भीर मोडमा पुर्‍याएको छ। युद्धको प्रारम्भिक चरणमा रुसले युक्रेनको राजधानी किभसहितका प्रमुख सहर कब्जा गर्ने रणनीति लिएको थियो। यद्यपि युक्रेनी नागरिक, सेनाको कडा प्रतिरोध र पश्चिमा देशको आर्थिक तथा हतियार सहयोगका कारण रुस पूर्वी डोनबास, लुहान्स्क, डोनेत्स्क, जापोरिझिया र खेर्सान जस्ता क्षेत्रमा सीमित हुन पुग्यो। यी क्षेत्र रुसको कब्जामा छन्। अहिले युद्धको स्वरूपमा परिवर्तन आएको छ। विगतमा सीमा क्षेत्रमा मात्र केन्द्रित लडाइँ अहिले प्रविधि र ड्रोन युद्धमा रूपान्तरण भएको छ। युक्रेनले लामो दुरीका ड्रोन र हतियारको प्रयोग गरी रुसको भित्री भूभाग, विशेष गरी सेन्ट पिटर्सबर्ग र मस्को जस्ता सुरक्षित मानिएका सहरका सैन्य र तेल भण्डारमा आक्रमण गर्न थालेको छ। यसले रुसको घरेलु सुरक्षामा धक्का लागेको छ। बदलामा रुसले युक्रेनका ऊर्जा पूर्वाधार र नागरिक बस्तीमा समेत क्षेप्यास्त्र वर्षा गरिरहेको छ, जसका कारण युक्रेनमा जनधनको क्षति निरन्तर बढेको छ।

शीतयुद्धकालीन मानसिकता, विश्वव्यापी महाशक्ति बन्ने होड र क्षेत्रीय सुरक्षास्वार्थका कारण अल्झिएको रुस-युक्रेन युद्धले विश्व भूराजनीति र अर्थतन्त्रलाई नै गम्भीर मोडमा पुर्‍याएको छ। युद्धको प्रारम्भिक चरणमा रुसले युक्रेनको राजधानी किभसहितका प्रमुख सहर कब्जा गर्ने रणनीति लिएको थियो। यद्यपि युक्रेनी नागरिक, सेनाको कडा प्रतिरोध र पश्चिमा देशको आर्थिक तथा हतियार सहयोगका कारण रुस पूर्वी डोनबास, लुहान्स्क, डोनेत्स्क, जापोरिझिया र खेर्सान जस्ता क्षेत्रमा सीमित हुन पुग्यो। यी क्षेत्र रुसको कब्जामा छन्।

पछिल्लो पटक पुटिनको वार्ता सर्त स्पष्ट छ, "युक्रेनले आफ्ना चार वटा कब्जा गरिएका प्रान्तमा रुसी आधिपत्यलाई पूर्ण रूपमा स्विकार्नु पर्छ साथै इयु र नेटोको सदस्यता लिने योजना सदाका लागि त्याग्नु पर्छ।" अर्कोतर्फ, जेलेन्स्की र उहाँका पश्चिमा सहयोगी राष्ट्रहरू युक्रेनको सार्वभौमसत्ता र भूभाग रुसलाई सुम्पेर सम्झौता गर्ने पक्षमा छैनन्। दुवै पक्षको यो 'शून्य सम्झौता' को अडान नै शान्ति स्थापनाको सबैभन्दा ठुलो तगारो बनेको छ। पुटिनले यो युद्धलाई केवल युक्रेनसँगको लडाइँ मात्र नभई पश्चिमा जगत् र नेटोको विस्तारवादविरुद्धको ऐतिहासिक लडाइँका रूपमा प्रस्तुत गर्नुभएको छ। रुसी संसद् र कानुनमा गरिएका पछिल्ला संशोधनले पुटिनलाई आफ्नो राष्ट्रिय स्वार्थका लागि थप आक्रामक बन्ने बाटो खोलिदिएको छ। युक्रेनका लागि यो युद्ध आफ्नो राष्ट्रिय पहिचान र सार्वभौमिकता जोगाउने अस्तित्वको लडाइँ बनेको छ। भूभाग त्यागेर गरिने शान्ति सम्झौताले युक्रेनी जनता र सेनाको मनोबल गिराउने मात्र नभई भविष्यमा रुसलाई पुनः आक्रमण गर्न प्रोत्साहन मिल्ने युक्रेन पक्षधरको बुझाइ छ।

रुसको सेखी तोड्न र हराउन भनी अमेरिका, इयु र नेटोले युक्रेनलाई अर्बौं डलरका हतियार र आर्थिक सहायता उपलब्ध गराउँदै आएका छन्। उनीहरूको रणनीतिक उद्देश्य युक्रेनको माध्यमबाट रुसको सैन्य र आर्थिक सामर्थ्यलाई कमजोर बनाउनु हो। यसका लागि चालिएका रणनीतिले अपेक्षित सफलता हासिल हुन सकेन। पछिल्ला वर्षमा विश्वको ध्यान केवल युक्रेनमा मात्र सीमित रहेन। पश्चिम एसियामा इरान र इजरायलबिचको बढ्दो तनाव तथा अमेरिका आफैँ इरानसँगको युद्धमा होमिएको छ। सोही कारण युक्रेन सङ्कट सल्टाउन अन्तर्राष्ट्रिय समुदायले पूर्ण शक्तिकेन्द्रित गर्न सकेको छैन।

हुन त यो युद्धबाट रुस र युक्रेन दुवैमध्ये कसैलाई पनि फाइदा भएको छैन; बरु दुवै राष्ट्रले ठुलो क्षति बेहोरेका छन्। रणनीतिक र दीर्घकालीन रूपमा हेर्दा यो युद्ध दुवै देशका लागि प्रत्युत्पादक बन्ने स्थितिमा छ। रुसले युक्रेनको पूर्व र दक्षिणतर्फको औद्योगिक क्षेत्र (डोनबास, लुहान्स्क, डोनेत्स्क र क्रिमिया) को ठुलो भूभागमा आफ्नो नियन्त्रण कायम राख्न सफल भएको छ। मस्कोले यसको बदलामा चर्को मूल्य चुकाउनु परेको छ। अन्तर्राष्ट्रिय प्रतिबन्धका कारण रुसी अर्थतन्त्र विश्व बजारबाट अलग्गिएको छ। लाखौँ युवा सैनिकको मृत्यु भएको छ भने दक्ष जनशक्ति देश छोडेर भागेका छन्। सबैभन्दा ठुलो कुरा, रुसले जुन नेटो विस्तार रोक्न युद्ध सुरु गरेको थियो, उल्टै फिनल्यान्ड र स्विडेन जस्ता छिमेकी देशहरू नेटोमा सामेल भएर रुसी सिमानासम्म नेटो पुगेको छ। भूराजनीतिक हिसाबले रुसका लागि यो नयाँ चुनौती हो।

अर्कोतर्फ युद्धका कारण युक्रेनको भौतिक पूर्वाधार, सहरहरू र ऊर्जा प्रणाली पूर्ण रूपमा ध्वस्त भएका छन्। देशको अर्थतन्त्र पश्चिमा देशहरूको ऋण र अनुदानमा निर्भर बनेको छ। लाखौँ नागरिक विस्थापित वा शरणार्थी भएका छन्। आफ्नो सार्वभौम भूभागको करिब २५ प्रतिशत हिस्सा रुसको कब्जामा परेको छ। अन्तर्राष्ट्रिय राजनीतिक विश्लेषकका अनुसार यस युद्धबाट रुस वा युक्रेन दुवैलाई घाटा भएको छ। तेस्रो पक्षले यसको फाइदा उठाएको छ। अमेरिका र नेटो आफ्ना सैनिक युद्धमा नपठाइकन हतियार र आर्थिक सहयोगको भरमा रुसको सैन्य र आर्थिक सामर्थ्यलाई कमजोर बनाउन सफल भएका छन्। रुस पश्चिमी देशबाट एक्लिएपछि ऊ पूर्ण रूपमा चीनको आर्थिक र राजनीतिक साखमा निर्भर हुन पुगेको छ। यसले चीनलाई सस्तोमा इन्धन प्राप्त हुनुका साथै वैश्विक राजनीतिमा उसको 'बार्गेनिङ पावर' बढेको छ। यही द्वन्द्वको निहुँमा अमेरिका र युरोपका ठुला रक्षा उद्योगले अर्बौं डलरका हतियार बिक्री गर्ने अवसर पाएका छन्। रुसले युक्रेनको केही भूभाग कब्जा गरे पनि वैश्विक राजनीति, अर्थतन्त्र र मानवीय क्षतिका हिसाबले यो युद्धमा रुस र युक्रेन दुवैले ठुलो क्षति भोगेका छन्।

रुस–युक्रेन युद्धमा हालसम्म अनुमानित १७ लाखभन्दा बढी सैनिक हताहत (घाइते तथा मारिएका) भएका छन् भने २० हजारभन्दा बढी सर्वसाधारणको मृत्यु भइसकेको छ। आर्थिक क्षतिको कुरा गर्दा, युक्रेनको पुनर्निर्माणका लागि मात्रै आगामी दशकमा ५८८ अर्ब अमेरिकी डलर आवश्यक पर्ने संयुक्त राष्ट्रसङ्घ र विश्व बैङ्कको पछिल्लो प्रतिवेदनले देखाएको छ। पश्चिमा गुप्तचर र सैन्य विश्लेषकका अनुसार यस युद्धमा रुसले सबैभन्दा ठुलो सैन्य क्षति बेहोरेको छ। रुसका १२ लाखभन्दा बढी सैनिक हताहत (घाइते, मारिएका वा बेपत्ता) भएका छन्, जसमध्ये तीन लाख २५ हजारभन्दा बढीको मृत्यु भइसकेको अनुमान छ। यो सङ्ख्या दोस्रो विश्वयुद्धपछि कुनै पनि महाशक्ति राष्ट्रले बेहोरेको सबैभन्दा ठुलो सैन्य क्षति हो। युक्रेनतर्फ पाँच लाखदेखि छ लाखसम्म सैनिक हताहत भएका छन्, जसमा एक लाखदेखि एक लाख ४० हजारसम्म सैनिकले ज्यान गुमाएका छन्।

राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयका अनुसार युक्रेनमा कम्तीमा १५ हजार ८५० जना सर्वसाधारण मारिएका छन् भने ४४ हजारभन्दा बढी घाइते भएका छन्। मृतकमध्ये ७६० भन्दा बढी बालबालिका छन्। वास्तविक सङ्ख्या योभन्दा निकै बढी हुन सक्ने राष्ट्रसङ्घको भनाइ छ। युक्रेनका करिब ६० लाख नागरिक शरणार्थीका रूपमा युरोपभरि छरिएका छन् भने ३७ लाखभन्दा बढी देशभित्रै आन्तरिक रूपमा विस्थापित भएका छन्।

रुसी क्षेप्यास्त्र र ड्रोन आक्रमणका कारण युक्रेनका आवास, यातायात र ऊर्जा प्रणाली (बिजुलीघर) पूर्ण रूपमा ध्वस्त भएका छन्। युक्रेनलाई हालसम्म १९५ अर्ब डलरको प्रत्यक्ष भौतिक क्षति भइसकेको छ। विश्व बैङ्क, युरोपेली आयोग र राष्ट्रसङ्घको संयुक्त प्रतिवेदन अनुसार युक्रेनको पुनर्निर्माण र आर्थिक पुनरुत्थानका लागि ५८८ अर्ब डलर आवश्यक पर्छ, जुन युक्रेनको कुल गार्हस्थ उत्पादनभन्दा तीन गुणाभन्दा बढी हो। रुसले युद्धका लागि दैनिक ५० करोडदेखि एक अर्ब डलर खर्च गरिरहेको अनुमान छ। अन्तर्राष्ट्रिय प्रतिबन्धका कारण रुसको राष्ट्रिय ऋण २१ प्रतिशतले बढेर ३७५ अर्ब युरो पुगेको छ। सन् २०२५/२६ मा उसको आर्थिक वृद्धिदर खुम्चिएर केवल ०.६ प्रतिशतमा सीमित भएको छ। यस युद्धका कारण विश्व अर्थतन्त्रलाई हालसम्म करिब २८ खर्ब अमेरिकी डलर बराबरको गम्भीर आर्थिक क्षति भइसकेको छ। विश्व बैङ्क, अन्तर र्राष्ट्रिय मुद्रा कोष र विश्व आर्थिक मञ्च जस्ता संस्थाका अनुसार यो युद्ध केवल दुई देशमा मात्र सीमित नरहेर यसले विश्वभरकै आपूर्ति शृङ्खला ध्वस्त पारेको छ। युद्धले विश्वव्यापी आर्थिक मन्दी ल्याएको छ भने कुल गार्हस्थ उत्पादनमा गिरावट आएको छ। अतः अब यो युद्ध अन्त्य गर्न एउटा लेनदेनको सम्झौतामा पुग्न आवश्यक छ। पुटिन र जेलेन्स्की प्रत्यक्ष वार्तामा बसी उपयुक्त निकास निकाल्नु उत्तम विकल्प हो।

# देश समृद्ध बनाउने आधार



पुण्यप्रसाद भट्टराई

नेपाल विकास संवेदनशील चरणमा छ। यस अवस्थामा द्रुत आर्थिक समृद्धिका लागि विश्वका सफल देशबाट सिक्न सकिने प्रशस्त दृष्टान्त छन्। अविकास हाम्रो प्राथमिक चुनौती भए पनि त्यसलाई चिर्न आवश्यक पर्ने ज्ञान र प्रविधि जुनसुकै स्थानबाट आयात गर्न सक्ने अनुकूलता हामीलाई उपलब्ध छ। यस प्रक्रियाको मेरुदण्ड मानिने दक्ष जनशक्तिका रूपमा नेपाली नै विश्वभर छरिएकाले उनीहरूको ज्ञान, सिप र क्षमतालाई मुलुकको हितमा परिचालन गर्न सकिन्छ।

दक्षिण कोरियामा पार्क चुङ् ही शासनकालपछिको पूर्वाधार विकास प्रयासका सकारात्मक पक्ष हामीले अवलम्बन गर्न सक्छौँ। सार्वजनिक क्षेत्र व्यवस्थापनमा सिङ्गापुरका लि क्वान युले उपयोग गरेका नीति नेपालका लागि काम लाग्ने छन्। प्रविधि हस्तान्तरण र नागरिकमा ज्ञान विस्तारका कुरा जापानको इतिहासबाट हामीले सिक्न सक्छौँ।

विश्वमा पछिल्लो समय विकासमा द्रुत गति लिएका देशका उदाहरण प्रशस्त छन् र तिनबाट सिक्न सक्छौँ। नजिकैको मध्य एसियाली देश जर्जियाबाट कसरी छोटो समयमा नै सेवा प्रवाह र सार्वजनिक क्षेत्रमा सुशासनको रणनीति लिन सकिन्छ भनेर राम्रा पक्ष सिक्न सक्छौँ। अजरबैजान पनि पछिल्लो समयमा सोही गतिमा अघि बढेको छ।

नेपालको सर्वपक्षीय विकासका मार्गमा विद्यमान चुनौतीको सन्दर्भमा नोबेल पुरस्कार विजेता अर्थशास्त्रीद्वय एस्तर डुफ्लो र अभिजित बनर्जीले आफ्नो पुस्तक 'पुअर इकोनोमिक्स' मा व्याख्या गरे झैँ वैचारिकता, जडता र अज्ञानता चिर्नु पर्छ। बलियो आत्मविश्वासका साथ अगाडि बढ्नु पर्छ। फ्रेड रिग्सले 'दी इकोलोजी अफ पब्लिक एडमिनिस्ट्रेसन' मा चित्रण गरे झैँ परिवर्तनशील समाजको बहुरङ्गी चरित्रले नेपाली समाजका कतिपय चुनौतीलाई थप जटिल र जीर्ण बनाएको छ। यस्ता बहुआयामिक समस्याको दिगो समाधानका लागि नेपालको राजनीतिक संस्कार, शिक्षा प्रणाली र स्वास्थ्यसहितको सामाजिक सुरक्षा संयन्त्रमा आयामिक रूपान्तरण ल्याउनु अपरिहार्य देखिन्छ।

नेपालीको एउटा कमजोर मनोवैज्ञानिक पक्ष भनेको कुनै पनि विषयमा 'आफू पछि छुटिएला कि' वा 'आफ्नो अस्तित्व नै सङ्कटमा पर्ला कि' भन्ने चरम चिन्ता हो। यही अस्तित्वगत भय र हीनताभासका कारण हाम्रो आमचरित्रमा आफ्नै छिमेकी, आफन्त वा मित्रले गरेको प्रगतिलाई सहर्ष स्वीकार गर्नुको सट्टा, त्यसलाई सधैँ संशय, ईर्ष्या र चिन्ताको दृष्टिकोणले हेर्ने प्रवृत्ति छ भने त्यसबाट मुक्त हुनु पर्छ।

नेपालको जनसङ्ख्या तुलनात्मक रूपमा उस्तै भूगोल भएका देशभन्दा कम मान्न सकिन्छ। नेपालको सबै जनसङ्ख्याभन्दा धेरै बढी त छिमेकी भारतमा निरपेक्ष गरिबीका रेखामुनिका मानिस होलान्। नेपालको करिब तीन करोड जनतामध्ये लाखौँ नेपाली विदेशमा छन्। उनीहरू देश फर्कंदा आफैँ मध्यम वर्गीय भएर फर्कने छन्।

देशभित्र क्रियाशील नागरिकको ठुलो सङ्ख्या वर्तमानमा नै मध्यम वर्गीय स्थापित भइसकेको छ। हाल कुल जनसङ्ख्याको आधा हिस्सा अर्थात् करिब डेढ करोड नागरिकलाई मात्र राज्यको अविच्छिन्न संरक्षण आवश्यक छ। यो लक्षित वर्गको सामाजिक सुरक्षा र आधारभूत पूर्वाधार विकासमा मात्रै राज्यको ध्यान केन्द्रित हुन सकेमा नेपाल सहजै मध्यम वर्गीय मुलुकको स्तरमा उक्लने निश्चित छ।

नेपालले अतिकम विकसित मुलुक (एलडिसी) बाट विकासशील राष्ट्रमा हुने स्तरोन्नतिको प्रक्रियालाई तत्कालका लागि स्थगित गरिदिन संयुक्त राष्ट्रसङ्घसमक्ष पत्राचार गरेको छ। यसले नवीन रणनीति लिएर अघि बढ्ने समय व्यवस्थापनको सुविधा प्राप्त हुने छ।

राष्ट्रिय योजना आयोगबाट प्रकाशित एक दस्तावेजमा करिब ४९ प्रतिशत अनौपचारिक अर्थतन्त्र छ। नेपालको यो अर्थतन्त्रलाई औपचारिक गराउने हो भने सिद्धान्ततः अहिलेको राजस्वको हिस्सा दोब्बर हुनु पर्छ। नेपाललाई आफ्नो कुल गार्हस्थ उत्पादन एक सय खर्बको बनाउन त्यति धेरै दुःख र तनाव लिनुपर्ने देखिन्न। पर्यटन, अर्गानिक कृषि, रिसर्च सेन्टर, डाटा सेन्टर जस्ता क्षेत्र नेपालका तुलनात्मक लाभका क्षेत्र हुन्। त्यसका लागि आवश्यक बिजुली उत्पादन नेपालको अर्को सक्षमता हो। अन्य खनिज त अन्वेषण हुनै सकेको छैन। ग्यास र युरेनियमका सम्भावना देखिएको छ।

व्यापार लागत घटाउन समुद्र नै चाहिन्छ भन्ने छैन। जुत्ता नै उत्पादन गर्नु पर्छ भन्ने अवधारणा परिवर्तन हुँदै छ। संसारमा ज्ञान निर्यात गरेर अर्थतन्त्र चलाउने दृष्टिकोण अब असम्भव छैन। त्यसका लागि जनशक्ति, उत्पादित वस्तुको मूल्य अभिवृद्धि र गुणस्तरमा ध्यान दिनु पर्छ। नेपालका पुराना विज्ञले लिने गरेको सामरिक चासो नेपालको भू-अवस्थिति र विचारधारा पनि हो। नेपाललाई दुई ढुङ्गाबिचको तरुल (याम डक्ट्रिन) का रूपमा हेर्ने विज्ञ छन्।

आज भारतीय सञ्चार माध्यममा प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको प्रशंसा भइरहेको छ। छिमेकी मुलुकका जनतामा असल राजनीतिक संस्कारको आशा र खुसी सञ्चार हुनु आफैँमा सकारात्मक पक्ष हो। दक्षिण एसियाली अन्तर्राष्ट्रिय सम्बन्धको मनोविज्ञान 'यथार्थवादी' दृष्टिकोणभन्दा माथि उठ्न नसकिरहेको वर्तमान अवस्थामा यस किसिमको सद्भावले कूटनीतिक र क्षेत्रीय सम्बन्धमा दीर्घकालीन एवं सकारात्मक प्रभाव पार्ने छ।

आज भारतीय सञ्चार माध्यममा प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारको प्रशंसा भइरहेको छ। छिमेकी मुलुकका जनतामा असल राजनीतिक संस्कारको आशा र खुसी सञ्चार हुनु आफैँमा सकारात्मक पक्ष हो। दक्षिण एसियाली अन्तर्राष्ट्रिय सम्बन्धको मनोविज्ञान 'यथार्थवादी' दृष्टिकोणभन्दा माथि उठ्न नसकिरहेको वर्तमान अवस्थामा यस किसिमको सद्भावले कूटनीतिक र क्षेत्रीय सम्बन्धमा दीर्घकालीन एवं सकारात्मक प्रभाव पार्ने छ।

परिपक्व कूटनीतिका लागि योग्यतामा आधारित कूटनीतिज्ञ छनोट र व्यवहारले नेपाल जस्तो देशलाई विश्वबाट रणनीतिक लाभांश लिन गाह्रो छैन। नेपालका लागि दुई देशसँग मात्र सीमा जोडिनु सबैभन्दा सकारात्मक यथार्थलाई कूटनीतिक उपलब्धिमा रूपान्तरण गरिनु पर्छ। कूटनीतिका विज्ञ नेपालको मुख्य छिमेकीको सङ्ख्या तीन भएको भन्दै अमेरिकासँग पनि उस्तै व्यवस्थापकीय कौशल राख्नुपर्ने मत राख्छन्। अरू मुलुकसँग पनि राष्ट्रिय स्वार्थलाई सर्वोपरि राखेर सम्बन्धका आयाम विस्तार गरिनु पर्छ। यस सन्दर्भमा वर्तमान सरकारको व्यवस्थापनको शैलीको प्रशंसा कूटनीतिक वृत्तबाट नै हुन थालेको छ, यो सकारात्मक पक्ष हो।

नेपालले सधैँ सोचिरहनुपर्ने एउटा विषय इन्धन हो तर दीर्घकालमा समस्या छैन। विश्वले नै ग्यासको उपयोग घटाउने प्रविधि अपनाउन थालेको छ। विद्युत्को अपार क्षमताको उपयोग नेपालको पहिलो रणनीति हुने छ। यातायातका साधनको इन्जिन रूपान्तरण गर्न सकिने नीतिगत पक्षलाई वर्तमान सरकारले राम्ररी आत्मसात् गर्न प्रयास गरेको छ। ग्यास इन्धनका लागि हाम्रा साना र ठुला सहरका फोहोरलाई मिथेनमा परिणत गर्न असहज छैन। अब प्रविधि पनि सस्तो हुँदै गएको छ। यसको सहउत्पादन हामी अर्गानिक मल उत्पादन गरी अर्गानिक खाद्यवस्तु उत्पादन र निर्यात गर्न सक्नै सम्भावना प्रशस्त छन्।

## नेपालका चार प्राथमिकता

**डिजिटाइजेसन** : नेपालले राज्यका सम्पूर्ण तथ्याङ्कलाई सुरक्षित रूपमा डिजिटलाइजेसन नगर्दासम्म विकासका योजना छरिने, अव्यवस्थित हुने र लगानी दोहोरिने जोखिम रहन्छ। जनसाङ्ख्यिक तथ्याङ्कलाई केन्द्रमा राखी राज्यका सम्पूर्ण शासकीय आयामलाई समेट्ने 'एकल तथ्याङ्क प्रणाली' को विकास गर्नु अपरिहार्य छ। यस्तो प्रणालीले हाल खण्डीकृत रूपमा भइरहेका खर्चिला राष्ट्रिय लगानीहरू जस्तै राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र र सवारी लाइसेन्स आदि व्यवस्थापनको खर्चलाई घटाएर राज्यको लगानीलाई एकीकृत र मितव्ययी तुल्याउने छ।

**बस्ती व्यवस्थापन** : तथ्याङ्कीय पूर्वाधारका सहायताले बस्ती व्यवस्थापन गर्न सहज हुने छ। यसबाट पूर्वाधार विकासमा रहेको अनावश्यक बोझलाई खर्लप्पै घटाइदिने छ। शिक्षा, स्वास्थ्य जस्ता पूर्वाधारलाई एकत्रित गर्ने छ। एकीकृत सेवाकेन्द्रको विकास हुने छ। सेवा लागत घट्ने छ। सहरी केन्द्रीकरण प्राकृतिक रूपमा नै विकेन्द्रित हुने छ। स्याटेलाइट सहर बन्ने छन्। घर नभएको ठाउँमा सहकारी कृषि र उद्योग स्थापना गर्न सहज हुने छ।

वनलाई नवीकरणीय आर्थिक स्रोतका रूपमा उपयोग गर्ने कानुनी व्यवस्था आवश्यक छ। रणनीतिबाट पर्यावरणीय न्याय र बुढो रुखको उपयोगबाट आर्थिक क्षेत्रको विस्तार गर्न सकिने छ। यसका साथै दिगो सहरी सुरक्षा व्यवस्थापन र कृषि क्षेत्रमा आधुनिक यातायातको सहज पहुँच विस्तार गर्न आवश्यक छ। चीनले यसमा सबैभन्दा धेरै विकास गरेको छ। कृषि क्षेत्रमा कालोपत्रे बाटो नै लैजानु पर्छ भन्ने छैन, सहज रोपवे जस्ता प्रविधि प्रचुर मात्रामा चीनले उपयोग गरिरहेको देखिन्छ।

**पूर्वाधार निर्माण** : बस्ती व्यवस्थापन र सेवाकेन्द्रको अवधारणाले पूर्वाधार विकास लागत प्रभावकारी रूपमा घटाउने छ। सेवाकेन्द्रको उपयोगबाट प्रशासन संयन्त्रलाई जिम्मेवार र व्यावसायिक बनाउन सकिन्छ भन्ने हामीले जर्जियाको सन् २००६ पछिको परिवर्तनलाई हेर्न सक्छौँ। वैज्ञानिक अत्याधुनिक पूर्वाधार निर्माणमा सरकारले लगानी गर्नै पर्छ। अहिलेको जस्तो छरिएको लगानीले एकीकृत विकासको जग बसाल्न सकिन्न।

**औद्योगिकीकरण** : नेपालमा उत्पादनमूलक उद्योगको अवस्था धेरै वर्षदेखि नाजुक छ। कुल गार्हस्थ उत्पादनमा यसको योगदानको अवस्था विश्वमा नै कमजोरमध्ये पर्छ। अब तुलनात्मक लाभका क्षेत्र र परिवर्तित विश्वले खोज्न सक्ने उत्पादनमा केन्द्रित हुन आवश्यक छ। सेवा उद्योगको गुणस्तरलाई प्रभावकारी बनाउने तथा उत्पादनमूलक क्षेत्रको दायरा बढाउने पक्षमा सरकार लागेमा रोजगारी र सामाजिक सुरक्षामा नेपालले ठुलै फड्को मार्ने छ। यहाँ चर्चा गरिएका रणनीतिको आलोकमा दृढतापूर्वक अगाडि बढेको खण्डमा नेपाल विश्वमानचित्रमा एक समृद्ध र सुसंस्कृत मुलुकका रूपमा स्थापित हुन धेरै समय लाग्ने छैन।

# नेपालका बेटि हिन्सा बर्‍नि आछो






■ सकुन्तला माझि

छावा र बेटि एकइ रथक दुइ पाङ्रा हो। सिस्टि चलारा साथे हरेक काम कइनि गरोनखेर छावा र बेटिक भुमिका बरोबरि हखो। सन्सारका हखेल हरेक सजिब बस्तुक लागि प्रकिर्‍तिन दिइल भाले र पोथिक महत्व उतिनइ आछो।

कोन्नु सान्ख र कोन्नु बड्ख बइने। सन्सारका दुइटो कइ महत्व बरोबरि हख्नुले छावा र बेटि हनिके भेदभाब गर्त बाताबरन नइ नाखर। सप्पेक काम ,कर्तब्बे, अदिकार र महत्व एकइ हखो। सन्सार चलारा दुइटो कइ महत्व बरोबरि हख्ल हुनान भाले र पोथिक सिस्टि हखेल हो। छावा गोग्चे र बेटि गोग्चेक प्रकिर्‍तिन बनाइल सरिरक अङ्गनेन हनाओ कि दुइटो कइ भुमिका बरोबरि हखो। कोन्नुलइ कोन्नुन हेप्रा ,चेप्रा र अपहेलना गर्दा नाखर। सप्पान अन सन्सारका पाइल एक बारक जिन्दकिका खुलिके हाँसिके बाँच्रा पाउरा अदिकार आछो।

| क्यास क्रेडिट २२५०१०००४३७१०४३ | **महतो खाद्यान्न खरिद बिक्रि ट्रेडर्स।** सिसवनी जहदा १ मोरङ। प्रा.फा.नं.२२६३१/०६६/६७ वाणिज्य कार्यालय विराटनगर। प्रोप्राइटर : विजय कुमार महतो। ना.प्र.नं : ७१४७५ मोरङ। ठेगाना : सिसवनी जहदा ३ मोरङ। बावु : गगां प्रसाद महतो। बाजे : रामजी महतो। | केशो महतोको नाति रामजी महतोको छोरा गगां प्रसाद महतो को नाममा मालपोत कार्यालय विराटनगरमा दर्ता स्रेस्ता कायम रहेको सिसवनी जहदा १ स्थित कि.नं. ७४१, ४८३, ७८० र सिसवनी जहदा ३ स्थित कि.नं. ९८ तथा क्षेत्रफल क्रमश २३२.५०,१६१,८२५.३५ र ३५७.५० व.मि. रहेको जग्गा र कि.नं. ७८० मा बनेको घर तथा लिगलगापात समेत। | **रु. १,२५,०७,५२०।३६** (अक्षरुपी रु. एक करोड पच्चीस लाख सात हजार पाँच सय विस पैसा छत्तीस मात्र) |
| **जमानतदाताहरू** | गगां प्रसाद महतो। सिसवनी जहदा ३ मोरङ ना.प्र.नं. २९४४मोरङ (२०३६/०४/०८)। संजय कुमार महतो। सिसवनी जहदा ३ मोरङ ना.प्र.नं. ७/२०४९ मोरङ (२०६२/११/०४)। सारदा देबी महतो। सिसवनी जहदा ३ मोरङ ना.प्र.नं. १३९३० मोरङ (२०६६/०६/२६)। पिंकी कुमारी शाह। विराटनगर २१ मोरङ ना.प्र.न.०५१०८६/३८ (२०६४।०२।०९)। | | **जानकारीका लागि** |

**६) शाखा कार्यालय कोटिहवा।***

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|
| क्यास क्रेडिट (हाईपोथिकेसन) ३३९०१०००१०३०४३ विनिय जमानत ३३९०१०००००२३०९ विनिय जमानत ३३९०१०००००३३०९ | **बिराट इन्टरनेशनल ग्रुप प्रा.लि.** रजिष्टर्ड कार्यालय : सिद्धार्थनगर न.पा.३, रुपन्देही। (दर्ता नं.१३८०९८/०७२/०७३ कम्पनी रजिस्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौँ) संस्थापक शेयरधनी : सुनिल कुमार पुन ठेगाना : सिद्धार्थनगर न.पा.२, रुपन्देही। बाबु : दर्शन कुमार पुन बाजे : गोरे पुन | गोरे पुनकी बुहारी, दर्शन कुमार पुनकी पत्नी देव कली पुनको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता स्रेस्ता रहेको सिद्धार्थनगर न.पा. २क स्थित कि.नं.१२४७, १२४८ र १२५० क्षेत्रफल क्रमशः ०–८–०.५–० (२७१७.५८ ब.मि.), ०–०–१५–० (२५३.९४ ब.मि.) र ०–०–१५–० (२५३.९४ ब.मि.) जग्गा र सोमा बनेको टहरा तथा लिगलगापात समेत। | **रु.२,१९,००,०००।–** (अक्षरुपी दुई करोड उनाइस लाख मात्र) |
| | | दर्शन कुमार पुनकी बुहारी, सुनिल कुमार पुनकी पत्नी सुस्मा गुरुङको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता स्रेस्ता रहेको सिद्धार्थनगर न.पा. २घ स्थित कि.नं.२६६ क्षेत्रफल ०–२–११–० (८६३.३९ ब.मि.) जग्गा। | **रु.८७,००,०००।–** (अक्षरुपी सतासी लाख मात्र) |
| | | गोरे पुनको नाति, दर्शन कुमार पुनको छोरा सुनिल कुमार पुनको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता स्रेस्ता रहेको धकधई ७क स्थित कि.नं.७३४ र ७३६ क्षेत्रफल क्रमशः ०–०–१०.५–० (१७७.७९ ब.मि.) र ०–०–१२.५–० (२११.६५ ब.मि.) जग्गा। | **रु.१९,५०,०००।–** (अक्षरुपी उन्नाइस लाख पचास हजार मात्र) |
| **जमानतदाताहरू** | देव कली पुन। सिद्धर्थनगर न.पा.२, रुपन्देही। ना.प्र.नं. १।३९ (२०४४/१०/१०)। सुस्मा गुरुङ। सिद्धर्थनगर न.पा.२, रुपन्देही। ना.प्र.नं. ८३९ (२०५१/०३/०७)। विराट पुन। सिद्धर्थनगर न.पा.२, रुपन्देही। ना.प्र.नं.३७।०१।७१।०९२७५ (२०७१/१०/१२)। | | **जानकारीका लागि** |

**७) शाखा कार्यालय कलंकी**

| कर्जा शिर्षक र नम्बर | ऋणीको विवरण | लिलाम हुने सम्पत्तिको विवरण | न्यूनतम मूल्य |
|---|---|---|---|
| महालक्ष्मी घर कर्जा १७५०१०००१८६३१२ | **चेतराज भट्ट।** ना.प्र.नं.:– ६२ डडेलधुरा। ठेगाना :– उग्रतारा १ डडेलधुरा। बावु : लिलाधर भट्ट बाजे : मणिराम भट्ट | मणिराम भट्टको नाति लिलाधर भट्टको छोरा चेतराज भट्टको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौँमा दर्ता स्रेस्ता कायम रहेको थानकोट महादेवस्थान ७ ख स्थित कि.नं. ५१६ क्षेत्रफल ०–६–०–० रहेको जग्गा र सोमा वनेको घर तथा लिगलिगापात समेत। | **रु.५७,००,०००।–** (अक्षरुपी सन्ताउन्न लाख मात्र) |
| **जमानतदाताहरू** | अरुण गिरी भट्ट। उग्रतारा १ डडेलधुरा। ना.प्र.नं. ६७१०१५/६०कैलाली (२०६४।१०।०८)। एन्जेला भट्ट। उग्रतारा १ डडेलधुरा। ना.प्र.नं. ७४–०१–७३–०२५२७ डडेलधुरा (२०७३।०७।२२)। | | **जानकारीका लागि** |

**नोटः * कालोसूचीमा समावेस गरिसकेको।**

**शर्तहरू :**

१) बोलपत्र फाराम यस बैंकको कुनैपनि शाखा कार्यालयबाट रु. १,०००।– (अक्षरुपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ। फोटोकपि गरिएको फाराम मान्य हुने छैन।
२) बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रूपमा भर्नुपर्नेछ, साथै लिन चाहेको सो सम्पत्तिको मूल्य अङ्क र अक्षरमा समेत भर्नुपर्नेछ।
३) बोलपत्र खाम बाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नुपर्नेछ।
४) यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको प्रतिलिपि तथा फर्म/कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण–पत्रको प्रतिलिपि बोलपत्रको साथमा नै पेश गर्नुपर्नेछ।
५) बोलपत्र साथ आफूले कबोल गरेको अङ्कको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस बैंकको कुनैपनि शाखा कार्यालयमा **हिसाब मिलान हुन बाँकी कर्जा असुली खाता**मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंक कार्यालयको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैंकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकबाट जारी भएको सुरक्षणपत्र वा न्ययम for Payment Cheque/ Managers Cheque अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
६) लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समयभित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोही अवस्था वा परिमाणमा स्वीकार गर्नुपर्नेछ।
७) न्यूनतम मूल्य भन्दा कम रकम उल्लेख गरी पेश भएका बोलपत्रहरू स्वतः रद्द हुनेछन्।
८) बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पुर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनुपर्नेछ। सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
९) बोलपत्र दाखिला भईसके पछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुनेछैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म धरौटी रकम फिर्ता दिइने छैन।
१०) रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
११) बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ।
१२) बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पुर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरू रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ।
१३) एक व्यक्ति वा एकै परिवारबाट वा मिलोमतोबाट दुई वा दुईभन्दा बढी बोलपत्र पेश गरेमा लिलाम कारबाही जुनसुकै चरणमा रहेपनि उक्त बोलपत्रहरू बदर हुनेछन्।

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**केन्द्रीय कार्यालय, कर्जा अनुगमन तथा असुली विभाग**
**फोन नम्वर : ०१–५७२१२२०, एक्सटेन्सन नम्वर २६२७**

# स्थानीय कार्यक्रम अलपत्र

**बुलबुले समाचारदाता**
*सुर्खेत, जेठ २७ गते*

कर्णालीका विभिन्न स्थानीय तहमा सञ्चालन भइरहेका केही लोकप्रिय कार्यक्रम प्रदेश सरकारको प्राथमिकतामा नपरेपछि आगामी वर्षदेखि सञ्चालन नहुने भएका छन् ।

अघिल्लो सरकारले सञ्चालनमा ल्याएको कार्यक्रमको पछिल्लो सरकारले अपनत्व नलिँदा कर्णाली प्रदेश सरकारका एक दर्जनभन्दा धेरै ठुला र लोकप्रिय कार्यक्रम अलपत्र अवस्थामा छन् ।

कर्णालीको अति नै महत्त्वपूर्ण मानिएको छोरीहरूको आर्थिक तथा सामाजिक सुरक्षाका लागि सञ्चालन गरिएको कार्यक्रम कटौती गरिएको छ ।

'बैङ्क खाता छोरीको, सुरक्षा जीवनभरिको' कार्यक्रमले चालु आव २०८२/८३ सम्म निरन्तरता पाएको थियो ।

आगामी आव २०८३/८४ को नीति तथा कार्यक्रमबाट भने हटाइएको छ ।

यो कार्यक्रम उद्देश्य अनुसार निरन्तरता दिन कार्यविधि संशोधन, आन्तरिक स्रोत, कार्यक्रमको प्रभावकारिता तथा प्रभावित क्षेत्रको अध्ययन नै नगरी लोकप्रियताका लागि कार्यक्रम ल्याउँदा यस्तो समस्या आइरहेको स्थानीयको भनाइ छ ।

उक्त कार्यक्रम आव २०७६/७७ मा सुरु गरिएको हो तर आव २०७८/७९ बाट भने छोरीको बैङ्क खातामा पैसा जम्मा हुन छाडेको थियो । यसै आवको नीति तथा कार्यक्रममा यस योजनालाई परिमार्जनसहित कार्यान्वयन गरिने उल्लेख गरिएको भए पनि आवबाट हटाइएको छ ।

२०७६ साल साउन १ गतेयता जन्मिएका छोरीको खाता खोल्दा सुरुमा एक हजार र त्यसपछि मासिक पाँच सय रुपियाँ जम्मा गर्ने गरी यो कार्यक्रम लागु गरिएको थियो ।

२०७१ साल पुस १ गते तत्कालीन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले कालीकोटको खाँडाचक्र नगरपालिकाका दुई छोरीको बैङ्क खातामा रकम जम्मा गरी कार्यक्रमको शुभारम्भ गर्नुभएको हो ।

> कर्णालीको अति नै महत्त्वपूर्ण मानिएको छोरीहरूको आर्थिक तथा सामाजिक सुरक्षाका लागि सञ्चालन गरिएको कार्यक्रम कटौती गरिएको छ ।

आव २०७६/७७ मा तीन करोड ८४ लाख र आव २०७७/७८ मा छ करोड रुपियाँ स्थानीय तहमार्फत कर्णालीका ११ हजार ४१५ जना छोरीको खातामा जम्मा गरिएको थियो ।

विद्यमान अवस्थामै कार्यान्वयनमा ल्याउँदा प्रशासनिक लागतका हिसाबले खर्चिलो हुने, अभिलेखको व्यवस्थापकीय झमेला हुने गरेकाले कार्यक्रम नै काटिएको मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले जनाएको छ । अहिले सरकारले विभिन्न बहानामा कार्यक्रम कटौती गरेको छ ।

लोकप्रिय भनिएका कतिपय कार्यक्रम अहिले कार्यान्वयनमा नै छैनन् । यस्तै अलपत्र परेको अर्को बहुचर्चित कार्यक्रम २०७६ सालमै कार्यान्वयन कार्यविधि बनेको 'कर्णाली उज्यालो' कार्यक्रम सरकार परिवर्तन भएसँगै अलपत्र परेको हो । प्रदेशलाई तीन वर्षभित्र उज्यालो बनाइसक्ने लक्ष्यसहित २०७६ माघदेखि कार्यान्वयनमा लैजाने गरी वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रसँग सहकार्य गरिएको थियो ।

यसै गरी आव २०७७/७८ देखि सुरु गरिएको 'मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम' 'एक विद्यालय, एक स्वास्थ्यकर्मी' कार्यक्रम, कृषकलाई 'सुनको हलो' प्रदान गर्ने कार्यक्रम प्रदेश सरकारले २०७८/७९ को नीति तथा कार्यक्रममा नै समावेश गरेर ल्याएको थियो तर पछिल्ला वर्षमा अलपत्र परेको छ ।

## भूलसुधार

मिति २०८३।०२।२७ गतेको गोरखापत्रको पृष्ठ १३ मा प्रकाशित **गढिमाई साझेदारी वन उपभोक्ता समूहको विभिन्न जातको गोलिया काठहरूको दोस्रो पटक १५ (पन्ध्र) दिने सूचनामा प्रकाशित मितिमा २०८३।०२।२७ गते** हुनुपर्नेमा अन्यथा भई प्रकाशित भएकोमा सच्याइएको छ ।

## वर्गीकृत डिस्प्ले

### मोटरसाइकल हरायो

मिति २०८३।०२।११ गते बा.प्र. ०२-०४० प ३२२६ नं. को Brooklyn Black रङको N 250 (Bajaj) मोटरसाइकल सानेपा-२, ललितपुरबाट हराएको हुँदा देख्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा मो.नं. ९८०३९६४५६४ मा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
**नाम :** हुलास फिनसर्भ हायर पर्चेज लि.
**ऋणी :** रुगेन राना
**ठेगाना :** धुनीबेसी-९, धादिङ
**इन्जिन नं.:** PDXCNF77514
**च्यासिस नं.:** MD2B97FX2NCF80088

### प्रमाणपत्र हरायो

मिति २०८२।३।२१ मा भक्तपुरदेखि कीर्तिपुरसम्म जाँदा मेरो I. ed. को Original Certificate हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा ९८६७८८४०९९ मा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।
**रजिस्ट्रेसन नं. :** ९-१-२५०-९१-२००२
**नाम थर:** कल्याण विक्रम सिजापती
**ठेगाना :** आ.न.पा. ८, राकम, दैलेख

### बिलबुक हरायो

मितिः २०८३।२।२० मा रत्नपार्कदेखि महाराजगञ्जसम्म जाँदा मेरो निम्न व्यहोराको बिलबुक हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा फोन नं. ९८६३९२३३१७ मा खबर गरिदिनुहोला ।
**बिलबुक नं.** :- १९९७००१४६
**नाम थर** :- दानबहादुर खड्का
**ठेगाना**:- टोखा, काठमाडौँ

---

**ऋण असुली न्यायाधिकण, कमलपोखरी, काठमाडौँको**

### संशोधन सम्बन्धी सूचना

उजुरी कर्ता/वादी ग्लोबल आइएमई बैंक लि. र विपक्षी/प्रतिवादी मिड वेस्टर्न लाइभस्टक एण्ड पोल्ट्री फार्म प्रा.लि. समेत भएको ऋण असुली मुद्दा (०८१-DR-०६९९) मा यस न्यायाधिकरणबाट मिति २०८३।०२।०१ सूचना प्रकाशित हुँदा वादी ग्लोबल आइएमई बैंक लिमिटेड हुनुपर्नेमा अन्यथा भएको हुँदा सच्याइएको छ ।

---

## राष्ट्रिय वाणिज्य बैंक लि.
**शाखा कार्यालय, सिरहा (२१३)**

### निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना ।

**प्रकाशन मिति २०८३।२।२८**

साबिक मधेश प्रदेश, सिरहा जिल्ला, सिलोर्वा गा.वि.स.-५ हाल मधेश प्रदेश, सिरहा जिल्ला, औरही गा.पा.-२, बस्ने श्री तारा नाथको छोरा, श्री उदय शंकर झाको मिति २०८२।११।०१ मा मृत्यु भएकोले यस बैंकमा निजको नाममा रहेको बचत खाता नं. २१३०१००००४८८७०१० मा रहेको रकम भुक्तानी पाऊँ भनी निज मृतककी श्रीमती श्री भद्रकाली दृवी झाले यस बैंकमा मिति २०८३।०२।२५ मा निवेदन दिएको हुनाले निज खातावालाको यस बैंकमा रहेको रकममा अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको शाखा कार्यालय, सिरहामा सबुत प्रमाण सहित हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

---

**नेपाल सरकार**
## नेपाल कृषि अनुसन्धान परिषद्
**पदपूर्ति समिति**
**सिंहदरबार प्लाजा, काठमाडौँ**

### अन्तर्वार्ता सम्बन्धी सूचना

**सूचना नं.: ५६/२०८२/८३**
**(प्रकाशित मिति २०८३/०२/२८)**

नेपाल कृषि अनुसन्धान परिषद्को सूचना नं. ३९/०७९/८०, खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षा तर्फ विज्ञापन नं. १६६/०७९/८० प्रमुख प्रशासन सहायक, ए.५, विज्ञापन नं. १६७/०७९/८० लेखापाल, ए.५, विज्ञापन नं. १६८/०७९/८० सह लेखापाल, ए.४, विज्ञापन नं. १६९/०७९/८० प्रशासन सहायक, ए.४, विज्ञापन नं. १७०/०७९/८०, जे.टि., टि.५, विज्ञापन नं. १७१/०७९/८०, कम्प्युटर सहायक, टि.५, विज्ञापन नं. १७२/०७९/८०, ओभरसियर, टि.५, विज्ञापन नं. १७३/०७९/८०, इलेक्ट्रिसियन, टि.५, विज्ञापन नं. १७४/०७९/८०, मेकानिक्स, टि.५, विज्ञापन नं. १७५/०७९/८०, प्लम्बर, टि.५ र विज्ञापन नं. १७६/०७९/८० प्राविधिक सहायक, टि.४ पद/तहहरुमा लोक सेवा आयोगबाट लिइएको लिखित परीक्षामा उत्तीर्ण भएका उम्मदेवारहरुको अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा मिति २०८३ आषाढ १३ गते देखि २०८३ आषाढ २८ गते सम्म सञ्चालन हुने व्यहोरा पदपूर्ति समितिको मिति २०८३/०२/२७ को निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा सम्बन्धी विस्तृत कार्यक्रम परिषद्को Website: www.narc.gov.np मा र पदपूर्ति समितिको सूचना पाटीमा हेर्न सकिने छ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**

---

### भर्नासम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/२८ गते**

**यस फेवासिटी इन्स्टिच्युट अफ मेडिकल साइन्समा सामान्य चिकित्सा H.A. मा १७ सिट, नर्सिङ्गमा पुरुष कोटामा १ र खुला कोटामा ५ सिट र Medical Lab Technology (CMLT) मा २० सिट रिक्त रहेकाले नर्सिङ्गतर्फ यसै कलेजको वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरूले र H.A. र Lab मा देशैभरिका CTEVT अन्तर्गतका कलेजहरूमा वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरूले २०८३ असार १ गते कार्यालय समयमा निवेदन दर्ता गराई भर्ना हुन सूचित गरिन्छ ।**

**फेवासिटी इन्स्टिच्युट अफ मेडिकल साइन्स**
**नागढुङ्गा, पोखरा- ८, फोन : ०६१-५७५२४७**
**९८०६६३२०६६, ९८५६०२६२४९,९८१५१३६२०६**

---

**पब्लिक हिमाल इन्स्टिच्युट अफ टेक्नोलोजी प्रा.लि.**
**धनगढीमाई-३, सिरहा**
सूचना प्रकाशित मिति: २०८३/०२/२८

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३/०१/२९ गते प्रकाशिथ सूचना अनुसार मिति २०८३/०२/१३ गते सम्म यस शिक्षालयमा पुर्ण शुल्कीय तर्फ सामान्य चिकित्सा कार्यक्रममा मधेश प्रदेश कार्यालयले मुख्य उमेदवारको रुपमा छनोट गरी भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा अन्य संस्थामा प्रमाणपत्र तह स्वास्थ्य तर्फका लागि आवेदन फारम भरी छनोट भएका उमेदवारहरुले भर्नाका लागि ५ दिन भित्र निवेदन दिनुहुन जानकारी गराइन्छ ।

| क्र.सं. | कार्यक्रम | रिक्त सिट संख्या | कैफियत |
|---|---|---|---|
| १. | प्रमाणपत्र तह सामान्य चिकित्सा | २५ | |

---

## राष्ट्रिय वाणिज्य बैंक लि.
**शाखा कार्यालय, सिरहा (२१३)**

### निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना ।

**प्रकाशन मिति २०८३।२।२८**

साबिक मधेश प्रदेश, सिरहा जिल्ला, ७ हाल मधेश प्रदेश, सिरहा जिल्ला, वडा नं. ७, बस्ने श्री सागर साहको छोरा, श्री कैलाश प्रसाद साहकी श्रीमती मगली देबीको मिति २०८१।०७।२२ मा मृत्यु भएकोले यस बैंकमा निजको नाममा रहेको बचत खाता नं. २१३०१००२२५३६८०१० मा रहेको रकम भुक्तानी पाऊँ भनी निज मृतकको छोरा राम नारायण साह यस बैंकमा मिति २०८२।११।११ मा निवेदन दिएको हुनाले निज खातावालाको यस बैंकमा रहेको रकममा अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अधिकारवाला हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको शाखा कार्यालय, सिरहामा सबुत प्रमाण सहित हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

---

## राष्ट्रिय वाणिज्य बैंक लि.
**शाखा कार्यालय, भैरहवा**

### निक्षेप हकदाबी सम्बन्धी ३५ दिने सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२८**

रुपन्देही जिल्ला, मायादेवी गा.पा. वडा नं. ०६ स्थायी घर भई हाल ऐ.ऐ. बस्ने श्री जोखनी अहिरनीको मिति २०८२।१२।२५ मा मृत्यु भएकोले यस बैंकमा रहेको ब.हि.नं. ३०८०१०००१२८७००१० खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमान् नाता पर्ने ऐ.ऐ. बस्ने सिताराम अहिरले यस बैंकमा मिति २०८३।०२।२७ मा निवेदन दिएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र आ-आफ्नो सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय, भैरहवामा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ ।

---

### भर्ना सम्बन्धी सूचना

**मिति : २०८३/२/२८**

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, परिक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३।०१।१७ गते प्रकाशित सूचना अनुसार मिति २०८३।०२।२७ गतेसम्म यस शिक्षालयमा पूर्ण शुल्कीय तर्फ नर्सिङ कार्यक्रममा सि.टि.ई.भि.टि प्रदेश कार्यलयले मुख्य उम्मेदवारका रुपमा छनोट गरी भर्ना सिफारिस गरिएका उम्मेदवारहरू मध्ये देहायका कार्यक्रमहरूमा मुख्य उम्मेदवारहरू भर्ना हुन नआई सिट रिक्त रहेको हुंदा उक्त सम्बन्धित कार्यक्रमहरूको वैकल्पिक योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरूले पहिलो प्राथमिकता पाउने गरी देशभरीका योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरूबाट यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा रीत पूर्वकको निवेदन दिनुहुन अनुरोध छ । साथै योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरूबाट "शैक्षिक सत्र २०८३/८४ का लागि प्रवेश प्रक्रिया, भर्ना र रजिस्ट्रेसन सम्बन्धी कार्य सञ्चालन मार्गदर्शन" बमोजिम छनोट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ । **तपसिल** :

| क्र.सं. | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट सङ्ख्या |
|---|---|---|---|
| १. | प्रमाणपत्र नर्सिङ | पूर्ण शुल्कीय खुला कोटा | १ |

**क्याम्पस प्रमुख**

**स्टार एकेडेमी ललितपुर**
**सानेपा-२, ललितपुर,**
**फोन नं.: -०१-५४२९७७२/५४३४५०९**

STAR ACADEMY LALITPUR

---

## ग्रीन तारा कलेज अफ हेल्थ साइन्स
**ललितपुर-२५, भैँसेपाटी, फोन : ०१-५५९२६४४**

**डिप्लोमा तथा प्रमाणपत्र तह नर्सिङ कार्यक्रमको पूर्ण शुल्कीयतर्फ रिक्त सिटहरूमा भर्ना छनोटका लागि निवेदन दिने सम्बन्धी**

### अत्यन्त जरुरी सूचना

**(सूचना प्रकाशित मिति : २०८३।०२।२८)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३।०१।२८ गते प्रकाशित सूचना अनुसार यस कलेजले मिति २०८३।०२।१८ गते प्रकाशन गरेको नतिजामा मिति २०८३।०२।२७ सम्म यस कलेजमा पूर्ण शुल्कीयतर्फ नर्सिङ कार्यक्रममा मुख्य सूचीमा रहेका उम्मेदवारहरूले भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा सम्बन्धित कलेजको सम्बन्धित कार्यक्रमको वैकल्पिक योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरूले यो सूचना प्रकाशन भएको मितिले ५ दिन भित्रमा यस कलेजमा रीतपूर्वक निवेदन दिनुहुन अनुरोध छ । साथै योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरूबाट प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा सम्बन्धी विनियमावली, २०८३ को विनियम ४ को उपविनियम (३) को (झ) बमोजिम छनोट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल :**

| क्र.सं. | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट सङ्ख्या |
|---|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ | पूर्ण शुल्कीय खुला कोटा | ७ |
| | | पूर्ण शुल्कीय पुरुष कोटा | २ |
| | | पूर्ण शुल्कीय TSLC कोटा | १ |

**कलेज प्रमुख**

---

## कीर्तिपुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**

### मधुमेह तथा उच्च रक्तचाप भएका जेष्ठ नागरिक लगायत लक्षित समूहका विरामीहरूलाई निःशुल्क वितरण गर्नको लागि आवश्यक पर्ने औषधि खरिद सम्बन्धी आशयको सूचना ।

**प्रकाशन मिति : २०८३।०२।२८**

कीर्तिपुर नगरपालिकामा नसर्ने रोग (Non Communicable Disease: NCD) अन्तरगत मधुमेह तथा उच्च रक्तचाप भएका जेष्ठ नागरिक लगायत लक्षित समूहका विरामीहरूलाई निःशुल्क वितरण गर्नको लागि आवश्यक पर्ने औषधि National Competitive Bidding (NCB) मार्फत खरिद गर्नको लागि मिति २०८३।०१।२५ मा आव्हान गरिएको Invitation for Bids (Procurement of Medicines for Hypertension and Diabetes at Kirtipur Municipality, Kathmandu) को सूचना बमोजिम तोकिएको मिति भित्रमा PPMO को e-GP System मा पेश भएका विभिन्न ३ (तनि) वटा बोलपत्रहरू (E-Bids) हरू खोली मूल्यांकन गर्दा श्री **SURGIMED DISTRIBUTORS PVT.LTD., DHARAN, SUNSARI** ले स्वीकृत लागत अनुमानको १९.९५ प्रतिशत कम अर्थात कुल रु.८५,९६,५६१।६० (अक्षेरुपी पचासी लाख छयानब्बे हजार पाँच सय एकसठी रुपैयाँ साठी पैसा मात्र, मु.अ.क. नलाग्ने) कबोल गरेको र सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्यांकीत हुन आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतिको लागि छनोट भएको हुँदा सोही ऐनको दफा २७ को उपदफा (२) बमोजिम बोलपत्र स्वीकृत गर्नको लागि ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

---

## रूपा गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**रूपाकोट, कास्की**
**गण्डकी प्रदेश, नेपाल**

### क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी शिलबन्दी प्रस्ताव आह्वानको सूचना

***(प्रथम पटक प्रकाशन मिति: २०८३/०२/२८ गते)***

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत बजेट अनुसार देहायबमोजिमको सवारी साधन, सार्वजनिक खरिद ऐन, २०६३ र सो ऐनलाई संसोधन गर्न बनेको अध्यादेशसहितको दफा ८ को उपदफा १ (क) (८) तथा रूपा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम ३४ (१) बमोजिम त्यस्ता सवारी साधन उत्पादक कम्पनी वा सोको आधिकारीक बिक्रेताहरूबीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नपर्ने भएकाले रूपा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम ३४ (१) बमोजिम देहाय बमोजिमको सवारी साधनको उत्पादन वा आधिकारीक बिक्रेताहरूबाट उक्त सवारी साधन बिक्रि गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र, सो अध्यावधिक नबिकरण भएको पत्र, स्थाई लेखा नम्बर तथा मुल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र, उक्त सवारी साधनको सप्लाई गरेको हालसम्मको विस्तृत विवरण सम्बन्धी कार्य अनुभवको प्रमाण पत्र, उत्पादकको आधिकारिक प्राविधिक स्पेसिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले सातौँ (७) दिन (**२०८३/०३/०४) मध्यान्ह १२:०० बजेसम्म** यस कार्यालयमा छुट्टाछुट्टै प्रस्ताव सहितको निवेदन दर्ता गराउनु हुन सार्वजनिक खरीद ऐन, २०६३ र सो ऐनलाई संसोधन गर्न बनेको अध्यादेशसहित तथा रूपा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ को नियम ३४ (१) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । दर्ता गरीएको शिलबन्दी प्रस्तावहरू **सोहि दिनको १४:०० बजे खोलिने छ** । पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा बिदा पछीको कार्यालय खुलेको दिन सोहि समयसम्म पेश गर्न सकिने छ ।

साथै सूचीकृत नभएका उत्पादक वा आधिकारीक बिक्रेता कम्पनीहरूले सूचीकृत गराई उक्त शिलबन्दी प्रस्ताव पेश गर्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल:**

| क्र. सं. | ठेक्का नम्बर | सवारी साधनको नाम | संक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| 1. | RUPA/ CATALOGUE/ GOODS-12/ 2082/2083 | Single Cab Electric Vehicle | The vehicle is a 2-door, right-hand-drive electric cargo vehicle, with a min. 1,000 kg payload capacity and not less than 200 km driving range. It features a min. 37 kWh lithium-ion battery, not less than 60 kW motor, ABS brakes, power steering, air-conditioned cabin, enclosed cargo body, and essential safety features. | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरू स्वीकृत प्राविधिक स्पेसीफिकेशन बमोजिम हुनेछ । https://rupamun.gov.np/ |

**प्रमुख प्रशासकीय अधिकृत**

---

## नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

**प्रधान कार्यालय, सामान्य सेवा विभाग**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

यस बैंकको लागि आवश्यक निम्न लिखित कार्यको लागि गोरखापत्रमा प्रकाशित बोलपत्र आह्वानको सूचनाअनुसार रीतपूर्वक दर्ता हुन आएको बोलपत्रहरू मध्ये निम्न लिखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा यस बैंकको आर्थिक प्रशासन विनियमावली, २०७१ (तेस्रो संशोधन २०८२) को बिनियम १०६ प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| आशयको सूचना प्रकाशित मिति | कामको विवरण | गो.प.मा प्रकाशित सूचनाको मिति | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (VAT सहित) |
|---|---|---|---|---|
| २०८३।०२।२८ | बैंकको गण्डकी प्रादेशिक कार्यालय अन्तर्गत पोखरा मल, शाखा कार्यालय र आवास भवनमा रंगरोगन तथा मर्मत कार्य बारे | २०८२/१२/२० | **M/S J.M. Nirman Sewa, Kohalpur-3, Banke** | रु ३९,५६,८९३.३८ (अक्षरुपी उनन्चालीस लाख छपन्न हजार आठ सय त्रियानब्बे र पैसा अड्तीस मात्र) |

---

## कलैया उपमहानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**कलैया, बारा, मधेश प्रदेश (नेपाल)**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८३।०२।२८)**

यस कलैया उपमहानगरपालिकाको मिति २०८३।०२।०५ गतेको प्रकाशिक बोलपत्र (e-bidding) आह्वानको सूचना अनुसार रित पूर्वक पर्न आएका बोलपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी तपसिलको बोलपत्र स्वीकृत गर्नको लागि मूल्यांकन समितिको मिति २०८३।०२।२६ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | बोलपत्र नं. | कामको विवरण | छनौट गरिएको बोलपत्रदाताको नाम | ठेगाना | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|---|---|
| १ | KSMC/NCB/ WORKS-08-082/83 | Ward no.12 ko Ramayodhya teli ko jagga dekhi gandak nahar samma dhalan | Narayan Construction | Birgunj-16, Parsa | ५६१०३९९.८० |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

---

## कोशी प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
**प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
**विराटनगर**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८३/०२/२८**

यस केन्द्रबाट प्रकाशित ठेक्का नं. PHLMC-KOSHI/G/NCBR7(Laptop)/2082-83 / PHLMC-KOSHI/G/NCB-R9(Anti-hemophilic Factors)/2082-83 को सूचना अनुसार निर्धारित समय र मितिमा egp मार्फत पेश हुन आएका बोलपत्रहरूको प्राविधिक तथा आर्थिक पक्षको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित, सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले मूल्याङ्कन समितिबाट स्वीकृतीको लागि सिफारिस भई आए अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र दफा ४७(१)प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | बोलपत्र ठेक्का नं. (IFB No.) | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक (भ्याट वाहेक) |
|---|---|---|---|---|
| 1 | PHLMC-KOSHI/G/NCBR 7(Laptop)/2082-83 | Procurement of Laptop. | श्री रिमाल इन्टरप्राइजेज,काठमाडौँ | Rs. 30,50,000.00 |
| 2 | PHLMC-KOSHI/G/NCB-R9(Anti-hemophilic Factors)/2082-83 | Procurement of Anti-hemophilic Factors. | श्री नेपामेड हेल्थकेयर, काठमाडौँ | Rs. 99,79,000.00 |

**निर्देशक, प्रदेश स्वास्थ्य आपूर्ति ब्यवस्थापन केन्द्र, बिराटनगर**

### वैज्ञानिक वन व्यवस्थापन

# पाँच लाख क्युफिट काठ कटान

**घोराही समाचारदाता**
*घोराही, जेठ २७ गते*

दाङमा यो वर्ष विभिन्न सामुदायिक वनबाट करिब पाँच लाख क्युफिट काठ कटान हुने भएको छ।

वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम अन्तर्गत जिल्लाका ११२ वटा सामुदायिक वनबाट चार लाख ९० हजार ६४७.१८ क्युफिट काठ कटान गर्न थालिएको हो।

डिभिजन वन कार्यालय घोराही अन्तर्गत ४८ वटा सामुदायिक वनबाट एक लाख ९० हजार ६४७.२१ क्युफिट र डिभिजन वन कार्यालय देउखुरी अन्तर्गत ६४ वटा सामुदायिक वन उपभोक्ता समूहबाट तीन लाख क्युफिट काठ कटान गरी सङ्कलन गर्न थालिएको छ।

डिभिजन वन कार्यालय घोराहीका सूचना अधिकारी भक्तबहादुर चौधरीले वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रममा डिभिजन वन कार्यालय घोराही अन्तर्गत ४८ वटा सामुदायिक वनबाट एक लाख ९० हजार ६४७ क्युफिट काठ र ४७२.५० चट्टा दाउरा कटानका लागि अनुमति लिएको जानकारी दिनुभयो।

चौधरीका अनुसार अनुमति लिएका वन समूहले हालसम्म ९३ हजार ८८९.३८ क्युफिट काठ र ३४०.४० चट्टा दाउरा कटानसँगै सङ्कलन गरी घाटगद्दी गरिसकेका छन्। डिभिजन वन कार्यालयले कटान आदेश जारी गरेका सामुदायिक वनमा पर्ने रुखलाई विभिन्न चरणमा अनुगमन गरी कटान गर्न योग्य र मापदण्ड पूरा भएका रुखलाई व्यवस्थापनका लागि कटान अनुमति दिने गरेको छ।

कटानका लागि अनुमतिप्राप्त वन समूहले जेठ मसान्तभित्र रुख कटान गरिसक्नुपर्ने प्रावधान अनुसार अधिकांश वन समूहले अहिले कटान गरेको काठ घाटगद्दी गर्ने काम गरिरहेका छन्। उहाँका अनुसार वनमा तयार भएका साल, सिसौ, जामुनलगायतका रुखलाई कटान आदेश दिइएको छ। वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम अन्तर्गत जङ्गलमा तयार भएका रुख व्यवस्थापन गर्ने उद्देश्य अनुसार कटान अनुमति दिने गरेको भन्दै सूचना अधिकारी चौधरीले भन्नुभयो, "वन समूहको कार्ययोजना अनुसार तयार भएका र साना रुखलाई बढ्न समस्या गर्ने रुख पहिचान गरी कटानका लागि आदेश दिने गरिएको छ।"

त्यसै गरी डिभिजन वन कार्यालय देउखुरी अन्तर्गत ६४ वटा सामुदायिक वन समूहबाट तीन लाख क्युफिट काठ कटानका लागि अनुमतिप्राप्त गरेको सूचना अधिकारी दीपक दहितले बताउनुभयो। उहाँका अनुसार कटान अनुमति दिएका वनक्षेत्रमा डिभिजन वन कार्यालयका कर्मचारीले विभिन्न चरणमा अनुगमन गरी तयार भएका कटान गर्न योग्य र मापदण्ड पूरा भएका रुखलाई मात्रै कटानका लागि अनुमति दिने गरेको छ।

कटान आदेश अनुसार रुख कटान भए/नभएकोसमेत अनुगमन गर्ने गरिएको सूचना अधिकारी दहितले बताउनुभयो। गत वर्ष दाङमा डिभिजन वन कार्यालय घोराही अन्तर्गत २९ वटा सामुदायिक वनबाट एक लाख ७६ हजार क्युफिट र देउखुरी अन्तर्गत ५१ वटा वन समूहबाट दुई लाख ५० हजार क्युफिट काठ कटान गरी सङ्कलन गरिएको थियो।

यसरी कटान गरिएको काठ बिक्रीबाट सङ्कलन हुने आम्दानीको २५ प्रतिशत रकम प्रदेश सञ्चित कोषमा जाने र बाँकी ७५ प्रतिशत वन समूहले वन संरक्षण तथा व्यवस्थापनको कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।

# साहुले आफ्नै पसल चोरी गरेपछि...

**बुटवल समाचारदाता**
*बुटवल, जेठ २७ गते*

बुटवलमा सञ्चालन हुँदै आएको एक सुनचाँदी पसलमा भएको भनिएको एक करोड ४६ लाख रुपियाँभन्दा बढी मूल्यका गरगहनाको चोरी घटना योजनाबद्ध नाटक भएको खुलेको छ। चोरीको नाटक रच्ने व्यक्ति अरू कोही नभई पसल सञ्चालक स्वयम् रहेको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही सङ्घीय प्रहरी एकाइ कार्यालय भैरहवा तथा इलाका प्रहरी कार्यालय बुटवलको संयुक्त अनुसन्धानबाट बुटवल–३, पुल्चोकका ४१ वर्षीय दीपक विश्वकर्माले आफ्नै सुनचाँदी पसलमा चोरी भएको नाटक रचेको तथ्य सार्वजनिक भएको हो।

गत जेठ १७ गते बुटवल–५ अमरपथस्थित तिनाउ सुनचाँदी पसलबाट एक करोड ४६ लाख ४७ हजार सात सय रुपियाँ बराबरका सुनचाँदीका गरगहना चोरी भएको भन्दै प्रहरीमा उजुरी परेको थियो। घटनापछि प्रहरीले व्यापक अनुसन्धान थालेको थियो। रुपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक जनकबहादुर शाहीका अनुसार घटनाको गम्भीरता र चोरी भएको भनिएको रकमको आकारलाई हेरेर प्रहरीले करिब १५० वटा सिसिटिभी क्यामराको फुटेज अध्ययन गरेको थियो। प्राविधिक विश्लेषण तथा विभिन्न प्रमाणको परीक्षणका क्रममा घटनाको वास्तविकता बाहिर आएको उहाँले बताउनुभयो।

अनुसन्धानबाट पसल सञ्चालक विश्वकर्मा नै घटनाका मुख्य योजनाकार रहेको खुलेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार विश्वकर्माले बिमा रकम दाबी गर्ने तथा विभिन्न व्यक्तिले पसलमा राखेका सुन तथा नगद फिर्ता गर्नुपर्ने दायित्वबाट बच्ने उद्देश्यले चोरीको नाटक रचेका थिए। घटनामा पसलका कामदार तिलोत्तमा–२, वनवाटिकाका ४७ वर्षीय नवीन विकको समेत संलग्नता देखिएको प्रहरीले जनाएको छ। दुवैले योजनाबद्ध रूपमा चोरीको दृश्य सिर्जना गरी वास्तविक चोरी भएको भ्रम फैलाउने प्रयास गरेको प्रारम्भिक अनुसन्धानले देखाएको छ।

प्रहरी उपरीक्षक शाहीले अभियुक्तविरुद्ध आपराधिक विश्वासघातसम्बन्धी कसुरमा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो। हाल दुवै जना इलाका प्रहरी कार्यालय बुटवलको हिरासतमा रहेका छन्।

# मेडिकल काउन्सिलद्वारा छानबिन

**नेपालगन्ज समाचारदाता**
*नेपालगन्ज, जेठ २७ गते*

नेपालगन्जस्थित केयर सिटी अस्पतालमा उपचाररत एक बिरामीको मृत्यु प्रकरणबारे छानबिन गर्न नेपालगन्ज पुगेको नेपाल मेडिकल काउन्सिलको विज्ञ टोलीले तीन दिन लगाएर अध्ययन अनुसन्धान पूरा गरेको छ।

नेपालगन्ज उपमहानगरपालिका–४ निवासी ३५ वर्षीय शीला श्रेष्ठको उपचारका क्रममा गत बिहीबार केयर सिटी अस्पतालमा निधन भएपछि मृतकका आफन्तले चिकित्सकको लापर्बाहीका कारण मृत्यु भएको दाबी गर्दै घटनाको निष्पक्ष छानबिनको माग गरेका थिए।

शीलाको मृत्युपछि केयर सिटी अस्पतालले पनि उपचारका सबै विधि प्रयोग गरिएको जनाउँदै सो घटनामा अस्पतालको लापर्बाही नभएको भन्दै छानबिनका लागि जिल्ला प्रशासन कार्यालय बाँकेमा अनुरोधसहितको निवेदन दिएको थियो।


**नेपाल सरकार**
**कृषि, वन तथा पर्यावरण मन्त्रालय**
**कालीमाटी फलफुल तथा तरकारी बजार विकास समिति,**
**कालिमाटी, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना नं. ५५/०८२/८३ प्रकाशन मिति २०८३/०२/२८

समितिबाट मिति २०८३/०१/१६ गते सूचना नं. ४५/०८२/८३ बाट समितिको कालिमाटी बजारमा रहेका काम नलाग्ने सामानको लिलाम बिक्री बढाबढको बोलपत्रसम्बन्धी कार्यको लागि समितिको मिति २०८३/०२/२७ गते (कार्यकारी निर्देशकस्तरीय) को निर्णयानुसार बोलपत्रदाता जगदम्बा ट्रेडर्स, गल्छी–७ धादिङले कबोल गरेको रकम रु ४१,५००।– (अक्षरुपी एकचालिस हजार पाँच सय रुपियाँ मात्र) मू.अ.कर बाहेकको बोलपत्र स्वीकृत गर्ने आशय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) अनुसार सम्बन्धित सबैको जानकारी हुन यो सूचना प्रकाशित गरिएको छ।

**त्रिभुवन विश्वविद्यालय**
**चि.शा.अ.सं.डीनको कार्यालय, महाराजगंज**
**पोखरा नर्सिङ्ग क्याम्पस र विराटनगर नर्सिङ्ग क्याम्पसको**

**क्याम्पस प्रमुख छनोट समितिको सूचना**

**सूचना प्रकाशित मिति २०८३।०२।२८**

त्रिभुवन विश्वविद्यालय सङ्गठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम २०५० (२०८०।३।१२ सम्मको संशोधन सहित) को परिच्छेद ५२ को नियम १८५(२) साथै त्रिभुवन विश्वविद्यालय सावधिक पदमा नियुक्तिका आधार र मापदण्ड सम्बन्धी विनियम, २०८१ को परिच्छेद १९ बमोजिम त्रिभुवन विश्वविद्यालय चि.शा.अ.सं.को पोखरा नर्सिङ्ग क्याम्पस र विराटनगर नर्सिङ्ग क्याम्पसमा रिक्त क्याम्पस प्रमुख पद (संख्या १/१) का लागि योग्य उम्मेदवारहरूले २०८३।०३।०८ गते बेलुका ५:०० बजे भित्रमा विनियम ३९ (२) मा व्यवस्था भए बमोजिम आवश्यक कागजात क्रमानुसार संलग्न गरी त्रि.वि.चि.शा.अ.संस्थान डीनको कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ।

**भूमि प्रशासन कार्यालय, ललितपुरबाट जारी भएको छुट जग्गा दर्ता नामसारी सहितको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १६ बस्ने मिनु श्रेष्ठले मेरी ठूली आमा नाताकी प्रभा श्रेष्ठको नाममा दर्ता स्रेस्ता कायम रहेको तपसिलमा उल्लिखित जग्गा दर्तावालाको शेष पछिको हकदार म निवेदिकाको नाममा नामसारी गरी पाऊँ भनी द.नं. २०३४४ मिति २०८३।०२।०४ मा माग निवेदन पेश भएको। ललितपुर महानगरपालिका वडा नं. १६ को च.नं. २४९२ मिति २०८३।०२।०४ को सिफारिसबाट ज.ध. प्रभा श्रेष्ठको मिति २०७७।१०।३० मा, निजको पति तथा मेरो ठूलो बुबा नारायण श्रेष्ठको मिति २०६५।०२।२९ मा आफ्नै कालगतिले परलोक भएको र निज दम्पतीको कोखबाट कुनै सन्तानको जायजन्म नभएको, निज दम्पतीको जीवित छउन्जेल पालन पोषण र मृत्यु पश्चात् आफ्नो धर्म संस्कृति बमोजिम गर्नुपर्ने काजकिरिया समेत यिनै निवेदिकाले गरेकी हुन् भनी सिफारिस मिसिल सामेल रहेको हुँदा निवेदिकाले नामसारी माग गरेकोले उक्त जग्गा कसको हकभोग रहेको छ ? उक्त जग्गामा यी निवेदक बाहेक अरू कसैको हकदाबी रहेमा वा निजका नाममा नामसारी हुनु नपर्ने कुनै मनासिव कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम निवेदकको नाउँमा नामसारी भई जानेछ र यस विषयमा पछि कुनै दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ। **तपसिल**

| क्षेत्र | वडा | कि.नं. | क्षेत्रफल | मोही | ज.ध. | किसानको व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| नगर | १६ | ८४९ | ०–३–१–२ | | प्रभा श्रेष्ठ | | |

**खैरहनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
चितवन, बागमती

**जग्गा फुकुवा गर्ने सम्बन्धी सार्वजनिक सूचना।**

प्रकाशित मितिः २०८३।०२।२८

चितवन जिल्ला, खैरहनी नगरपालिका वडा नं. ४ स्थायी ठेगाना भएका श्री लाल माया गुरुङको नाममा श्रेस्ता कायम रहेको चितवन जिल्ला, साविक चैनपुर ९/ख कि.नं. ३७२ र ३७३ को क्रमश: ज.वि. ०-०-१९ र ०-४-१ भएको जग्गा खैरहनी नगरपालिकाको च.नं. २४७९, ५२४५ मिति क्रमश: २०७४/०९/२६ र २०७५/०२/१६ को पत्रबाट रोक्का रहेको भनी भूमि प्रशासन कार्यालय, खैरहनी, चितवनबाट लेखी आएको र जग्गाधनीले जग्गा फुकुवा माग गरी निवेदन दिएकोमा २०८२ साल भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको क्रममा कार्यालयका सबै श्रेस्ता जलेर नष्ट भएकाले उल्लिखित जग्गाधनीका उल्लिखित जग्गा रोक्का राखिराख्नुपर्ने कुनै कानूनी आधार र कारणहरू भएमा यो सूचनाको मितिले ३५ (पैंतीस) दिनभित्रमा प्रमाणित कागजातसहित यस कार्यालयमा लिखित निवेदन दिनुहुन, अन्यथा उक्त जग्गा फुकुवा गरिने बेहोरा सम्बन्धित सबैमा यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**भूमि प्रशासन कार्यालय, सिरहा**
**हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

जिल्ला सिरहा, औरही गा.पा. वडा नं. ४ बस्ने पार्वती देवी यादवको नाममा दर्ता कायम रहेको साविक विष्णुपुर प्र.रा. समेत हाल जिल्ला सिरहा, कल्यानपुर न.पा. वडा नं. ४ बस्ने रामनरेश यादव, रामरतन यादव र संगिता कुमारी यादवको संयुक्त द.नं. १४२८८ मिति २०८२।१२।२३ को संयुक्त निवेदनमा भएको आदेश अनुरूप यो ३५ दिने सूचना प्रकाशन गरिएको छ। तपसिलमा उल्लिखित जग्गामा निवेदक बाहेक अरू कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता नामसारी नाम, थर, वतन संशोधन गाउँ ब्लक लगायत कायम गर्दा कसैको हक जानेछ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा स–प्रमाण यस कार्यालयमा आई उजुर गर्नुहोला। म्यादभित्र कसैको दाबी उजुरी नआएमा निवेदकको माग दाबी बमोजिम नामसारी गर्नेतर्फ कानून बमोजिम कारबाही भई जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। **तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | हाल कि.न. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| सिरहा | औरही | ४क | ६१ | ०–२–१ | जग्गाधनी पार्वती यादव |
| सिरहा | औरही | ४क | ७०५ | ०–३–११ | " |

**फाँट : थुनुवा, मुद्दा नं. : ०८१–CS–०६१२, मुद्दा : कर्तव्य ज्यान।**
**श्री उच्च अदालत पाटन थुनुवा शाखाबाट जारी भएको**

१. **जिल्ला भोजपुर, साविक हसनपुर गा.वि.स. वडा नं. ४ हाल परिवर्तित ऐ. हतुवागढी गाउँपालिका वडा नं. ९, कोलटार घर भई हाल काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. ६ सरस्वतीनगर बस्ने चतुरमान राई र आमा रहरमाया राईको छोरा, वर्ष २० को विमल राई भन्ने विमन राईको नाउँमा जारी भएको १५ (पन्ध्र) दिने म्याद/सूचना... १**
२. **जिल्ला भोजपुर, साविक हसनपुर गा.वि.स. वडा नं. २ हाल परिवर्तित ऐ. हतुवागढी गाउँपालिका वडा नं. ९, उखुबारी घर भई हाल काठमाडौँ जिल्ला, का.म.न.पा. वडा नं. ६, सरस्वतीनगर बस्ने मान राई र धन कुमारी राईको छोरा, वर्ष १९ को जितेन राईको नाउँमा जारी भएको १५ (पन्ध्र) दिने म्याद/सूचना... १**

प्रस्तुत मुद्दामा तपाईं प्रतिवादीहरू समेतका नाउँमा जारी भएको म्याद/सूचना मिति २०८२।०८।२५ र २०८३।०१।२९ मा बेपत्ते व्यहोरामा तामेल भएकोमा सो म्याद/सूचना बदर भई पुनः मिति २०७३।०२।२६ मा भएको आदेशानुसार तपाईं प्रतिवादीहरूका नाउँमा यो १५ (पन्ध्र) दिने म्याद/सूचना प्रकाशित गरिएको छ। यो म्याद/सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र आफ्नो सबुद प्रमाण सहित तपाईंहरू स्वयं आफैँ यस अदालतमा उपस्थित हुन आउनुहोला। म्यादभित्र हाजिर नभए पछि तपाईं प्रतिवादीहरूको उजुर लाग्ने छैन। मुद्दा कानून बमोजिम हुने छ।

**इति संवत् २०८३ साल जेठ २८ गते रोज ५ शुभम्।**

**भूमि प्रशासन कार्यालय चाबहिलबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

यसमा, हटिया–८ बागलुङ बस्ने श्री पुर्न बहादुर सुनार समेतले भिम बहादुर सुनार समेतको नाममा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गाको दर्तावाला भिम बहादुर सुनारको मिति २०७८।११।२९ मा अविवाहित अवस्थामै मृत्यु भएको र निजको मृत्यु पछिका सबैभन्दा नजिकका हकदार हामी पुर्न बहादुर सुनार र धन्जु सुनार मात्र भएकाले अन्य ज.ध. हरूको हकहिस्सा यथावत् राखी मृतकको हकहिस्सा हाम्रो नाममा नामसारी गरी पाऊँ माग निवेदन भएकोमा ज.ध. भिम बहादुर सुनारको विवाह भएको भए/नभएको, निज जीवित हुँदा पालन पोषण औषधोपचार र मृत्युपछि काजकिरिया कोबाट भएको थियो र उक्त जग्गा निवेदकको माग बमोजिम निजहरूको नाममा नामसारी/दा.खा. नहुनुपर्ने भए वा निवेदक बाहेक अरूको हक लाग्ने भएमा वा निवेदकको मागदाबी अनुसार हुन नपर्ने कुनै कारण भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। **तपसिल**

| क्षेत्र | वडा/सि.नं. | कि.नं. | क्षे.फ. | ज.ध. | मोही |
|---|---|---|---|---|---|
| जोरपाटी | ४/ १०२१०३०१२ | १४ | ११७.७५ | भिम बहादुर सुनार + ३ | |
| | | १२८ | ४९.७५ | | |
| | | १४१ | ४६.८५ | | |
| | | १४३ | ११२.४८ | | |

**भूमि प्रशासन कार्यालय कलंकीबाट प्रकाशित भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।**

जिल्ला काठमाडौँ, काठमाडौँ महानगरपालिका वडा नं. २० बस्ने बिमला नन्द सिंह श्रेष्ठको नाति सिद्धि बहादुर श्रेष्ठको छोरा नारायण श्रेष्ठ समेतले यस कार्यालयमा दिएको निवेदन माग अनुसार हामीहरूकी कान्छी काकी तथा कान्छी हजुरआमा हिरादेवी श्रेष्ठनी भन्ने हिरादेवी श्रेष्ठको एकलौटी नाममा दर्ता कायम रहेको जिल्ला काठमाडौँ, डाँडापौवा रामकोट वडा नं. ६ कि.नं. १२० क्षे.फ. ०–१३–१–० जग्गाको ज.ध. हिरादेवी श्रेष्ठको नजिकको हकदार बिमला नन्द सिंह श्रेष्ठको मिति २०३३ सालअघि सौतेनी जेठी बज्यै तथा सौतेनी जेठी जिजु बज्यै तथा सौतेनी कान्छी जिजु बज्यै कृष्ण कुमारी श्रेष्ठको मिति २०१० सालअघि सौतेनी जेठो ठूलो बुबा तथा जेठो बाजे कृष्ण बहादुर श्रेष्ठको मिति २०१० सालअघि निःसन्तान अवस्थामा निजकी श्रीमती बिष्णु प्रभा श्रेष्ठको २०२५ सालमा निःसन्तान अवस्थामा सौतेनी माइलो ठूलोबुबा तथा बाजे राम बहादुर श्रेष्ठको २०३६।११।१० मा, निजकी श्रीमती छोरी श्रेष्ठको २०५५।१२।१६ मा, काका तथा सौतेनी कान्छो बाजे गोरे श्रेष्ठको मिति २०५५।१२।१९ मा निःसन्तान अवस्थामा, निजकी श्रीमती हिरादेवी श्रेष्ठनी भन्ने हिरादेवी श्रेष्ठको मिति २०५७।०२।०४ मा निःसन्तान अवस्थामा राम बहादुर श्रेष्ठको छोरा हामीहरूको दाजु तथा बुबा राम प्रसाद श्रेष्ठको मिति २०२७ सालमा निजकी श्रीमती लक्ष्मी श्रेष्ठको २०३३ सालमा आ–आफ्नो कालगतिले परलोक भएको हुँदा निजहरूको शेषपछि हक खाने नजिकको हकवाला नारायण श्रेष्ठ–१, राजु श्रेष्ठ–१, नरेन्द्र राज श्रेष्ठ–१, भरत राज श्रेष्ठ–१ समेत ४ जनाको संयुक्त नाउँमा नामसारी गरी पाऊँ भनी द.नं. ४०४२९ मिति २०८३।०२।०७ मा निवेदन माग गरेको हुँदा अन्य हकदार कोही भए रहे यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स–प्रमाण दाबी गर्न आउनुहोला अन्यथा मागदाबी बमोजिम नामसारी भइजाने व्यहोरा सर्वसाधारणको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, बालुवाटार, काठमाडौँ**

**मौजुदा सूचीमा दर्ता गराउने बारेको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८३/०२/२८)

आगामी आर्थिक वर्ष २०८३/८४ मा यस बैंकको लागि आवश्यक पर्ने विभिन्न वस्तु तथा सेवाहरू आपूर्ति गर्न इच्छुक सम्बन्धित विषयको व्यापार, व्यवसाय वा कारोवार गर्न इजाजत प्राप्त रजिष्टर्ड फर्म तथा कम्पनीहरूले आवेदन फाराममा उल्लेखित योग्यतासहितका कागजातहरू समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन सार्वजनिक बिदा पर्न गएमा पहिलो कार्यालय खुलेको दिन)भित्र यस बैंकको केन्द्रीय कार्यालय, सम्पत्ति तथा सेवा व्यवस्थापन विभागमा पेस गरी यस बैंकको मौजुदा सूची (स्ट्याण्डिङ लिस्ट) मा सूचीकृत हुन नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (संशोधन सहित) को विनियम १८ बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

आवेदन फाराम तथा मौजुदा सूचीसँग अन्य आवश्यक विवरणहरू बैंकको Website: www.nrb.org.np बाट डाउनलोड गर्न वा यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग खरिद एकाइबाट प्राप्त गर्न सकिनेछ। आवेदन पेस गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरू भरि सहीछाप गरी आवश्यक कागजातहरू समेत समावेश गरी पेस गर्नुपर्नेछ वा ईमेल ठेगाना kharid@nrb.org.np मा पठाउन सकिनेछ। आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरू पेस नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिनेछैन। अन्य आवश्यक कुराहरू बुझ्नु परेमा यस बैंकको सम्पत्ति तथा सेवा व्यवस्थापन विभागको खरिद एकाइ (०१-५७१९६४१/४२/४३ एक्सटेन्सन ११६४, ११७१ र १२०१) मा सम्पर्क राख्न सकिनेछ।

QR Link:

**सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग**
फोन नं.: ०१-५७१९६४१
एक्स्टेन्सन नं.: ११६४, ११७१ र १२०१

**नेपाल सरकार**
**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**
**विद्युत विकास विभाग**
**सानो गौचरन, काठमाडौँ, नेपाल**

**लमही सौर्य विद्युत आयोजना, दाङ (१० मेगावाट) सम्बन्धी सार्वजनिक सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/२७)**
**(दोस्रो पटक प्रकाशित मितिः २०८३/०२/२८)**

लुम्बिनी प्रदेशको दाङ जिल्लाको लमही नगरपालिका वडा नं. ७ मा १० मेगावाट क्षमताको लमही सौर्य विद्युत आयोजना, दाङको निर्माण गर्न प्रवर्द्धक श्री प्राइम पावर लि.ले विद्युत ऐन, २०४९ को दफा ४ र विद्युत नियमावली, २०५० को नियम १२ बमोजिम दरखास्त पेश गरेको हुनाले विद्युत नियमावली, २०५० को नियम १५ बमोजिम आवश्यक जाँच बुझ गरी नियम १६ को प्रयोजनका लागि नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट मिति २०८३/०१/२९ मा स्वीकृत यस आयोजनाको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (Revised Initial Environmental Examination, RIEE), आयोजनाको Feasibility Report for Lamahi Solar Power Project (10MW) at Lamahi, Nepal, August 2025 अनुसार आयोजना सम्बन्धी तपसिलका विवरणहरू खोली यो सूचना प्रकाशित गरिएको छ।

प्रस्तावित लमही सौर्य विद्युत आयोजना (१० MW), दाङ निर्माण तथा सञ्चालन गर्दा आयोजना स्थलमा उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्र विद्युत विकास विभाग, सानो गौचरन, काठमाडौँ वा उक्त कम्पनीको तल उल्लिखित कार्यालय समक्ष आफ्नो लिखित राय प्रतिक्रिया दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**आयोजना सम्बन्धी विवरणहरू :**

१. श्री प्राइम पावर लि., कम्पनी ऐन, २०६३ अनुसार (दर्ता नं. ३४११७७/८०/०८१) वि.सं. २०७७ मा दर्ता भएको संस्था हो।
२. यस कम्पनीले प्रस्ताव गरेको आयोजनाको क्षेत्र निम्नानुसार कायम गरिएको छ।
अक्षांश: उत्तर २७° ५२' ०५" N देखि दक्षिण २७° ५१' ५५" N सम्म
देशान्तर: पूर्व ८२° २८' १२" E देखि पश्चिम ८२° २७' ५०" E सम्म
३. लमही सौर्य विद्युत आयोजना, दाङको जडित क्षमता १० मेगावाट हुनेछ र यस आयोजनाबाट वार्षिक सरदर १९.७७९ गिगावाट घण्टा विद्युत उत्पादन हुनेछ।
४. आयोजनाको मुख्य संरचनाहरू लुम्बिनी प्रदेशको दाङ जिल्लाको लमही नगरपालिका वडा नं. ७ मा करिब ८.८९ हेक्टर जग्गामा प्रस्ताव गरिएको छ।
५. आयोजनाका सोलार फोटोभोल्टाइक प्यानलहरूबाट DC विद्युत निकाली सोलाई २७५ किलोवाट क्षमताका ३६ वटा र १०० किलोवाट क्षमताको १ वटा स्ट्रिङ इन्भर्टर मार्फत १० मे.वा. विद्युत उत्पादन गरिनेछ। यसरी उत्पादित विद्युतलाई ३३ के.भी. प्रसारण लाइन मार्फत नेपाल विद्युत प्राधिकरणको लमही सब-स्टेसनमा जोडिने छ।
६. यो आयोजना २०८३ चैतभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ।
७. आयोजनाको निर्माण तथा सञ्चालन गर्दा विद्युत ऐन, २०४९ को दफा २४ बमोजिम भू-क्षय, वायु प्रदूषण आदिद्वारा वातावरणमा उल्लिखित प्रतिकूल असर नपर्ने गरी आयोजनाको स्वीकृत परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (RIEE) अनुसार गर्न लगाइनेछ।

**यस आयोजनाको सम्बन्धमा विस्तृत जानकारीका लागि निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।**

| प्रवर्द्धक: | सरकारी निकाय: |
|---|---|
| **श्री प्राइम पावर लि.** वडा नं. ११, काठमाडौँ। सम्पर्क नं. : ०१–५९२२९७६ इमेल : primepower.np@gmail.com | **श्री विद्युत विकास विभाग** सानो गौचरन, काठमाडौँ, फोन नं. : ०१–४५१९५०१ पो.ब.नं. : २५०७, फ्याक्स नं.: ०१-५२४४२५७ इमेल : info@doed.gov.np/badrikuikel@gmail.com/ ashish.chudali01@gmail.com |

**बागमती प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**धादिङ अस्पताल**
**धादिङ, नेपाल**

**करार सेवामा लिने सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०२/२८**

स्वास्थ्य मन्त्रालयको स्वीकृत स्थायी दरबन्दीमा लोक सेवा आयोगबाट पदपूर्तिको लागि सिफारिस भई आएमा वा स्थायी कर्मचारी खटिई /सरुवा भई आएमा वा अन्य व्यवस्था भएमा स्वतः पद नरहने गरी तपशील बमोजिमका पदहरुमा स्वीकृत अस्थायी दरबन्दीमा (देहाय बमोजिमको पदमा चिकित्सक तथा स्वास्थ्यकर्मी) करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र उपस्थित भई राजश्व रसिद सहित चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधी २०७८ को अनुसुची २ (दफा ७ को उपदफा १ सँग सम्बन्धित) दरखास्त फाराम भरि अस्पताल प्रशासनमा आवेदन दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं | विज्ञापन नं. | पद | तह | सेवा | समुह | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | १५/२०८२-८३ | कन्सल्टेन्ट गाइनोकोलजिष्ट/ अब्सट्रेटिसियन | ९ | स्वास्थ्य | गाइनो/अब्स चिकित्सक/समूहकृत नहुने | १ | स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसूची ६ बमोजिम |
| २ | १६/२०८२-८३ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | १ | |
| ३ | १७/२०८२-८३ | अप्थाल्मिक असिस्टेन्ट | ५ | स्वास्थ्य | विविध | १ | |

१. योग्यता र अनुभव :
क) नेपाली नागरिक,
ख) अधिकृत तहको लागि २१ वर्ष उमेर पुरा भएको , सहायक तहका लागी १८ वर्ष उमेर पुरा भएको,
ग) सम्बन्धित काउन्सिलमा दर्ता भएको (स्थायी वा अस्थायी प्रमाणपत्र ) ,
घ) स्वास्थ्य क्षेत्रमा अनुभव हासिल गरेको भए सो को प्रमाण पत्र,
ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ,
च) दरखास्तमा संलग्न गर्नुपर्ने कागताजहरु : व्यक्तिगत विवरण, शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि, प्रचलित नेपाल कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ।
छ) छनोटको प्रक्रिया :लिखित परीक्षा वा अन्तर्वार्ता प्रक्रिया। ( चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधी,२०७८ अनुसार )
ज) परिक्षा केन्द्र: धादिङ अस्पताल , धादिङ
२. कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण र दरखास्त फाराम यस कार्यालयबाट उपलब्ध हुनेछ।
३. दरखास्त दस्तुर: नवौ तहको लागि रु. २०००।-, आठौँ तहको लागी रु १६००।– र पाँचौँ तहको लागी रु १०००।- प्रदेश राजश्व खातामा धादिङ अस्पतालको कार्यालय कोड नं ३७००१३००१३ राजश्व शिर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा राष्ट्रिय वाणिज्य बैंकमा रहेको राजश्व खाता नं.१०००१००२०००१०००० मा जम्मा गरी सक्कल भौचर पेश गर्नु पर्नेछ।
४. सेवा अवधि : प्रदेश लोकसेवा आयोगबाट स्थायी कर्मचारी सिफारिस भई पदपूर्ति भएमा वा सरुवा भई हाजिरी हुन आएमा करार सम्झौता स्वत अन्त्य हुनेछ। नतिजाको योग्यता क्रमको आधारमा तल्लो क्रमबाट हटाइनेछ।
५. आवेदन दिने अन्तिम मिति : २०८३/०३/११ गते बिहीबार।

**निमित्त अस्पताल निर्देशक**

# जोखिममा सुस्ताको झोलुङ्गे पुल

**बोमलाल गिरी**
*नवलपुर, जेठ २७ गते*

पश्चिम नवलपरासीको पक्लिहवाबाट सुस्ता गाउँपालिका–५, सुस्तालाई जोड्ने देशकै लामो एक हजार ५७१ मिटर लम्बाइको पुलमा अहिले हिँडडुलसँगै साइकल, मोटरसाइकल ओहोरदोहोर भइरहेका छन्। त्यसले सुस्तावासीलाई निकै सहज भएको छ।

सुस्तावासीलाई आफ्नै भूमिमा आउजाउ गर्न पनि भारतीय भूमिको प्रयोग गर्नुपर्ने र जोखिमपूर्ण डुङ्गा यात्रा गर्नुको विकल्प थिएन। नारायणी नदी (गण्डक) ले घेरिएको सुस्ता भूमिबाट आफ्नै वडा एवं गाउँपालिका र त्रिवेणी बजार आउन नदी पार गर्न साढे दुई किलोमिटर जोखिमपूर्ण डुङ्गा यात्रा गर्नुपर्ने बाध्यता थियो। गाउँको विद्यालयमा कक्षा ८ भन्दामाथि पढाइ नहुने भएकाले बालबालिका जोखिमपूर्ण यात्रा गर्न नसकेका कारण कि बिचमै पढाइ छोड्ने कि भारत पलायन हुने गरेको समस्या समाधान भएको सुस्ता गाउँपालिकाका उपाध्यक्ष गीता चौधरीले बताउनुभयो।

बर्खामा पानी पर्नेबित्तिकै जोखिमका कारण डुङ्गा पनि चलाउन नपाउँदा आवतजावत नै बन्द हुन्थ्यो, सुस्तावासीको अन्यत्रसँगको सम्बन्ध टुट्ने गर्थ्यो, अहिले त्यो अवस्थाको अन्त्य भएको उहाँले बताउनुभयो।

### पुलको सुरक्षामा चुनौती

पुल निर्माण कम्पनी त्रिशूली आश्रय जेभी कन्स्ट्रक्सनले औपचारिक रूपमा पुल हस्तान्तरण गरिसकेको छैन। २३ करोड ६५ लाख ९८ हजार ८०० रुपियाँमा सम्पन्न भएको पुल हस्तान्तरण नहुँदै यहाँ जोखिम बढेको छ। झोलुङ्गे पुलमा भार नियन्त्रणको कुनै उपाय अवलम्बन गरिएको छैन। एउटै मोटरसाइकलमा तीन/चार जनासम्म चढ्ने, धेरै मोटरसाइकल एकै पटक कुदाउने गरेका कारण पुलको सुरक्षामा चुनौती थपिएको उपाध्यक्ष चौधरीले बताउनुभयो। सुस्ता गाउँपालिकाका अध्यक्ष टेकनारायण उपाध्यायले नेपालीभन्दा पनि भारतीयकै कारण पुलको सुरक्षामा चुनौती थपिएको बताउनुभयो। विहारमा भन्दा उत्तरप्रदेशमा सामान सस्तो पाइने भएकाले उनीहरूले मोटरसाइकलमा समान राखेर पुलमा कुदाउने गरेकाले जोखिम थपिएको उपाध्यायले बताउनुभयो। डिभिजन कार्यालय र जिल्ला प्रशासन कार्यालयले पुलमा मोटरसाइकल चलाउन रोक लगाउन भने पनि त्यो रोक्न सकिने अवस्था नरहेको उहाँको भनाइ छ।

नवलपरासीको सुस्ता गाउँपालिका–५ मा ८ कक्षासम्म मात्र पढाइ हुने एउटा मात्र श्री जनता दलित आधारभूत विद्यालय छ। ९ कक्षा पढ्नका लागि कि त भारतको विहार हुँदै हिँडेर नेपालको बलिनगरमा रहेको बिपी माध्यमिक विद्यालय जानु पर्थ्यो, कि त डुङ्गा चढेर नारायणी पार गरेर जानु पर्थ्यो। यो यात्रा सहज नभएकाले गाउँका धेरै बालबालिकाले ८ कक्षाभन्दा माथि पढ्न सकेनन्। तर अब भने अनेक यातनाबाट मुक्ति मिलेको बताउनुहुन्छ सुस्ता बचाउँ अभियानका संयोजक आदम खान।

# पर्यटकीय पूर्वाधार विकासमा एक्याप

**मनाङ समाचारदाता**
*मनाङ, जेठ २७ गते*

मनाङको प्राकृतिक सम्पदा संरक्षण, पर्यटन प्रवर्धन तथा स्थानीय समुदायको दिगो विकासका लागि अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको छ। फोहोर व्यवस्थापनदेखि पर्यटकीय पूर्वाधार विकास, वन्यजन्तु संरक्षण, कृषि तथा पशुपालन प्रवर्धनसम्मका कार्यक्रमले जिल्लाको समग्र विकासमा टेवा पुऱ्याएको एक्यापले बताएको छ।

एक्याप इलाका कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले मनाङमा सञ्चालन भइरहेका संरक्षण तथा विकासका गतिविधिबारे जानकारी दिनुभएको हो। उहाँका अनुसार मनाङमा बढ्दो पर्यटन गतिविधिसँगै वातावरणीय सरसफाइलाई प्राथमिकतामा राखेर फोहोर व्यवस्थापन तथा सङ्कलन केन्द्र सञ्चालन गरिएको छ। यसले फोहोरको उचित व्यवस्थापन गरी पर्यावरण संरक्षणमा योगदान पुऱ्याएको छ। स्थानीय कृषकको उत्पादन संरक्षण तथा वन्यजन्तुबाट हुने क्षति न्यूनीकरण गर्न विभिन्न स्थानमा तारबार निर्माण गरिएको भुजेलले बताउनुभयो। यसबाट कृषि उत्पादन वृद्धि हुनुका साथै किसानको आयआर्जनमा समेत सकारात्मक प्रभाव परेको उहाँको भनाइ छ।

मनाङ आउने स्वदेशी तथा विदेशी पर्यटकलाई सुरक्षित र सहज यात्रा अनुभव प्रदान गर्न पदयात्रा मार्गको स्तरोन्नति तथा नयाँ संरचना निर्माणका काम भइरहेको छ। विशेष गरी आइस लेक क्षेत्रलगायतका प्रमुख पर्यटकीय गन्तव्यमा आवश्यक पूर्वाधार विकास गरी पर्यटक आकर्षण बढाउने प्रयास गरिएको छ। कस्तूरी संरक्षण तथा अनुसन्धानका उद्देश्यले सञ्चालन गरिएको कस्तुरी फार्मको वर्तमान अवस्थाबारे पनि भुजेलले चर्चा गर्नुभयो।

# हावाहुरीले घरगोठमा क्षति

**नवलपुर समाचारदाता**
*नवलपुर, जेठ २७ गते*

नवलपुरमा मङ्गलबार साँझ आएको वर्षासहितको हावाहुरीले १५ घरगोठमा क्षति पुऱ्याएको छ। विनयी त्रिवेणी गाउँपालिका–१, सिसेनीका १७ घर र दुई वटा गोठमा क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

हावाहुरीले सिसेनीका भोजबहादुर खनगाहा, मोतीराम खाती, धनीसरा सोमैमगर, मनबहादुर राना, पार्वती विक, रूपा विक, केमबहादुर विक, शेरबहादुर दराई, कमला कुमाल, शेरबहादुर कुमाल, दीपेन्द्र ढेङ्गा र कान्छा कुमालको घरको छाना उडाएको छ।

# फेवातालका डुङ्गाचालक र यात्रुका लागि बिमा

**कास्की समाचारदाता**
*कास्की, जेठ २७ गते*

फेवा डुङ्गा व्यवसायी सङ्गठनले फेवातालमा डुङ्गा चलाउने चालक तथा सयर गर्ने यात्रुको बिमा गरेको छ। अब फेवातालमा कुनै दुर्घटना भएर घाइते भएमा चालक तथा यात्रुले उपचार खर्चबापत एक लाख रुपियाँ प्राप्त गर्ने छन्। मानवीय क्षति भएमा परिवारले पाँच लाख रुपियाँ पाउने गरी बिमा सम्झौता गरिएको छ। सङ्गठनले शिखर इन्स्योरेन्स कम्पनीसँग आगामी एक वर्षका लागि बिमा गरेको हो। सङ्गठनमा दर्ता भई सञ्चालनमा रहेका डुङ्गामा यो नियम लागु हुने सङ्गठनका अध्यक्ष बलराम गिरीले जानकारी दिनुभयो। "डुङ्गामा गएका यात्रुको रेकर्डका आधारमा र समितिले सिफारिस गरेपछि मात्र बिमाका लागि मान्य हुने भनिएको छ," उहाँले भन्नुभयो।

फेवातालमा बर्सेनि विभिन्न किसिमका दुर्घटना हुँदै आएका छन्। बिमा गरेसँगै चालक र यात्रुले पनि सुरक्षाको महसुस गर्ने छन्। फेवातालका विभिन्न आठ वटा डुङ्गा स्टेसनबाट ८४७ डुङ्गा सञ्चालन भइरहेका छन् भने झन्डै ३५० जना डुङ्गाचालक रहेका छन्।

---

## नेपाल प्रहरी अस्पताल महाराजगन्ज, काठमाडौँ
**सूचना नं. ३७/०८२/०८३**
**सूचना प्रकाशित मिति: २०८३/०२/२८ गते।**

### विद्युतीय बोलपत्र स्वीकृत गर्ने आशय-पत्र जारी भएको सूचना

प्रस्तुत विषयमा यस अस्पतालको लागि आ.व.२०८२/०८३ मा आवश्यक पर्ने मेशिनरी उपकरण तथा औजारहरू बोलपत्रको माध्यमवाट खरिद गर्न राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं. NPH/NCB/20/082/083/RE को लागि पेश भएका बोलपत्रलाई सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को अधीनमा रही विभिन्न पक्षको मूल्याङ्कन गर्दा सारभूत रूपमा प्रभावग्राही भई सफल भएका बोलपत्र मध्ये तुलनात्मक तालिकामा न्यूनतम मूल्याङ्कित बोलपत्र स्वीकृतिको लागि छनौट गरी सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ आशय-पत्र जारी भएको सूचना प्रकाशित गरिएको छ। साथै, सो सम्बन्धमा चित्त नबुझेमा मिति २०८३।०३।०४ गते कार्यालय समय भित्र नियमानुसार कार्यालय प्रमुख समक्ष लिखित निवेदन दिन हुन सूचित गरिएको छ। साथै विस्तृत जानकारीको लागि यस अस्पतालको वेबसाइट https://nph.nepalpolice.gov.np तथा प्रबन्ध शाखाको टेलिफोन नं. ०१-५९७१९४०, ०१-४५१२५३०, Ext. No. २१४/१२८/१२९ मा सम्पर्क गर्न सकिने व्यहोरा समेत सूचित गरिएको छ।

---

## प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश
**(अन्तर्वार्ता तथा सिफारिस शाखा)**
**जनकपुरधाम, धनुषा, नेपाल**

### प्रदेश निजामती सेवा अधिकृत सातौं तह (अप्राविधिक/प्राविधिक) पदको सिफारिस गरिएको सूचना

**प्रकाशन मिति : २०८३।०२।२८**

तपसिलका विज्ञापनको सिफारिस गरिएको विस्तृत सूचना आयोगको वेबसाइट ppsc.madhesh.gov.np मा प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | विवरण | सूचना प्रकाशन मिति | सूचना नं. |
|---|---|---|---|---|
| १ | ४८-५०।०८२-८३ | कृषि सेवा, कृषि प्रसार/वागवानी/बालि संरक्षण/माटो विज्ञान/एग्रो इको मार्केटिङ एण्ड स्टाटिष्टिक्स समूह, अधिकृत सातौं तह | २०८३/०२/२८ | २१०, २११, २१२ र २१३/ २०८२-८३ |
| २ | ५१।०८२-८३ | कृषि सेवा, मत्स्य समूह, अधिकृत सातौं तह | २०८३/०२/२८ | २१४, २१५/ २०८२-८३ |

---

## भर्ना सम्बन्धी जरुरी सूचना।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प्रदेश कार्यलय हेटौंडा, शैक्षिक सत्र ८३।८४ का लागि तपसिल बमोजिम उल्लिखित कार्यक्रम (प्रमाणपत्र तह) मा यस शिक्षण संस्थामा तोकिएको म्यादभित्र भर्ना हुन नआई सिट रिक्त हुन गएकोले उक्त सिटहरूमा उल्लिखित कोटाहरूमा सिटहरू खाली भएकोल प्राविधिक तथा व्यावसायिक तालीम परिषद्द्वारा सञ्चालित प्रवेश परीक्षामा यसै कलेजका waiting लिस्टमा पर्न सफल भएका परीक्षार्थीहरूमध्येबाट भर्ना निर्देशिका अनुसार भर्ना प्रक्रिया अगाडि बढाउनुपर्ने भएकोले पाँच दिनभित्र निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

| क्र.नं. | शैक्षिक कार्यक्रम | खुला | जम्मा |
|---|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ | ३ | ३ |
| २ | जनरल मेडिसिन | – | केही |
| ३ | फार्मेसी | – | केही |
| ४ | ल्याब टेक्नालोजी | – | केही |
| ५ | रेडियोग्राफी | – | केही |

**शंकरापुर एकेडेमी**
सातदोबाटो, ललितपुर
फोन : ०५४५५५५३, ९८४३२३३३६७

---

## सामुदायिक स्वास्थ्य इन्स्टिच्युट (ICH)
**टीकापुर, कैलाली**

**डिप्लोमा/प्रमाणपत्र तह सामान्य चिकित्सा H.A. कार्यक्रममा रिक्त सिटहरूमा भर्ना छनोटका लागि निवेदन सम्बन्धी**

### अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति : २०८३।०२।२८)

शैक्षिक सत्र २०८३/०८४ का लागि यस सामुदायिक स्वास्थ्य इन्स्टिच्युट टीकापुर कैलालीमा सामान्य चिकित्सा (H.A.) अध्ययनका लागि कोटा रिक्त भएको हुँदा सूचना प्रकाशित भएको मितिले पाँच दिनभित्र यसै सत्रमा प्रवेश परीक्षा दिएका H.A./Nursing/Pharmacy को परीक्षा उत्तीर्ण परीक्षार्थीहरूलाई म्यादभित्र निवेदन दिई सिट सुरक्षित राख्नुहुन जानकारी गराइन्छ।

| क्र.सं. | कार्यक्रम | रिक्त कोटा | कैफियत |
|---|---|---|---|
| १ | सामान्य चिकित्सा H.A. | ०९ (नौ) | |

---

## सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मिति : २०८३/०२/२८

शैक्षिक शत्र २०८३/०८४ का लागि CTEVT बाट पूर्ण शुल्कीय तर्फ प्रथम सूचीमा सिफारीस भएका विध्यार्थीहरु तोकिएको म्याद भित्र भर्ना हुन नआई तपसिलको सिट रिक्त भएको हुनाले मिति २०८३/०२/२८ गते देखि **५ दिन भित्र** यसै संस्थाको (Alternative / Cut of / Pass list) मा भएका विध्यार्थीहरुले APPLICATION ACCEPTANCE CARD को प्रतिलिपि संलग्न गरी निवेदन दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ।

| कार्यक्रम | रिक्त बर्ग/कोटा | रिक्त सिट |
|---|---|---|
| प्रमाणपत्र तह नसिङ्ग | खुल्ला तर्फ | ११ जना |
| | पुरुष कोटा तर्फ | २ जना |

**शिक्षण संस्थाको पुरा नाम :**
**चरक इन्ष्टिच्यूट अफ हेल्थ साइन्स प्रा.लि.**
**ठेगाना : पोखरा –११, कास्की, सम्पर्क नम्बर : ०६१–५५३०९३**

शिक्षालय प्रमुख

---

## कोशी प्रदेश सरकार
**पर्यटन, वन तथा वातावरण मन्त्रालय**
**वन निर्देशनालय**
**जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङ**
**विराटनगर, नेपाल**

### जिल्ला वन पैदावार आपूर्ति समिति, मोरङको वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना

**(प्रकाशन मिति २०८३।०२।२८ गते)**

यस समितिको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्ययोजना बमोजिम गोलिया काठ चिरान हुँदा उत्पादन भएको साल बाकल ५०० क्विन्टल र स्ट्रिप, अन्साइज, रिजेक्टेड करी ३०० क्विन्टल तथा भुस ६० क्विन्टल बोलपत्र प्रक्रियाबाट लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्रमा सूचीकृत काठको कारोबार गर्ने स:मिल, उद्योग र व्यवसायी फर्महरुले वन निर्देशनालय, धरान र यस समितिबाट बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरेकै कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिएको छ। विस्तृत सूचनाको लागि डिभिजन वन कार्यालय, मोरङको वेबसाइट dfomorang.koshi.gov.np बाट जानकारी लिन सकिने छ।

---

## सन्त अल्पमाई रामनारायण यादव बहु-प्राविधिक शिक्षालय
**मलंगवा, सर्लाही**

### डिप्लोमा प्रमाणपत्र तह सामान्य चिकित्सा, प्रमाणपत्र तह नर्सिङ, डिप्लोमा इन फार्मेसी कार्यक्रमको पूर्ण शुल्कीयतर्फ रिक्त सिटहरूमा छनोटका लागि निवेदन दिने सम्बन्धी जरूरी सूचना।

**प्रथम पटक प्रकाशित मिति २०८३।०२।२८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, आंगिक शिक्षालय सन्त अल्पमाई रामनारायण यादव बहुप्राविधिक शिक्षालय मलंगवा सर्लाहीको मिति २०८३/०२/१७ गते प्रकाशित नतिजा अनुसार मिति २०८३/०२/२६ गतेसम्म यस शिक्षालयमा पूर्ण शुल्कीय सामान्य चिकित्सा र नर्सिङ, फार्मेसी कार्यक्रममा मुख्य उम्मेदवारहरू भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा यसै शिक्षालयका सम्बन्धित कार्यक्रमहरूको सम्बन्धित कोटामा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरूले यो सूचना प्रकाशित भएको मितिले ५ दिनभित्रमा यस शिक्षालयमा रीतपूर्वकको निवेदन दिनुहुन अनुरोध छ। **तपसिलः**

| क्र.सं | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १. | सामान्य चिकित्सा | खुला कोटा | ८ |
| | | लक्षित वर्ग कोटा | १ |
| | | सर्लाही जिल्ला कोटा | १ |
| २. | पि.सि.एल.नर्सिङ | खुला कोटा | १ |
| | | लक्षित वर्ग कोटा | १ |
| | | पुरुष कोटा | २ |
| ३. | डिप्लोमा इन फार्मेसी | खुला कोटा | ७ |
| | | सर्लाही जिल्ला कोटा | १ |
| | | मलंगवा ना.पा. वडा २ कोटा | १ |

शिक्षालय प्रमुख

---

## नेपाल विद्युत प्राधिकरण
**सुदूरपश्चिम प्रादेशिक कार्यालय, अत्तरिया**

### मिटर नामसारी सम्वन्धी सूचना

(सूचना प्रकाशित मिति २०८३/०२/२८)

यस प्रादेशिक कार्यालय अन्तर्गत महेन्द्रनगर वितरण केन्द्र र धनगढी वितरण केन्द्रमा मिटर नामसारी गरी पाउँ भनी निवेदन दिने ग्राहकहरूको सुची नेपाल विद्युत प्राधिकरण सुदूरपश्चिम प्रादेशिक कार्यालयको वेबसाइट https://sudurpaschim.nea.org.np/en र सम्बन्धित वितरण केन्द्रको सुचना पाटीमा प्रकाशित गरिएको छ। उक्त बमोजिमका ग्राहकहरूको विद्युत मिटर नामसारी हुनु नपर्ने कुनै कारण भए वा कसैको हकदाबी लाग्ने भएमा यो सुचना प्रकाशित भएको ३५ दिन भित्र सम्बन्धित वितरण केन्द्रमा प्रमाण सहित लिखित उजुरी गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

## चौतारा साँगाचोकगढी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**चौतारा, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८३/०२/२८**

चौतारा सागाचोकगढी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८२/११/२९ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रीतपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताको बोलपत्र मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | निर्माण कार्यको प्रकृति | न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट र PS बाहेक) |
|---|---|---|---|---|
| १ | CSGM/NCB/ WORKS-13/082/083 | Remaining works of Panichaur aadharbhut swastha kendra Building, CSGM-11 | Pioneer Infrastructure Developers Pvt. Ltd, Suryabinayak Municipality-09, Bhaktapur | २१,२३,६२१.९० |

प्रमुख प्रशासकीय अधिकृत

---

## नेपाल प्रहरी अस्पताल
## स्कूल अफ हेल्थ साईन्सेज महाराजगञ्ज, काठमाडौँ
**(CTEVT बाट सम्बन्धन प्राप्त)**

### प्रमाणपत्र तह नर्सिङ कार्यक्रमको पूर्ण शुल्कीय तर्फ रिक्त सिटहरूमा छनोटका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना

**(सूचना प्रकाशित मिति २०८३।०२।२८ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय सानोठिमी, भक्तपुरबाट सम्बन्धन प्राप्त यस शिक्षालयको मिति २०८३।०२।१८ गते प्रकाशित सूचना अनुसार मिति २०८३।०२।२७ गते सम्म यस शिक्षालयमा पूर्ण शुल्कीय तर्फ प्रमाण पत्र तह नर्सिङ कार्यक्रममा मुख्य उम्मेदवारका रुपमा छनोट गरी भर्ना सिफारिस गरिएका उम्मेदवारहरु मध्ये मुख्य उम्मेदवारहरु भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा वैकल्पिक योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरुले पहिलो प्राथमिकता पाउने गरी योग्यता क्रम सूचीमा रहेका उम्मेदवारहरुबाट यो सूचना प्रकाशन भएको मितिले ५ दिन भित्रमा यस शिक्षालयमा रितपूर्वक निवेदन दिनु हुन अनुरोध गरिएको छ। साथै योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुबाट **"शैक्षिक सत्र २०८३/०८४ का लागि प्रवेश प्रक्रिया, भर्ना र रजिष्टेशन सम्बन्धी कार्य सञ्चालन मार्गदर्शन"** बमोजिम छनोट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ। **तपसिल**

| सि. नं. | कार्यक्रम | रिक्त वर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १ | प्रमाणपत्र तह नर्सिङ | पूर्ण शुल्कीय कोटा | २ |
| | | पुरुष कोटा | १ |
| | | पूर्व प्रहरी सन्तती कोटा | १ |

---

## डिप्लोमा/प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको पूर्ण शुल्कीय तर्फका रिक्त सिटहरुमा छनौटका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति २०८३/०२/२८**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३/०२/१८ गते प्रकाशित नतिजा अनुसार मिति २०८३/०२/२७ गते सम्म यस शिक्षालयमा पूर्ण शुल्कीय तर्फ नर्सिङ्ग कार्यक्रममा मुख्य उम्मेद्वारका रुपमा छनौट गरी भर्ना सिफारिश गरिएका उम्मेदवारहरु मध्ये देहायका मुख्य उम्मेद्वारहरु भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा सम्बन्धित कार्यक्रमहरुको वैकल्पिक योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुले पहिलो प्राथमिकता पाउने गरी योग्यताक्रम सूचीमा रहेका उम्मेद्वारहरुबाट यो सूचना प्रकाशित भएको मितिले **५ दिन भित्र**मा यस शिक्षालयमा रितपुर्वक निवेदन दिनुहुन अनुरोध छ। साथै योग्यताक्रम सूचीमा उम्मेद्वारहरुबाट डिप्लोमा तथा प्रमाणपत्र तहमा परिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ को दफा १९ बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल :**

| क्र. सं | कार्यक्रम | रिक्त बर्ग / कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १ | नर्सिङ्ग | खुल्ला | ६ |
| २ | नर्सिङ्ग | पुरुष | २ |

**सम्पर्क**
**फिस्टेल नर्सिङ्ग क्याम्पस**
Fishtail Nursing Campus
**पोखरा–०४, गैह्रापाटन, फोनः ०६१–५४३८६६**

शिक्षालय प्रमुख

---

## नेपाल विद्युत प्राधिकरण
**१३२ के.भी. प्रसारण कन्डक्टर अपग्रेडिङ्ग आयोजना**

### विद्युत् लाईन अबरुद्ध हुने बारे अत्यन्त जरुरी सूचना।

**(प्रकाशित मिति: २०८३/०२/२८ गते)**

नेपाल विद्युत प्राधिकरण, आयोजना व्यवस्थापन निर्देशनालय अन्तर्गत सञ्चालित १३२ के.भी. प्रसारण कण्डक्टर अपग्रेडिङ्ग आयोजनाले स्यूचाटार सवस्टेशनदेखि मातातीर्थ सवस्टेशनसम्म रहेको १३२ के.भी. भोल्टेज स्तरको प्रसारण लाईनको पुरानो तार बदली गर्ने कार्य गर्न लागिएको हुँदा तपशिलमा उल्लेखित मितिमा कुलेश्वर वितरण केन्द्रअन्तर्गतका फिडरका स्थानहरूमा **बिहान ९:३० बजे देखि दिउँसो १:०० बजे** सम्म विद्युत् आपूर्ति बन्द हुने व्यहोरा सर्वसाधारणको जानकारीको लागि अनुरोध गरिन्छ।

| क्र. सं. | मिति | फिडर | विद्युत आपूर्ति बन्द हुने क्षेत्र |
|---|---|---|---|
| १ | २०८३ जेठ २९ गते शुक्रवार, ३० गते शनिवार र ३१ गते आइतवार | **१.थानकोट फिडर** | चन्द्रागिरी नगरपालिका वडा नं. १४ को कार्यालय आसपास, बालकुमारी मन्दिर, सशस्त्र प्रहरी बल कार्यालय, सिजी, पुरानो नैकाप, बलम्बु, चुनदेवी, खहरे, दहचोक, ढुङ्गेधारा, ब्राईट फ्युचर, बाईछाप, यातायात, दाउरा डिपो, हाईभिजन कोलोनी, पशुविकास, श्रृजना चोक क्षेत्र। |
| | | **२. सतुंगल फिडर** | धौलागिरी गेट आसपास, सिंचाफाँट, शिबमन्दिर आसपासका क्षेत्र। |

**नोट :**
१. मौसमको प्रतिकूलता रहेमा माथि निर्धारित समय हेरफेर हुन सक्नेछ।
२. निर्धारित समयमा सम्पूर्ण कार्य सम्पन्न लागि यथा सम्भव प्रयास गरिने छ। साथै, यसबाट ग्राहक वर्गमा पर्न जाने असूविधा प्रति नेपाल विद्युत प्राधिकरण क्षमाप्रार्थी छ।

---

## सुदूरपश्चिम प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**महाकाली आयुर्वेद औषधालय**
**महेन्द्रनगर, कन्चनपुर, नेपाल**
**दोस्रो पटक प्रकाशित मिति २०८३/०२/२८**

### सवारी साधन खरिदको प्रस्ताव माग गरेको सूचना

यस कार्यालयका लागि कार सवारी साधन (क्याटलग विधी) बाट खरिद गर्नु परेको हुँदा बिक्री गर्न चाहने उत्पादक कम्पनि/आधिकारिक विक्रेताहरूबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी प्रस्ताव आह्वान गरिन्छ।

१. सिलबन्दी निवेदन साथ प्यान भ्याट दर्ता, करचुक्ता प्रमाण पत्र, उत्पादक कम्पनी वा आधिकारीक विक्रेताको प्रमाण पत्र संलग्न राख्नुपर्ने छ, उत्पादक कम्पनीको वा अधिकृत विक्रेताले उत्पादकको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, बिक्रि मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा व्रोसर) संलग्न राख्नु पर्नेछ। सवारी साधनको तोकिएको मुल्य र सुविधा मध्ये मुल्यमा छुट वा सुविधामा थप हुने विवरणसहित प्रस्तावमा समावेश गर्नुपर्नेछ, यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिनसम्म (कार्यालय समय भित्र) निम्न स्पेशिफिकेशन भएको प्रस्ताव यस कार्यालयमा दर्ता गर्न सकिने छ र दर्ता हुन आएका प्रस्ताव दर्ता गर्ने समय समाप्त भए लगतै यस कार्यालयमा खोलिनेछ। दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलीपल्ट सोहि समय अनुसार हुनेछ। तपसिल

| सि.नं. | विवरण | संख्या | स्पेशिफिकेशन |
|---|---|---|---|
| १ | कार चारपाङ्ग्रे सवारीसाधन खरिद | १ | Car suitable to operate in rough and hilly road condition of Nepal, capacity for atleast 5 persons including driver, four strokes, engine volume minimum 1150cc, power output not less than 80ps, max. torque not less than 110NM,ground clearance:minimum 160mm,streeing:power assisted/power steering, brakes:front ventilated disc type and rear disc/drum type, hydraulic operated on all wheels,ABS, fuel tank capacity:minimum 35L and other essential accessories prescribed by Office. |

कार्यालय प्रमुख

# भारतीय रुपियाँसहित एक व्यक्ति पक्राउ

**जलेश्वर समाचारदाता**
*जलेश्वर, जेठ २७ गते*

महोत्तरीको जलेश्वर नगरपालिका–३, मलिबारास्थित भिट्टामोड जनकपुरक सडकखण्डबाट भारतीय रुपियाँसहित एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरीको सघन चेकजाँचका क्रममा जलेश्वर नपा–६, बासोपट्टी घर भएका ५५ वर्षीय अरुणकुमार चौधरीलाई एक लाख ११ हजार ३५० रुपियाँ र एक लाख सत्र हजार ६०५ नेपाली रुपियाँसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्तासमेत रहनुभएका प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले बताउनुभएको छ। प्रहरी टोलीले चौधरीलाई रोकी निजको शरीर खानतलासी गर्दा पाइन्टको गोजीबाट ती रकम बरामद भएको प्रहरी नायब उपरीक्षक गोलेले बताउनुभयो।

चौधरीले प्रयोग गर्ने एक थान आइटेल कम्पनीको मोबाइल र एक थान साइकलसमेत बरामद भएको प्रहरीले जनाएको छ।

चौधरीलाई विदेशी मुद्रा अपचलन तथा स्रोत नखुलेको रकमसहित पक्राउ गरी जिल्ला प्रहरी कार्यालय महोत्तरीमा ल्याई थप अनुसन्धान कार्यपश्चात् आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको प्रहरीले जनाएको छ।

# मनसुनअघि नै क्वाटर टोलमा डुबानको चिन्ता

**बर्दीबास समाचारदाता**
*बर्दीबास, जेठ २७ गते*

बढ्दो तापक्रमले मधेश क्षेत्र उकुसमुकुस भइरहेका बेला बर्दीबास नगरपालिका–८, क्वाटर टोलका बासिन्दालाई गर्मीभन्दा आउन लागेको मनसुनको चिन्ताले पिरोलिएका छन्। विगतका डुबानको पीडा र अहिले पनि यथावत् रहेका कारण यहाँका स्थानीय चिन्ति देखिएका छन्।

यो समस्याले उहाँहरूका लागि मनसुन अब केवल ऋतु परिवर्तनको सङ्केत मात्र नभएर विगतको पीडा दोहोरिने सम्भावना पनि हो। एकातिर चर्को गर्मीले सताइरहेको मधेशमा किसान बर्साको प्रतीक्षामा छन् भने क्वाटर टोलका बासिन्दा भने वर्षा लागेपछि 'कसरी जोगिने भनि चिन्तामा छन्।

बर्दीबास नगरप्रमुख प्रल्हाद क्षेत्रीले मङ्गलबार क्वाटर टोलमै पुगेर डुबान समस्या बारे गाउँलेसँग छलफल गरे पनि ठोस जवाफ नपाउँदा गाउँलेमा अन्योल र आशङ्का बढेको हो। गाउँलेका अनुसार गत वर्षको मनसुन उनीहरूका लागि केवल प्राकृतिक विपत्ति मात्र नभएर त्यो एउटा कहाली लाग्दो दुस्वप्न बनेको छ। २०८२ असोज १८ गतेको मध्यराति अचानक पसेको बर्खे भलले पूरै बस्तीलाई घेरेको थियो। तीव्र बेगमा घरभित्र पसेको बाढीले अन्नपात, भाँडाकुँडा र घरभित्रका सामग्री बगाएर लगेको थियो। कतिपय घरका भित्तासमेत भत्किए। जङ्गलछेउको बस्ती भएकाले बाढीसँगै सर्प तथा विषालु किराको डरले पनि स्थानीयलाई सताएको थियो।

स्थानीय शोभा राना सम्झनुहुन्छ, "नगरपालिकाले भोलिपल्टै राहत ल्यायो, खाद्यान्न र भाँडाकुँडा पनि दियो तर पकाएर खाने अवस्था नै थिएन। चुलो र भाँडाकुँडा सबै बगिसकेका थिए। एक सातासम्म चाउ चाउ र चिउराकै भरमा बस्नु पर्‍यो।" क्वाटर टोलका सबै परिवार आर्थिक रूपमा कमजोर छन्। उहाँहरूको सम्पत्तिको नाममा प्रतिपरिवार करिब छ धुर घरघडेरी मात्र छ। त्यो पनि डुबानमा पर्न थालेपछि चिन्ता बढेको हो।

७१ वर्षीय ज्येष्ठ नागरिक भीमबहादुर श्रेष्ठका अनुसार क्वाटर टोलका २१ परिवारको यो साझा समस्या हो। पानी निकासको स्थायी व्यवस्था नहुँदा बस्ती डुबानको जोखिममै रहेको उहाँको भनाइ छ। ३४ वर्षीय गोमा राईले भन्नुभयो, "पहिला पानी पूर्वतर्फ बग्थ्यो। कुलोको निकास थियो। अहिले कुलो पुरियो। सडक पनि अग्लो बनाइयो। त्यसपछि पानीको बाटो बन्द भयो र बस्ती डुब्न थालेको हो।" नगरप्रमुख क्षेत्रीले समस्या समाधानका लागि पहल भइरहेको बताउनुभयो।

# वैदेशिक रोजगारीमा असफल, तरकारी खेतीमा सफल

**कल्याणपुर समाचारदाता**
*कल्याणपुर (सप्तरी), जेठ २७ गते*

सप्तरीको छिन्नमस्ता गाउँपालिका–५, लोखरमकी ३७ वर्षीय जसोकुमारी महतोको जीवन केही वर्षअघिसम्म अनिश्चित र चिन्ताले भरिएको थियो। परिवारको आर्थिक अवस्था सुधार्ने सपना बोकेर उहाँका श्रीमान् अरविन्दकुमार महतो दुई पटक वैदेशिक रोजगारीमा जानुभयो तर सोचे जस्तो आम्दानी गर्ने अवसर नपाएपछि दुवै पटक निराश भएर घर फर्किनु पर्‍यो।

वैदेशिक रोजगारीबाट अपेक्षित सफलता नपाएपछि परिवारको भविष्य अन्योलमा परेको थियो। यहाँसम्म कि दैनिक खर्च चलाउनेदेखि बालबालिकाको पढाइ कसरी अगाडि बढाउने भन्ने चिन्ताले महतो दम्पतीलाई सताइरहन्थ्यो। "श्रीमान् दुई/दुई पटक वैदेशिक रोजगारीबाट फर्किएपछि जीवन नै अँध्यारो लाग्थ्यो," विगत सम्झिँदै जसोले भन्नुभयो, "तर अहिले उहाँको जीवन उज्यालो भएको छ।" कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (आइएफएडी) तथा विश्व खाद्य कार्यक्रम (डब्लुएफपी), एफएओ र युएन ओमेनको साझेदारीमा दिदीबहिनी र सप्रोस नेपालद्वारा सञ्चालित 'ग्रामीण महिला आर्थिक सशक्तीकरण कार्यक्रम' अन्तर्गत जसोले तरकारी खेतीसम्बन्धी तालिम लिनुभयो। तालिमले आत्मविश्वास जगायो र आफ्नै गाउँमा सम्भावना खोज्न प्रेरित गरेको जसोले सुनाउनुभयो।

तालिमपछि उहाँले आफ्नै पाँच कट्ठा जग्गामा व्यावसायिक तरकारी खेती सुरु गर्नुभयो। त्यही खेती अहिले परिवारको मुख्य आम्दानीको स्रोत बनेको छ। सप्रोस नेपालले प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ, जसले उत्पादनलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन मद्दत पुगेको जसोका श्रीमान् अरविन्दले बताउनुभयो।

अहिले जसो महतो र उहाँका श्रीमान् अरविन्द आफ्नै बारीमा उब्जाएको तरकारी बेचेर मासिक करिब ४० हजार रुपियाँसम्म आम्दानी गर्नुहुन्छ। "महिनामा ३० देखि ४० हजार रुपियाँसम्म आम्दानी हुने गरेको छ," उहाँले भन्नुभयो। उहाँका दुई छोरा र एक छोरी निजी विद्यालयमा अध्ययनरत छन्, त्यसमध्ये एक छोरा काठमाडौँमा अध्ययन गरिरहेको जसो बताउनुहुन्छ। जसोले उत्पादन गरेको ताजा तरकारी स्थानीय बजारमा लोकप्रिय बनेको छ। स्थानीय सामुदायिक विद्यालयको दिवा खाजाका लागिसमेत उहाँकै बारीमा उत्पादन भएको तरकारी प्रयोग गरिन्छ।

## सुषमा कोइराला मेमोरियल नर्सिङ्ग क्याम्पस साँखु, काठमाडौं

फोन नं : ०१४४५११५३, ०१४४५११५४

**प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको पूर्ण शुल्कीय तर्फ रिक्त सिटहरुमा छनौटका लागी निवेदन दिने सम्वन्धी अत्यन्त जरुरी सूचना**

(सुचना प्रकाशित मिति:२०८३।०२।२८)

**CTEVT** ले मिति २०८३।०१।२८ गते प्रकाशित गरेको सूचना अनुसार फारम भरी मिति २०८३।०२।१८ गते प्रकाशित नतिजा अनुसार मुख्य उम्मेदवारका रुपमा छनौट भई भर्नाका लागि शिफारिस गरिएका उम्मेदवारहरु मध्ये निम्नानुसार भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा यसै क्याम्पसको उत्तीर्ण सूची (**Pass List**) मा रहेका परीक्षार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ५ दिन (मिति २०८३।०३।०१ गते) भित्रमा यस शिक्षालयमा निवेदन दर्ता गर्न हुन अनुरोध छ। साथै योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरुबाट प्रमाणपत्र तह नर्सिङ्ग तहमा प्रशिक्षार्थी छनौट, भर्ना सम्बन्धि विनियमावली, २०८३ बमोजिम गरिने ब्यहोरा जानकारी गराईन्छ।

| क्र.सं. | कार्यक्रम | तपसिल रिक्त वर्ग/कोटा | रिक्त सिट संख्या |
|---|---|---|---|
| १ | प्रविणता प्रमाणपत्र तह नर्सिङ्ग | पुर्ण शुल्किय खुल्ला कोटा | २ जना |
| | | पुरुष कोटा | १ जना |
| | | जम्मा | ३ जना मात्र |

## श्री बैजनाथ रौटेला बाह्रकुण्ड सामुदायिक वन उपभोक्ता समिति

भी.न.पा.–१, कञ्चनपुर, सुदूरपश्चिम प्रदेश, नेपाल।

**सवारी साधन खरिद सम्बन्धी सूचना।**

**प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२७ गते**

प्रस्तुत विषय सम्बन्धमा यस श्री बैजनाथ रौटेला बाह्रकुण्ड सामुदायिक वन उपभोक्ता समितिको कार्यालयले सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ) खरिद गर्ने कार्यविधि २०७४ को अधीनमा रही देहाय बमोजिमका सवारी साधन खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक वा अधिकृत बिक्रेताले आ–आफ्नो फर्म/कम्पनी दर्ता तथा नवीकरण गरेको प्रमाण पत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८१।०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, आधिकारिक बिक्रेताको प्रमाण पत्रको प्रतिलिपि र स्वघोषणा पत्र समावेश गरी मिति २०८३।०३।०२ गते दिउँसो १२:०० बजे समयभित्र उत्पादनको स्पेसिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी सिलबन्दी सहितको प्रस्ताव यस कार्यालयमा दर्ता गराउनुहुन जानकारी गराइन्छ।

| ठेक्का नं. | सावारी साधनको विवरण | सङ्क्षिप्त स्पेसिफिकेसन |
|---|---|---|
| Catalogue Shopping/ 01/082/083 | Tractor | 2WD, Gross Power 50 HP (±5%), PTO Rated RPM ≥ 540 RPM, Rated Engine Speed ≥ 2000 RPM, Power Steering |

## Government of Nepal
## Ministry of Agriculture, Forests and Environment
## Forest Research and Training Centre

Babarmahal, Kathmandu

**INVITATION FOR SEALED QUOTATION**

(Second Date of Publication: 11 June 2026)

Forest Research and Training Centre (FRTC) invites bids from eligible bidders for the following items under Sealed Quotation procedures. Eligible Bidders may obtain further information, inspect and purchase the Bidding Documents at FRTC, Babarmahal (Website: www.frtc.gov.np). Email: info@frtc.gov.np, Tel: +977-1- 5369491).

| S.N. | Procurement Details | Contract/Bid ID | Bid security amount NRS | Bid Price NRS | Last Date of Submission |
|---|---|---|---|---|---|
| 1 | Procurement of high-performance Laptops | NP-REDD-506109-GO-RFQ. | 35,000.00 | 1,000.00 | 18 June 2026 |
| 2 | Procurement of Desktop Computers with Dual Monitors | NP-REDD-506107-GO-RFQ | 48,000.00 | 1,000.00 | 18 June 2026 |

## डिभिजन वन कार्यालय

सप्तरी, राजविराज

**चिरान/गोलिया काठ शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री सूचना**

**तेस्रो पटक प्रकाशन मिति** २०८३/०२/२८

सव–डिभिजन वन कार्यालय, महुली र कल्याणपुर,सप्तरीको घाटगद्दीमा रहेको मुद्दा /बेवारिसे काठ तपसिल बमोजिमका जात थान परिमाणको काठ जे–जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक संघ/संस्था फर्म वा कम्पनीले यो सूचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयबाट बोलपत्र फारम खरिद गरी १६औं दिनको अपराह्न १२:०० बजेसम्म सिलबन्दी बोलपत्र फारम यस कार्यालयमा दर्ता गर्न यो सूचना आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत विवरण यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**तपसिल**

| सि.नं. | जात | लट नं. | किसिम | थान | ग्रेड | क्यूफिट | गोलियामा परिणत क्यू | दर रेट | संकलन खर्च | न्यूनतम मूल्य | घाटगद्दि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | साल | ५ | चिरान | ३३ | A | २९.२६ | ४०.९६४ | १२५० | १४०.२७ | ५६९५१.०२ | सितापुर | बबारिसे |
| २ | साल | ५ | गोलिया | ११ | C | १२.०३ | १२.०३ | ६०० | १४०.२७ | ८९०५.४५ | सितापुर | बबारिसे |
| ३ | साल | ५ | चिरान | १४० | A | १२१.४५ | १७०.०३ | १२५० | १४०.२७ | २३६३८७.६० | जण्डौल | बबारिसे |
| ४ | जामुन | ५ | चिरान | ९ | A | १०.८३ | १५.१६२ | ४०० | १४०.२७ | ८१९१.५७ | जण्डौल | बबारिसे |
| ५ | बाँझी | ५ | चिरान | ५ | A | ५.४४ | ७.६१६ | १०० | १४०.२७ | १८२९.८९ | जण्डौल | बबारिसे |
| ६ | सतिसाल | ५ | चिरान | १ | A | ०.५ | ०.७५ | १६०० | १४०.२७ | १३०५.२० | जण्डौल | बबारिसे |
| ७ | कुकाठ | ५ | चिरान | १ | A | ०.५८ | ०.८१२ | १०० | १४०.२७ | १९५.०९ | जण्डौल | बबारिसे |
| ८ | साल | ५ | गोलिया | १ | C | १.६९ | १.६९ | ६०० | १४०.२७ | १२५१.०५ | जण्डौल | बबारिसे |
| जम्मा | | | | २०१ | | | २४०.०५ | | | ३१३,१८६.९८ | | |
| ९ | सिसौ | ६ | गोलिया | २ | A | १६.२ | १६.२ | ७०० | १४०.२७ | १३६१२.३७ | कल्याणपुर | मुद्दा |
| १० | सिसौ | ६ | गोलिया | ४ | B | १२.१२ | १२.१२ | ५०० | १४०.२७ | ७७६०.०७ | कल्याणपुर | मुद्दा |
| ११ | साल | ६ | चिरान | १२ | A | ९.६३ | १३.४८ | १२५० | १४०.२७ | १८७४०.८३ | सितापुर | मुद्दा |
| १२ | साल | ६ | चिरान | ४६ | A | ४२.९३ | ६०.१०२ | १२५० | १४०.२७ | ८३५५८ | जण्डौल | मुद्दा |
| १३ | सतिसाल | ६ | चिरान | ३ | A | १.७२ | २.४०८ | १६०० | १४०.२७ | ४१९०.५७ | जण्डौल | मुद्दा |
| १४ | साल | ६ | गोलिया | १ | A | २०.४४१ | २०.४४१ | १२५० | १४०.२७ | २८४१८.५० | जण्डौल | मुद्दा |
| १५ | मसला | ६ | गोलिया | २ | - | २०.५२ | २०.५२ | १२५ | १४०.२७ | ५४४३.३४ | जण्डौल | मुद्दा |
| १६ | मि.दाउरा | – | – | – | - | २०*५*५ | ०.२५ चट्टा | १२००० | – | ३०००.०० | कल्याणपुर | मुद्दा |
| जम्मा | | | | ७० | | | १४५.२७ | | | १६४७२३.६७२ | | |
| १७ | टिक | ७ | गोलिया | ४५ | B | १११.५५ | १११.५५ | ६०० | १४०.२७ | ८२५७७.११८ | कल्याणपुर | मुद्दा |
| जम्मा | | | | ४५ | | १११.५५ | १११.५५ | | | ८२५७७.११८ | | |
| कूल जम्मा | | | | ३१६ | | | ५०४.१८ | | | ५६०,४८७/७७ | | |
| | थप जानकारीको लागी डिभिजन वन कार्यालय सप्तरीको वेवसाईट वा कार्यालयमा सम्मर्क गर्न सकिन्छ। ईमेल : dfosaptarirbj@gmail.com, फोन नं. ०३१–५३००८२ | | | | | | | | | | | |

**डिभिजनल वन अधिकृत**

## मधेश प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
## पूर्वाधार विकास निर्देशनालय
## पूर्वाधार विकास कार्यालय

मलङ्गवा, सर्लाही

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०८३।०२।२८**

यस कार्यालयबाट तपसिलका कार्यहरूका लागि मिति २०८२।०९।२० गतेको सौर्य दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना बमोजिम **www.bolpatra.gov.np/egp** मार्फत रीतपूर्वक पेश हुन आएका बोलपत्र दाताहरूको प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन गर्दा देहाय बमोजिमको बोलपत्र दाताहरूको बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएका बोलपत्र दाताहरूको नाम ठेगाना | कबोल अङ्क (भ्याट तथा PS सहित) |
|---|---|---|---|---|
| 1 | IDOSARLAHI/ NCB/ Works/2082/083-04 | Upgrading Road Works of Basbariya Gaa.Paa. Wada no. 4 Gonarwa Dekhi Diyar Hudai Hirapur Bairej Basbariya Gaa.paa. Wada no. 4,Sarlahi. | 1.0 Rajdevi Bhakta Construction Pvt. Ltd., Rautahat. | १२,७३,४६,४७३।९० |
| 2 | IDOSARLAHI/ NCB/ Works/2082/083-05 | Upgrading Road Works of Barahathawa Na.Paa. Wada no. 11 Hirapur Bairej Dekhi Basbariya Gaa. paa. Wada no. 6 Pokhariya Samm Sadak kalopatre karya, Sarlahi. | 1.0 NP - MR JOINT VENTURE, Barahathawa. | ७,९४,७९,५६८।२५ |
| 3 | IDOSARLAHI/ NCB/ Works/2082/083-06 | Upgrading Road Works of Chakraghatta Gaa. Paa. Wada no. 3 Jholungepul Dekhi Sundarpur Bajaar Samm Sadak Kalopatre Karya, Sarlahi. | 1.0 Chaudhary-Tirupati JV, Malangwa. | ५,०८,६७,१०८।१५ |
| 4 | IDOSARLAHI/ NCB/ Works/2082/083-09 | Upgrading Road Works of Chakraghatta Gaa. Paa. Wada no. 9 Khoriya Dekhi Goyahi Aaurahi Hudai Kabilashi Na.Paa. 10 Pirar Chok Samm Sadak Kalopatre Karya, Sarlahi. | 1.0 J.S.S Engineering Services - Om Ganeshya Construction JV, Kathmandu-30. | ११,८४,२३,१३९।६९ |
| 5 | IDOSARLAHI/ NCB/ Works/2082/083-10 | Upgrading Road Works of Kabilashi Na. Paa. Hempur Hudai Sirsiya Samm Sadak Kalopatre Karya, Sarlahi. | 1.0 Jay Bhawani - Sahu JV, Malangwa-10. | ८,३२,१९,४९७।३७ |
| 6 | IDOSARLAHI/ NCB/ Works/2082/083-11 | Upgrading Road Works of Chakraghatta Gaa.Paa. Wada no. 5 Padariya Dekhi Dhangra Khola Paterwa Hudai Sagardina Samm Kalopatre Karya, Sarlahi. | 1.0 SURKE - NP JV, Budhnagar-10. | ११,०७,०८,६९४।७८ |
| 7 | IDOSARLAHI/ NCB/ Works/2082/083-12 | Construction of Bridge Works in Dhangrakhola of Salempur Hirapur Sadak, Sarlahi. | 1.0 JBMCPL-Y.K-R.C. NISTHA J/V, Lalbandi, Sarlahi | ५,७४,००,७८८।४० |

**– कार्यालय प्रमुख**

## सम्पत्ति विवरण दाखिला गर्ने सम्बन्धमा
## सम्पत्ति छानबिन आयोग, २०८३ द्वारा जारी गरिएको
## केशरमहल, काठमाडौँ

**म्याद थप सम्बन्धी सार्वजनिक सूचना**

**सूचना नं. ३**

**(सूचना प्रकाशित मिति : २०८३।०२।२८)**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट नेपाल राजपत्र खण्ड ७६), मिति २०८३।०१।०२ मा प्रकाशित पूर्व अतिरिक्ताङ्क १ र मिति २०८३।०१।१४ मा प्रकाशित अतिरिक्ताङ्क २ को सूचनाबाट तोकिएको कार्यदिशमा;

"(क) **देहायको सार्वजनिक पदमा रहेका वा पदबाट सेवा निवृत्त भएका वा हटिसकेका देहायका पदाधिकारी र तिनका परिवार समेतका नाममा स्वदेश तथा विदेशमा रहेको सम्पत्तिको विवरण सङ्कलन गर्ने र सो उपर जाँचबुझ गर्ने,**

(१) तत्कालीन श्री ५ को सरकार र नेपाल सरकारका प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री,

(२) तत्कालीन संसद सदस्य, व्यवस्थापिकाको रूपमा कार्य गर्ने संविधान सभाका सदस्य,

(३) नेपाल अधिराज्यको संविधान, २०४७ नेपालको अन्तरिम संविधान, २०६३ र नेपालको संविधान बमोजिम नियुक्त भई संवैधानिक निकायबाट पदमुक्त भएका वा हटेका प्रमुख तथा पदाधिकारी, पूर्व न्यायाधीशहरू तथा नेपाली सेनाको सेवा निवृत्त राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिका अधिकृतहरू,

(४) प्रदेश प्रमुख, प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तथा सहायक मन्त्री,

(५) प्रदेश सभाका सदस्य तथा पदाधिकारी,

(५क) महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ता,

(६) साविकको जिल्ला विकास समिति र हालको जिल्ला समन्वय समितिका पदाधिकारी,

(७) स्थानीय तहका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्ष,

(८) नेपाली राजदूतावास तथा कूटनीतिक नियोगका प्रमुख तथा कर्मचारी,

(९) राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सो भन्दा माथिको पदका निजामती सेवा, संसद सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानव अधिकार सेवा, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका कर्मचारी,

(१०) कार्यालय प्रमुखको पदमा कार्यरत वा कार्य गरेको निजामती सेवा, संसद सेवा, स्वास्थ्य सेवा वा राष्ट्रिय मानव अधिकार सेवाको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहका कर्मचारी,

(११) कार्यालय प्रमुख पदमा कार्यरत वा कार्य गरेको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभागको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको कर्मचारी,

(१२) नेपाल राष्ट्र बैंकका गभर्नर, सञ्चालक समितिका पदाधिकारी, डेपुटी गभर्नर, कार्यकारी निर्देशक र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सोभन्दा माथिका कर्मचारी,

(१३) प्रचलित कानून बमोजिम स्थापित सरकारी बैंक तथा वित्तीय संस्था, नेपाल सरकारका आयोग, प्रतिष्ठान, प्राधिकरण, बोर्ड, समिति, केन्द्र आदिका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सोभन्दा माथिका कर्मचारी,

(१४) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थानका अध्यक्ष, सञ्चालक, कार्यकारी निर्देशक, महाप्रबन्धक, प्रबन्ध निर्देशक, प्रमुख कार्यकारी अधिकृत तथा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सोभन्दा माथिका कर्मचारी,

(१५) नेपाल सरकारबाट अनुदान प्राप्त गर्ने विश्वविद्यालय, प्रतिष्ठान लगायतका निकायका पदाधिकारी र राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरह र सोभन्दा माथिका कर्मचारी,

(१६) राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, नेपाल सरकारका मन्त्री वा प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, नेपाल सरकार वा प्रदेश सरकारको राज्यमन्त्री, सहायक मन्त्री वा संवैधानिक निकायका प्रमुख तथा सदस्य वा यस्ते पदमा रहेका व्यक्तिले नेपाल सरकार वा प्रदेश सरकारबाट पारिश्रमिक वा सुविधा लिने वा नलिने गरी नियुक्त भएका वा नियुक्त नभई कार्य गरेका सल्लाहकार, स्वकीय सचिव, निजी सचिव वा यस्तै पदाधिकारी" भनी यस आयोगको काम, कर्तव्य र अधिकार तोकेकोले माथि उल्लिखित पदाधिकारीहरूको पैतृक तथा आफ्नो पालामा आर्जित चल, अचल सम्पत्ति र त्यसका स्रोतहरू (तलब, भत्ता, विदेश भ्रमण, घर जग्गा, शेयर कारोबार, वित्तीय संस्थाबाट लिएको ऋण, कृषि, पशुपालन, व्यापार, व्यवसाय तथा विप्रेषण लगायतबाट प्राप्त आय तथा व्यय) र सो पुष्टि हुने कागजात आयोगबाट निर्धारित सम्पत्ति विवरण फारामसाथ यो सूचना गोरखापत्रमा प्रकाशित भएका मितिले ३० (तीस) दिनभित्र यस आयोगमा आफैँ वा आफ्नो प्रतिनिधि मार्फत, हुलाक मार्फत वा आयोगको इमेल ठेगानामा दाखिला गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिएको सर्वविदितै छ। कतिपय सार्वजनिक पदाधिकारी र कर्मचारीहरूले प्रमाण सङ्कलन गर्न र विदेशमा रहेको कारण माथि उल्लिखित अवधिभित्र सम्पत्ति विवरण दाखिल गर्न समय अपुग भएकोले म्याद थप गरिपाऊँ भनी यस आयोगमा निवेदन र इमेल मार्फत अनुरोध गर्नुभएकोले आगामी **२०८३ आषाढ मसान्तसम्म** सम्पत्ति विवरण पेस गर्नका लागि अन्तिम पटक म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**सम्पर्क ठेगाना**
**सम्पत्ति छानबिन आयोग**
**केशरमहल, काठमाडौँ**
**फोन नं. ०१–४५४६४८८, ०१–४५४६५८८**
**ई–मेल : info@pic.gov.np**

### बँदेलको समस्या

# बसाइँ सरे पचहत्तर प्रतिशत परिवार

**राजकुमार भट्टराई**
*खोटाङ, जेठ २७ गते*

खोटाङको एउटा गाउँका ७५ प्रतिशतभन्दा बढी घरपरिवार बसाइँ सरेर गएका छन्। रावाबेँसी गाउँपालिका–४, डुम्रेधारापानी डाँडागाउँ र कोटगाउँका ७५ प्रतिशतभन्दा बढी नागरिक बसाइँ सरेर गएका हुन्।

खानेपानीको चरम समस्याका कारण अधिकांश परिवारले गाउँ छाडेका छन्। अहिले जङ्गली जनावर बँदेलको समस्याले पनि गाउँ छाड्न थालेका छन्। साबिक डुम्रेधारापानी गाउँ विकास समिति (गाविस) का वडा नं. ७ डाँडागाउँ र कोटगाउँमा करिब एक सय घरको बसोबास थियो। गाउँमा रहेका उक्त परिवारको समस्या पनि झन् बढ्दै गएको छ। खानेपानीको समस्या झेलिरहेका डाँडागाउँ र कोटगाउँका नागरिक अहिले जङ्गली जनावर बँदेल र बाँदरबाट पीडित छन्।

कोटगाउँका मुमबहादुर निरौला अहिले हरेक दिन मकैबारीमा पुगेर पुर्पुरोमा हात लगाउँदै बस्नुहुन्छ। यो वर्ष पनि निरौलाको घुरेनकै बारीको समेत मकै बँदेलले राति आएर नष्ट गरिदिएको छ। डाँडागाउँका भूपध्वज निरौलाको सबैभन्दा राम्रो देखिएको मकै बँदेलले काम नलाग्ने गरी भाँचेर खाएको छ। डाँडागाउँका केही परिवार मिलेर बिचमा एउटा गोठ बनाएका छन्। उक्त गोठमा बसेर रातभर बँदेल रुङ्ने गरेको सरोज निरौला बताउनुहुन्छ।

राति ११ बजेदेखि ३ बजेको समयमा हुल बाँधेर आएको बँदेलले मकै सखाप पारेको भूपध्वज निरौलाको भनाइ छ। करिब आठ वर्षअघि बँदेलका बच्चा गाउँमा देखिएका थिए। अहिले ती बँदेल ठुला भएर गाउँमा आतङ्क मच्चाउन थालेका हुन्। करिब २८/३० वटा बँदेल रातको समयमा हुल बनेर गाउँ छिर्ने गरेको स्थानीय बताउँछन्।

मकै, कोदो, जुनेलो, दाललगायतका बाली लगाउने गरेका स्थानीयले बँदेलबाट जोगाउन कठिन रहेको बताउँछन्। बँदेलले सबै बाली खाएर, भाँचेर, कोतारेर, उधिनेर नष्ट बनाएपछि कतिले बाली नै लगाउन छाडेका छन् भने कतिले गाउँ नै छाडेका छन्। एक सय घरबाट २५ घरमा झरेको उक्त गाउँ यो वर्षबाट २३ घरमा झरेको छ। यही वर्ष मात्र कोटगाउँबाट दुई घर बसाइँ गएको सरोज निरौलाले बताउनुभयो। करिब १५ घर बसोबास गर्ने कोट गाउँमा अब तीन घर मात्र बाँकी रहेका छन्।

डुम्रेधारापानीको साबिक ७ नं. वडामा पर्ने कोटगाउँ र डाँडागाउँमा माथिल्लो भूभागमा बँदेल र तल्लो भूभागका बाँदरले खेतबारीमा लगाएको अन्न नष्ट गर्न थालेपछि अहिले अरू घरपरिवार पनि गाउँ छाड्ने सोचमा रहेको बताउँछन्। तल्लो भूभागका नागरिकको बारीको बाली बाँदरले नष्ट गर्ने मात्र होइन, घरभित्रकै अन्न खान थालेको स्थानीय पुस्मलाल निरौला बताउनुहुन्छ।

खानेपानी र जङ्गली जनावरको समस्याबाट आजित बनेर गाउँ छाड्नेको घर अहिले भग्नावशेष अवस्थामा रहेका छन्। जग्गाजमिन जङ्गलमा परिणत हुँदै गएका छन्। कतिपय बारीमा त्यहीँ बस्नेले बाली लगाएका छन्। बसाइँ जानेहरू कसैको पनि जग्गाजमिन किनबेच भएको छैन। प्रायः जसो उक्त ठाउँका नागरिक तराईका भूभागमा बसाइँ सरेर जाने गरेको भूपध्वज निरौला बताउनुहुन्छ।

विशेष गरी बँदेलको नियन्त्रण सम्बन्धित निकायले नगर्ने हो भने उक्त गाउँ नै केही वर्षमा खाली हुन सक्ने स्थानीय बताउँछन्। गाउँमा खानेपानीको समस्या पनि जीवितै छ। छिमेकी पालिका ऐँसेलुखर्क गाउँपालिका–६, ज्यामिरे नेपानेबाट खानेपानी तानिएको छ। धेरै ठाउँमा उक्त पानी वितरण हुने भएकाले हरेक दिनको केही घण्टा मात्र धारामा पानी आउँछ। अझ हिउँदको समयमा भने पानीको चरम सङ्कट हुने गरेको सरोज निरौला बताउनुहुन्छ। धारामा पानी नआएको समयमा गाउँमा रहेको एउटा कुवाबाट सबैले पालैपालो लाइनमा बसेर गाग्री भर्ने गरेको पीडा सरोज सुनाउनुहुन्छ। उक्त गाउँको खानेपानीको समस्या समाधनका लागि दुधकोशीबाट पानी लिफ्टिङ आयोजना सञ्चालन भइरहेको छ। चरम ढिलासुस्तीले अहिलेसम्म आयोजना सम्पन्न भएको छैन।

यता खोटाङमा बँदेल बसोबास गर्न सक्ने वातावरण रहे पनि छ या छैन भनेर यकिन जानकारी अहिलेसम्म नरहेको डिभिजन वन कार्यालय खोटाङका प्रमुख उदिमप्रसाद राईको भनाइ छ। बँदेलले गरेको क्षतिको क्षतिपूर्ति पाउने व्यवस्था रहेको छ तर जिल्लामा अहिलेसम्म कसैको गुनासो नआएको कार्यालय प्रमुख राईको भनाइ छ।

# बन्दै विश्वकै अग्लो युमा माङ्गहिम

**हिले समाचारदाता**
*हिले, जेठ २७ गते*

धनकुटाको चौबिसेमा नौ तले युमा माङ्गहिम निर्माण हुने भएको छ। चौबिसे गाँउपालिका–६, राजारानीमा विश्वकै अग्लो युमा माङ्गहिम निर्माण हुन लागेको हो। प्रदेश सरकार गाउँपालिका वडा कार्यलय तथा किराँत धर्मावलम्बीबाट सहयोग सङ्कलन गरेर निर्माण गर्न लागिएको चौबिसे गाँउपालिकाका अध्यक्ष राजकुमार चेम्जोङले जानकारी दिनुभयो।

युमा माङ्गहिम निर्माण भइसक्दा करिब नौ करोड रुपियाँ खर्च हुने अनुमान पालिकाको रहेको छ। हालसम्म करिब दुई करोड रुपियाँ खर्च भइसकेको छ। अहिले जमिनमाथि दुई तला निर्माण भएको छ।

विश्वकै किराँत धर्मावलम्बीको पवित्रस्थलका रूपमा विकास गर्ने गरी काम भइरहेको पालिका अध्यक्ष चेम्जोङको भनाइ छ। अध्यक्ष चेम्जोङ भन्नुहुन्छ, "पहिले निर्माण सुरु गरेर रोकिए पनि अहिले आफूहरूको पहलमा प्रदेश, सङ्घ तथा अरूबाट सहयोग सङ्कलन गरी निर्माणको काम अघि बढाइरहेको छौँ।" २०६० सालबाट यसको निर्माण सुरु भएको हो। बिचमा बजेट अभावका कारण काम रोकिएको थियो तर पछिल्लो समय प्रदेश सरकार गाउँपालिका वडा कार्यलय तथा किराँत धर्मावलम्बीबाट सहयोग सङ्कलन गरेर पुनःनिर्माण सुरु गरिएको हो। माङ्गहिम निर्माण भइरहेको स्थानमा मावरक पावरक नागनागिनीको क्रीडास्थलका रूपमा रहेको विश्वास गरिन्छ।



चौबिसे गाउँपालिका–६, राजारानीमा निर्माणाधीन विश्वकै अग्लो युमा माङ्गहिम।

**Tribhuvan University**
**Institute of Medicine**
**Manmohan Cardiothoracic Vascular & Transplant Center**
**Maharajgunj, Kathmandu**

## Notice for Intent to award the contract

**Date of Publication :** 11 June 2026 (2083/02/28)

Pursuant to sub clause 27.2 and 27.3 of Public Procurement Act 2063, this is to notify all concerned Bidders that it is our intention to award the contract to the following bidder as it is found substantially responsive bidder for the tender as detailed below.

| S. N. | Name of the Contract & contract Identification No. | Successful Bidders | Award Amount |
|---|---|---|---|
| 1 | Supply, Installation & Commissioning of Cath Lab Machine (MCVTC/GOODS/ICB/01-8283) | Shanghai United Imaging Healthcare Co. Ltd. No. 2258 Chengbei Road, Jiading District, Shanghai 201807 No.2258 | USD 973,900.00 |

## NEPAL AUSHADHI LIMITED

Babarmahal, Kathmandu, Nepal
**Published date:** 2083/02/28

**Nepal Aushadhi Limited** invites **Expression of Interest (EOI)** from interested individuals, firms, and companies for the purpose of shortlisting for outsourcing consultancy services as mentioned below. Interested parties may submit their EOI along with the required documents demonstrating their qualifications, capabilities, and relevant experience to complete the prescribed tasks. Applicants may apply for one or more clusters, as required. The EOI must be submitted within 15 days from the date of publication of this notice during office hours, either in person or via email at procurementnal1972@gmail.com

1. The Product Diversification Plan shall include product development and marketing plans, manpower planning, and a complete process flow chart covering activities from Research and Development (R&D) to finished products ready for marketing. The plan shall also include a framework of the required machinery and equipment for manufacturing, along with the establishment of an R&D and Quality Control Laboratory.
2. The Facility Renovation Plan shall include detailed drawings and designs, mandatory regulatory provisions and approval requirements, specifications of machinery and equipment, Bills of Quantities (BOQ), and a monitoring and evaluation framework.
3. Preparation of tender documents, procurement-related tendering processes, procurement master planning, annual procurement plans and schedules, development of an online reporting system, and overall recommendations for procurement management. The plan shall also include procurement procedures in compliance with mandatory regulatory provisions.
4. The Strategic Plan shall cover a five-year roadmap for organizational development, including manpower planning (Organization and Management/O&M), manufacturing operations, and sales and marketing strategies.
5. Calibration and validation of existing equipment and facilities.
6. Accounting and manufacturing software and website designing.

**Qualification and Experience Requirements**

The assigned expert shall possess a Master's degree and a minimum of ten (10) years of relevant professional experience. The consulting firm or company shall have at least five (5) years of experience in the relevant field and shall demonstrate the involvement of qualified personnel meeting the above requirements.

**Procurement Division**

## काठमाडौं उपत्यका खानेपानी लिमिटेड

मुख्य कार्यालय, त्रिपुरेश्वर, काठमाडौं

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना !!

**प्रकाशित मितिः** २०८३/०२/२८

यस कार्यालयको लागि आवश्यक निम्न बमोजिम बोलपत्रहरू आह्वान भएअनुसार प्राप्त बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै को जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | बोलपत्रको विवरण | छनोट भएको बोलपत्रदाताको नाम ठेगाना | कुल कबोल रकम (भ्याट बाहेक ) |
|---|---|---|---|
| १ | The Procurement of Light Vehicle Driving Service (IFB No. KUKL/NCB/S/02/082/083) | Kantipur Security Service Pvt. Ltd., Chabahil, Kathmandu | ८५,७०,८७०.६४ |
| २ | The Procurement of Supply, Installation, Configuration and Commissioning of IT Equipment (IFB No.: KUKL/NCB/12/082/083) (Lot 1 -Contract Identification No: KUKL/NCB/12.01/082/083) | Star Office International, Putalisadak, Kathmandu | ५२,८०,०००.०० |
| ३ | The Procurement of Supply, Installation, Configuration and Commissioning of IT Equipment (IFB No.: KUKL/NCB/12/082/083) (Lot 2 -Contract Identification No: KUKL/NCB/12.02/082/083) | Star Office International, Putalisadak, Kathmandu | ११,८७,५००.०० |

**BID ADDENDUM NOTICE**
**Addendum No: 1**
**(Published On:** 2083/02/28)

This is to notify all the concerned bidders that addendum has been issued for the NCB title "**The Procurement of Supply, Installation, Configuration and Commissioning of Materials for Upgradation of Server Room (IFB NO: KUKL/NCB/14/082/083)**" published on 2nd Jestha 2083 through "http://bolpatra.gov.np/egp". The Addendum can be downloaded from PPMO's e-procurement portal http://bolpatra.gov.np/egp.

## नेपाल विद्युत प्राधिकरण

### लहान सुखिपुर १३२ के.भी. प्रसारण लाइन आयोजनाको टावर प्याडहरूमा पर्ने जग्गाको विवरण

| क्र.सं. | जग्गा धनीको नाम | जग्गा धनीको बुबा/पतिको नाम | जग्गा धनीको बाजे/ससुराको नाम | जिल्ला | साबिक गा.वि.स. | स्थानीय तह | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | स्रेस्ता अनुसारको क्षेत्रफल | | | | अधिग्रहण गर्नुपर्ने क्षेत्रफल | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | बिघा | कट्ठा | धुर | कनमा | बिघा | कट्ठा | धुर | कनमा |
| 1 | सागर लाल चौधरी | समुन्द्रीलाल चौधरी | मखनलाल चौधरी | सिरहा | सिन्ग्राही मटिअर्वा | लहान नगरपालिका | 5 | 374 | 0 | 4 | 19 | 0 | 0 | 19 | 2.19 | 2 |
| 2 | सत्यनारायण चौधरी थारु | नन्दीलाल | लचु लाल चौधरी | सिरहा | सिन्ग्राही मटिअर्वा | | 5 | 89 | 1 | 15 | 2 | 1 | 0 | 8 | 8.08 | 8 |
| 3 | सुरेश कुमार चौधरी | पिमाया चौधरी | राम नन्दन चौधरी | सिरहा | सिन्ग्राही मटिअर्वा | | 6 | 738 | 1 | 7 | 12 | 1 | 0 | 10 | 3.63 | 4 |
| | अमित कुमार चौधरी | रामेश्वर चौधरी | राम नन्दन चौधरी | सिरहा | सिन्ग्राही मटिअर्वा | | 6 | 2534 | 1 | 6 | 12 | 0 | 0 | 8 | 14.50 | 14 |
| 4 | बिल्टु साह सुडी | शिव प्रसाद सुडी | मोहन लाल | सिरहा | सिन्ग्राही मटिअर्वा | | 6 | 189 | 0 | 6 | 17 | 0 | 0 | 8 | 8.09 | 8 |
| | राम कुमार सुडी | | | | | | | | | | | | | | 0.00 | |
| 5 | हरी लाल चौधरी | रुदन चौधरी | मकुन चौधरी | सिरहा | सिन्ग्राही मटिअर्वा | | 7 | 508 | 0 | 0 | 19 | 0 | 0 | 2 | 3.55 | 4 |
| | महंथी चौधरी | तिरहु | मकुन | सिरहा | सिन्ग्राही मटिअर्वा | | 7 | 379 | 0 | 4 | 0 | 0 | 0 | 12 | 5.26 | 5 |
| | | | | सिरहा | सिन्ग्राही मटिअर्वा | | 7 | 378 | | | | | 0 | 0 | 9.14 | 9 |
| 6 | बैधनाथ नायक | राम किसुन नायक | औनिथ नायक | सिरहा | शिसवोनी | | 3 क | 182 | 0 | 4 | 8 | 0 | 0 | 15 | 1.95 | 2 |
| 7 | श्रीमति कौशिल्या देवी | उचीतलाल चौधरी | बन्हु चौधरी | सिरहा | शिसवोनी | | 3 क | 269 | 0 | 6 | 9 | 0 | 0 | 13 | 4.65 | 5 |
| 8 | महेन्द्र नारायण यादव | सुकदेव यादव | | सिरहा | शिसवोनी | | 3 क | 46 | 0 | 12 | 1 | 0 | 0 | 8 | 8.09 | 8 |
| | बिरेन्द्र यादव | | | | शिसवोनी | | | | | | | | | | 0.00 | |
| 9 | कुभोलिया देवी राम | राम सोभित चमार | | सिरहा | शिसवोनी | | 3 ख | 171 | 0 | 1 | 3 | 0 | 0 | 8 | 8.08 | 8 |
| 10 | देव सुन्दर मोची | राम लखन मोची | | सिरहा | शिसवोनी | | 4 क | 94 | 0 | 7 | 0 | 0 | 0 | 8 | 8.08 | 8 |
| 11 | प्रमोद खेतान | शंकर लाल खेतान | द्वारिका प्रसाद खेतान | सिरहा | शिसवोनी | | 4 क | 407 | 0 | 7 | 6 | 0 | 0 | 10 | -0.29 | 0 |
| 12 | जमुना थारुनी | सरोज चौधरी | माधुरी चौधरी | सिरहा | शिसवोनी | | 2 ग | 60 | 0 | 9 | 4 | 0 | 0 | 10 | 14.38 | 14 |
| | रामानन्द चौधरी | मुनिलाल | कानन | सिरहा | शिसवोनी | | 1 | 408 | 0 | 4 | 9 | 0 | 0 | 2 | 5.78 | 6 |
| | ईश्वर चौधरी | | | | शिसवोनी | | | | | | | | | | 0.00 | |
| | पशुपति चौधरी | | | | शिसवोनी | | | | | | | | | | 0.00 | |
| 13 | अजब लाल कामैत | पलट कामैत | मनोगी कामैत | सिरहा | शिसवोनी | | 1 | 347 | 0 | 3 | 7 | 0 | 0 | 0 | 3.22 | 3 |
| | देवलाल कामैत | पलट कामैत | मनोगी कामैत | सिरहा | शिसवोनी | | 1 | 1033 | 0 | 1 | 3 | 0 | 0 | 11 | 1.60 | 2 |
| | अजब लाल कामैत | पलट कामैत | मनोगी कामैत | सिरहा | शिसवोनी | | 1 | 335 | 0 | 1 | 0 | 0 | 0 | 1 | 1.72 | 1 |
| | देवलाल कामैत | पलट कामैत | मनोगी कामैत | सिरहा | शिसवोनी | | 1 | 953 | 0 | 2 | 6 | 0 | 0 | 0 | 14.07 | 14 |
| 14 | काशी कुमारी यादव | बिलट यादव | | सिरहा | शिसवोनी | | 1 | 233 | 0 | 3 | 15 | 0 | 0 | 12 | 10.63 | 11 |
| | समीर जंग कार्की | शेर जंग धोज कार्की | मोहन कर्ण जंग कार्की | सिरहा | शिसवोनी | | 1 | 234 | 0 | 2 | 7 | 0 | 0 | 0 | 9.87 | 10 |
| 15 | प्रकाश बहादुर केसी | भिम बहादुर केसी | हरि बहादुर केसी | सिरहा | शिसवोनी | | 1 | 900 | 0 | 2 | 0 | 0 | 0 | 8 | 8.09 | 8 |
| 16 | राम लोचन कामति | दुगेसर कामती | जनक कामती | सिरहा | पोखरभिंडा | लक्ष्मीपुर पतारी गाउँपालिका | 2 | 13 | 0 | 8 | 18 | 0 | 0 | 10 | -0.28 | 0 |
| 17 | धर्मनाथ साह | झौली साह तेली | बाबुजी | सिरहा | भवानीपुर | धनगढीमाई नगरपालिका | 6 | 364 | 1 | 1 | 6 | 1 | 0 | 10 | -0.28 | 0 |
| 18 | मनोज कुमार साह | लक्ष्मी साहु तेली | शंकर साहु तेली | सिरहा | भवानीपुर | | 6 | 247 | 0 | 9 | 14 | 0 | 0 | 1 | 14.65 | 15 |
| | मनोज कुमार साह | लक्ष्मी साहु तेली | शंकर साहु तेली | सिरहा | भवानीपुर | | 6 | 246 | 0 | 5 | 0 | 0 | 0 | 12 | 6.39 | 7 |
| | दिप नारायण साह सुडी | राम दयाल साह | जनक लाल साह | सिरहा | भवानीपुर | | 6 | 565 | 0 | 3 | 5 | 8 | 0 | 0 | 12.88 | 13 |
| 19 | पल्तिबती हलुवाई | मोहन साहु | | सिरहा | भवानीपुर | | 6 | 216 | 0 | 3 | 10 | 0 | 0 | 8 | 8.08 | 8 |
| 20 | बिमला कुमारी महरा | बिपतिया चमार | | सिरहा | भवानीपुर | | 6 | 51 | 0 | 14 | 0 | 0 | 0 | 8 | 8.08 | 8 |
| 21 | | | | सिरहा | भवानीपुर | | 4 | 232 | | | | | 0 | 8 | 8.08 | 8 |
| 22 | बिलट साहु तेली | अब्दुल साहु तेली | जानकी साहु | सिरहा | भवानीपुर | | 4 | 439 | 0 | 3 | 6 | 8 | 0 | 6 | 7.35 | 8 |
| | | | | सिरहा | भवानीपुर | | 4 | 255 | | | | | 0 | 6 | 13.29 | 13 |
| 23 | सिताराम साहु तेली | पबित्र साहु तेली | रामफल साहु तेली | सिरहा | भवानीपुर | | 5 | 443 | 0 | 11 | 5 | 0 | 0 | 8 | 8.09 | 8 |
| 24 | हिरालाल यादव | दरपी यादव | बिहारी यादव | सिरहा | भवानीपुर | | 5 | 217 | 1 | 4 | 3 | 1 | 0 | 8 | 8.09 | 8 |
| 25 | देव सुनर देवी यादव | असर्फी यादव | | सिरहा | भवानीपुर | | 5 | 174 | 0 | 7 | 10 | 0 | 0 | 10 | -0.29 | 0 |
| 26 | देव नारायण यादव | भिम राम यादव | फोदार यादव | सिरहा | मोहनपुर कमलपुर | सुखिपुर नगरपालिका | 6 | 751 | 0 | 3 | 3 | 4 | 0 | 0 | 10.18 | 10 |
| | निशा कुमारी राय | चन्द्र बहादुर मल्ल | केदार बहादुर मल्ल | सिरहा | मोहनपुर कमलपुर | | 6 | 34 | 0 | 6 | 10 | 4 | 0 | 14 | 6.07 | 6 |
| 27 | देव नारायण यादव | बिहारी यादव | फोदार यादव | सिरहा | मोहनपुर कमलपुर | | 5 | 427 | 0 | 2 | 0 | 0 | 0 | 8 | 8.08 | 8 |
| 28 | भगवानी देवी चौधरी | प्रथम लाल चौधरी | भोलाईचौधरी | सिरहा | मोहनपुर कमलपुर | | 5 | 467 | 0 | 5 | 5 | 0 | 0 | 8 | 8.08 | 8 |
| 29 | मदन ठाकुर | असिफ ठाकुर | अनुप ठाकुर | सिरहा | मोहनपुर कमलपुर | | 9 | 130 | 0 | 5 | 1 | 0 | 0 | 10 | -0.29 | 0 |
| 30 | श्याम कुमारी चौधरी थारु | | सुखैर चौधरी | सिरहा | सुखिपुर | | 4 ख | 3042 | 0 | 5 | 0 | 0 | 0 | 9 | 6.23 | 6 |
| | उमेश कुमार साह | राम साह तेली | | सिरहा | सुखिपुर | | 4 ख | 82 | 0 | 16 | 0 | 0 | 0 | 0 | 9.49 | 9 |
| 31 | | | | सिरहा | सुखिपुर | | 4 क | 442 | | | | | 0 | 8 | 8.09 | 8 |
| 32 | बन्धु लाल चौधरी | रुपन चौधरी | मनिलाल | सिरहा | सुखिपुर | | 4 क | 337 | 0 | 6 | 0 | 0 | 0 | 0 | 10.73 | 11 |
| | सोनेलाल साह /सीता तेली | असर्फी /सरुप | नेक /जिवछ | सिरहा | सुखिपुर | | 4 क | 690 | 0 | 4 | 1 | 4 | 0 | 9 | 4.99 | 5 |
| 33 | रामेश्वर चौधरी /राजेन्द्र साह/सचिदा साह | नन्द्र राउत/अबधि | अबधि साह | सिरहा | सुखिपुर | | 4 क | 3311 | 1 | 5 | 2 | 9 | 0 | 19 | 0.73 | 1 |
| 34 | | | | सिरहा | सुखिपुर | | 4 क | 55 | | | | | 0 | 7 | 5.75 | 6 |
| | भागवत महतो कोइरी | रामेश्वर महतो | फुलचन | सिरहा | सुखिपुर | | 4 क | 56 | 0 | 6 | 8 | 0 | 0 | 0 | 7.11 | 7 |
| | किशोरी प्रसाद महतो | जिवछ महतो | सुन्दर महतो | सिरहा | सुखिपुर | | 4 क | 776 | 0 | 1 | 15 | 0 | 0 | 7 | 5.07 | 5 |
| 35 | | | | सिरहा | सुखिपुर | | 4 क | 39 | | | | | 0 | 13 | 4.64 | 5 |
| 36 | मिन्हो | | | सिरहा | सुखिपुर | | 3 | 505 | 0 | 1 | 5 | 0 | 0 | 15 | 1.93 | 2 |
| 37 | | | | सिरहा | सुखिपुर | | 3 | 999956 | | | | | 0 | 11 | 9.23 | 9 |
| 38 | | | | सिरहा | सुखिपुर | | 3 | 392 | | | | | 0 | 7 | 9.42 | 9 |
| | रासलाल ठाकुर हजाम | बुधन ठाकुर | जौहरी | सिरहा | सुखिपुर | | 3 | 389 | 0 | 0 | 15 | 0 | 0 | 0 | 10.58 | 11 |
| | | | | सिरहा | सुखिपुर | | 3 | 391 | | | | | 0 | 7 | 11.78 | 12 |
| | पवित्रा देवी मण्डल | जय लाल खत्वे मण्डल | बहादुर मण्डल | सिरहा | सुखिपुर | | 3 | 557 | 0 | 1 | 0 | 0 | 0 | 1 | 10.24 | 10 |
| | हिरा लाल महतो कोइरी | बेदु महतो कोइरी | रामेश्वर महतो कोइरी | सिरहा | सुखिपुर | | 3 | 370 | 0 | 3 | 0 | 0 | 0 | 1 | 7.80 | 8 |
| 39 | राम प्रकाश महतो | तेजी लाल महतो | बलदेव महतो | सिरहा | सुखिपुर | | 3 | 457 | 0 | 13 | 0 | 0 | 0 | 8 | 8.08 | 8 |
| 40 | | | | सिरहा | दहिपौड़ी | | 2 | 999883 | | | | | 0 | 8 | 8.08 | 8 |
| 41 | | | | सिरहा | दहिपौड़ी | | 2 | 169 | | | | | 0 | 10 | -0.29 | 0 |
| 42 | | | | सिरहा | दहिपौड़ी | | 2 | 999912 | | | | | 0 | 13 | 4.64 | 5 |
| 43 | अशोक कुमार यादव | मिस्रि यादव | विलट यादव | सिरहा | दहिपौड़ी | | 2 | 281 | 0 | 5 | 0 | 0 | 0 | 8 | 8.09 | 8 |
| 44 | | | | सिरहा | दहिपौड़ी | | 4 | 999874 | | | | | 0 | 8 | 8.09 | 8 |
| 45 | दिपक सिहं | रामफत | रामवेक | सिरहा | दहिपौड़ी | | 4 | 513 | 0 | 0 | 7 | 8 | 0 | 7 | 7.83 | 8 |
| | कपिलदेव सिंह | राम सुरैत महतो कोईरी | रामेश्वर | सिरहा | दहिपौड़ी | | 4 | 3129 | 0 | 2 | 7 | 0 | 0 | 0 | 9.51 | 10 |
| | हरिदेव महतो | राम सुरैत महतो कोईरी | रामेश्वर | सिरहा | दहिपौड़ी | | 4 | 3130 | 0 | 1 | 0 | 0 | 0 | 5 | 3.30 | 3 |
| 46 | | | | सिरहा | दहिपौड़ी | | 5 | 999980 | | | | | 0 | 7 | 11.62 | 12 |
| | | | | सिरहा | दहिपौड़ी | | 5 | 999993 | | | | | 0 | 2 | 12.85 | 13 |
| | | | | सिरहा | दहिपौड़ी | | 5 | 999989 | | | | | 0 | 0 | 9.16 | 9 |
| | | | | सिरहा | दहिपौड़ी | | 5 | 999994 | | | | | 0 | 2 | 12.46 | 12 |
| | | | | सिरहा | दहिपौड़ी | | 5 | 341 | | | | | 0 | 0 | 13.97 | 14 |
| 47 | गुलफुल देवी तेलिन | सुनाई साह तेली | | सिरहा | दहिपौड़ी | | 9 | 170 | 0 | 1 | 17 | 0 | 0 | 1 | 7.43 | 7 |
| | सुरेन्द्र बहादुर पाण्डे | चन्द्र बहादुर पाण्डे | नर बहादुर पाण्डे | सिरहा | दहिपौड़ी | | 9 | 385 | 0 | 4 | 15 | 0 | 0 | 1 | 12.78 | 13 |
| | उमेश प्रसाद साह / सुनिल कुमार साह | पुरन | | सिरहा | दहिपौड़ी | | 9 | 384 | 0 | 3 | 0 | 0 | 0 | 11 | 13.74 | 14 |
| 48 | | | | सिरहा | दहिपौड़ी | | 9 | 999859 | | | | | 0 | 19 | 2.21 | 2 |

गोरखापत्र
gorkhapatraonline.com

# अर्थबजार

**सुनचाँदी** (प्रतितोला रुपियाँमा)

| | | |
|---|---|---|
| छापावाल सुन | : | २,९१,८०० ▼ |
| चाँदी | : | ४७४० ▼ |

**सेयर बजार**

| | | |
|---|---|---|
| नेप्से इन्डेक्स | : | २७३६.१७ (+२.५७) ▲ |
| कारोबार रकम | : | ४,२९७,४६४,३२७ ▼ |
| कारोबार भएका सेयर | : | ९,२८३,३२६ |
| कारोबार सङ्ख्या | : | ४९,२४८ |
| कारोबार भएका कम्पनी | : | ३५६ |

## छपाइ त्रुटि मात्र सच्याइएको हो : अर्थमन्त्री

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*



अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक विधेयकमा उल्लिखित दर नभई छपाइका क्रममा भएका सामान्य त्रुटि मात्र सच्याइएको बताउनुभएको छ । गत जेठ १५ गते संसद्मा अर्थमन्त्रीले पेस गर्नुभएको आर्थिक विधेयक त्यसपछि पनि बारम्बार सच्याइएको आरोप लागेपछि उहाँले बुधबार यस्तो स्पष्टीकरण दिनुभएको हो।

प्रतिनिधि सभाको अर्थ समितिको बैठकमा उहाँले अघिल्ला वर्षमा पनि धेरै पटक आर्थिक विधेयकका त्रुटि सच्याइएको उदाहरण रहेको उल्लेख गर्नुभयो। आर्थिक विधेयक गोप्य रूपमा अर्थमन्त्रीले मात्र टाइप गर्ने नभई ठुलो समूहले छलफल गरेर निक्र्योल गर्ने उहाँको भनाइ थियो।

आर्थिक विधेयक संसद्बाट पारित भइसकेको अवस्थामा पनि संशोधन गर्ने कानुनी अधिकार रहेको उहाँले समितिको बैठकमा बताउनुभयो । "वर्षभरि केही भइपरी आउन सक्छन्। त्यस्तो अवस्थामा सरकारले करका दर घटाउन वा बढाउन सक्ने अधिकार दफा १८ ले दिएको छ," उहाँले भन्नुभयो।

संशोधनको यस्तो व्यवस्था सार्वजनिक वित्तको अभ्यासमै रहेको र संसद्ले पास गरेपछि पनि संशोधन गर्न सक्ने उहाँको भनाइ थियो । "पेट्रोलको मूल्य घटाउन बिचमा हामीले पूर्वाधार शुल्क घटायौँ। यस्तो संशोधन क्याबिनेटबाट पनि हुन सक्छ," उहाँले भन्नुभयो।

बैठकका क्रममा अर्थमन्त्री वाग्लेले आफूविरुद्ध सङ्गठित रूपमा अफवाह फैलाइएको बताउनुभयो । "बजेट छलफल गर्नुपर्ने प्रतिनिधि सभामा अवरोध गरेर मविरुद्ध सङ्गठित रूपमा अफवाह फैलाइएको छ," उहाँले भन्नुभयो। त्यस क्रममा उहाँले नेपाली इतिहासकै ठुलो वित्तीय अपराधमा संलग्न समूहबाट पालितपोषितबाट प्रधानमन्त्री र आफूविरुद्ध आक्रमण भइरहेको उल्लेख गर्नुभयो। उहाँले यस्ता कुराबाट प्रभावित नहुन पनि सांसदलाई आग्रह गर्नुभयो।

बजेटसँगै अर्थमन्त्रीले संसद्मा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्ष २०८३/८४ को आर्थिक विधेयकका केही बुँदा पछि सच्याइएको भन्दै सञ्चार माध्यमले प्रश्न उठाउँदै आएका छन्। अर्थमन्त्री वाग्लेले भने कुनै खराब मनसायले नभई सामान्य भाषागत त्रुटि सच्याइएको बताउँदै आउनुभएको छ।

## केयरगिभरको परीक्षा स्थगित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

इजरायल रोजगारीका लागि आवश्यक अङ्ग्रेजी भाषा परीक्षा व्यवस्थापनमा देखिएको प्राविधिक समस्या र परीक्षार्थीको गुनासोपछि परीक्षा स्थगित गरिएको छ। केयरगिभर रोजगारीका लागि अनिवार्य गरिएको आधारभूत तहको अङ्ग्रेजी भाषा प्रमाणपत्र (क्याम्ब्रिज अपस्किल्स इङ्ग्लिस टेस्ट) अन्तर्गत परीक्षा दिएका परीक्षार्थीले व्यवस्थापन, शुल्क र प्राविधिक कमजोरीबारे धेरै गुनासो आएपछि परीक्षा स्थगित गरिएको हो।

उक्त परीक्षा त्रिपुरेश्वरस्थित सिआइआइएनमार्फत सञ्चालन भएको थियो । परीक्षा स्थगनसँगै १७ हजारभन्दा बढी नेपाली युवा प्रभावित भएका छन्। परीक्षाका सहभागीले परीक्षामा सर्भर समस्याले आवाज नआउने, हेडसेट तथा कम्प्युटर सेटअपमा कमजोरी र अत्यधिक भिडका कारण परीक्षा भद्रगोल भएको आरोप लगाएका छन्।

सहभागीका अनुसार करिब दुई सय जनासम्मलाई एउटै हलमा राखेर परीक्षा सञ्चालन गरिएको थियो। परीक्षार्थीको स्पिकिङ टेस्टका क्रममा बोल्ने आवाज र सिस्टमबिचको समन्वय नमिल्दा समस्या भएको दाबी रहेको छ । साथै परीक्षार्थीले परीक्षा प्रणालीमा प्राविधिक समस्या रहेको दाबी गर्दै सर्भर ढिलो चल्ने, एउटै कुरा लोड हुन धेरै पटक प्रयास गर्नुपर्ने र निर्धारित समयभित्र परीक्षा सम्पन्न गर्न कठिनाइ हुनेलगायतका समस्या भएको बताएका छन्। उक्त परीक्षाका लागि प्रतिव्यक्ति परीक्षा शुल्क पाँच हजार रुपियाँ बुझाएको तर संस्थाले आवश्यक कम्प्युटर, स्तरीय हेडसेट तथा अन्य भौतिक पूर्वाधार उपलब्ध नगराएको आरोप परीक्षार्थीको छ।

यसअघि इजरायलका लागि भाषा परीक्षण ब्रिटिस काउन्सिलमार्फत हुँदै आएको थियो तर यस पटक क्याम्ब्रिज अपस्किल्स इङ्ग्लिस टेस्टका लागि सिआइआइएन अन्तर्गत नयाँ प्रणाली लागु गरिएको थियो, जसलाई सुरुदेखि नै विवादित बनाइएको छ।

विभागले इजरायल पक्ष (पिबा) बाट छनोट भएर परीक्षा सञ्चालन गरिएको बताएको छ । विभागका अनुसार व्यवस्थापनको जिम्मा पाएको संस्थामा देखिएको प्राविधिक र सञ्चालनगत समस्याका कारण परीक्षा अवरुद्ध भएको हो।

**पर्सा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पर्सा, सर्लाही, मधेश प्रदेश, नेपाल**

**पोखरी ठेक्का बन्दोवस्त सम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशित मिति २०८३/०२/२८)
**आ.व. २०८२/०८३**

यस गाउँपालिका क्षेत्रअधिकार भित्र रहेका देहाय बमोजिमको सार्वजनिक ऐलानी पोखरीहरू जे जो अवस्थामा छन् सोहि अवस्थमा नै आ.व. २०८२/०८३ देखि २०८७/०८८ सम्म ५ वर्षको लागि माछा उत्पादन गर्ने प्रयोजनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति/ फर्महरूबाट निम्न शर्तहरूको अधीनमा रही गोप्य शिलबन्दी बोल पत्र सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले तपसिल अनुसार कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र देहाय को (पछि फिर्ता नहुने गरी) रकम भुक्तानी गरी बोलपत्र खरिद गर्न सकिने छ। **देहाय पोखरीको विवरण**

| सि. नं. | ठेक्का नं. | पोखरीको नाम | ठेगाना | दरभाउ पत्र खरीद गर्ने मिति | दरभाउपत्र र बोलपत्र दर्ता/ खुल्ने मिति र समय | बोलपत्र दस्तुर | न्युनतम रकम |
|---|---|---|---|---|---|---|---|
| १. | PRM/25/ 2082/083 | पनपिही पोखरी | पर्सा गा.पा. ६, सर्लाही | २०८३/०३/११ गते सम्म | २०८३/०३/१२ गते दिउँसो दर्ता १२:०० सम्म र खोल्ने २:०० बजेपछि | 1000.00 | 1115900/- |
| २. | PRM/26/ 2082/083 | बैरिया पोखरी | पर्सा गा.पा. ५, सर्लाही | २०८३/०३/११ गते सम्म | २०८३/०३/१२ गते दिउँसो दर्ता १२:०० सम्म र खोल्ने २:०० बजेपछि | 1000.00 | 1502000/- |
| ३. | PRM/27/ 2082/083 | मोगलैहिया पोखरी | पर्सा गा.पा. ६, सर्लाही | २०८३/०३/११ गते सम्म | २०८३/०३/१२ गते दिउँसो दर्ता १२:०० सम्म र खोल्ने २:०० बजेपछि | 3000.00 | 2699250/- |

(**नोट:** यस बोलपत्र सम्बन्धी थप सूचना तथा जानकारीको पूर्ण विवरण यस गाउँपालिकाको वेभसाइट **www.parsamun.gov.np** बाट प्राप्त गर्न हुन अनुरोध छ।)
**प्रमुख प्रशासकीय अधिकृत**

**Government of Sudur Pashchim Province**
**Ministry Of Social Development**
**Provincial Ayurved Chikitshalaya**
**Dhangadhi, Kailali**
**Invitation for Sealed Quotation for the Procurement Supply, Delivery and installation of Machinery for Provincial Ayurved Ausadhi Utpadan Kendra**

**Invitation for Sealed Quotation.**

**Date of first Publication: 2083/02/21**
**Date of Re-Publication: 2083/02/28**

1. **The Provincial Ayurved Chikitshalaya (PAC) Sudurpashchim Province invit**es sealed quotations from registered Suppliers for the supply & delivery of :

| Sealed Quotation No: | Description of procurement | Bid Security Amount (Nrs.) | Bid Security Validity | Source of Fund |
|---|---|---|---|---|
| PACSPP/G/ SQ-03/082-083(RE) | Procurement Supply, Delivery and installation of Machinery for Provincial Ayurved Ausadhi Utpadan Kendra | 50000.00 | 2083/05/013 (Aug 29, 2026) Or 75 days after bid opening | Government of Nepal |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Provincial Ayurved Chikitshalaya(PAC),Dhangadhi-13 Kailali Sudurpashchim Province,Email:setiz.aaurbed08@gmail.com, Phone no 9858483945. A complete set of Bidding Documents may be purchased from the office Provincial Ayurved Chikitshalaya(PAC), Dhangadhi-13 Kailali Sudurpashchim Province by eligible Bidders on the submission of a written application, along with up to date copy of company/firm registration certificate, Business registration, PAN/VAT registration, Tax clearance of last FY and upon payment of a non-refundable fee of NRs. 1000.00 Voucher deposited in the below description account till 2083/03/01 during office hours .
Name of the Bank: Rastriiya Banijya Bank
Name of Office: Provincial Ayurved Chikitshalaya (PPC) Dhangadhi, Kailali.
Office Code no. : 3500277057
Office Account no.: 1000100200010000
Rajaswa (revenue) Shirshak no. : 14229
3. Sealed bids must be submitted to the office of Provincial Ayurved Chikitshalaya (PAC), Dhangadhi-13 Kailali Sudurpaschim Province by hand on 2083/03/01 . Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2083/03/02, 9:30 AM at the office of Provincial Ayurved Chikitshalaya (PAC), Kailali. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security mentioned in above table, which shall be valid for 30 days beyond the validity period of the bid 2083/05/13. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the Account of Pradesh Lekha Niyantrak Karyalaya Deposit Account No. 4170100202030000 at Rastriya Banijya Bank Dhangadhi ,with name of Office Provincial Ayurved Chikitshalaya (PAC) and with office code 3500277057 and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Things remains to specify in this notice will be according to the prevailing law of Nepal, Public Procurement Act 2063 & regulation 2064.

**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिराहा, मधेस प्रदेश, नेपाल**
**(राजश्व शाखा)**

**विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्कासम्बन्धी सिलबन्दी टेण्डर आमन्त्रण सूचना**

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०२/२८ गते)*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिमको यस नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने देहाय बमोजिमको विज्ञापन कर र सेवा शुल्क संकलन गर्न/ गराउन आर्थिक वर्ष २०८३/०८४ (एक) वर्ष अर्थात् मिति २०८३ श्रावण १ गतेदेखि २०८४ साल असार मसान्तसम्मका लागि एकमुष्ट गनीमहसुल/ किस्ताबन्दीमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक फर्म, संस्था वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, व्यवसाय नवीकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी विस्तृत सूचनामा उल्लेख भएका शर्तहरूको अधिनमा रही सिलबन्दी टेण्डर प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। **तपसिल**

| क्र. सं. | ठेक्काको नाम | ठेक्काको अवधि | न्यूनतम ठेक अंक रकम रु. (मू.अ.कर, दुर्गा पुजा चन्दा र आय करबाहेक) | ठेक्काको किसिम | टेण्डर फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | गुदरीहाट बजार सेवा शुल्क वडा नं. १ देखी १० सम्म एकमुष्ट | २०८३/०८४ | रु. ३९,५१,०००।- | ३ (तीन) किस्ता | ३,०००।- |
| २. | खसीबाख्रा हाटबजार सेवा शुल्क लहान वडा नं. ५ | २०८३/०८४ | रु. ५०,००,०००।- | ३ (तीन) किस्ता | ३,०००।- |
| ३. | गुदरीहाट बजार सेवा शुल्क वडा नं. २३ गाढा चोक | २०८३/०८४ | रु. १,३१,०००।- | एकमुष्ट/ २ (दुई) किस्ता | १,०००।- |
| ४. | गुदरीहाट बजार सेवा शुल्क वडा नं. १२ भोटिया टोल | २०८३/०८४ | रु. १,६०,०००।- | एकमुष्ट/ २ (दुई) किस्ता | १,०००।- |
| ५. | विज्ञापन कर लहान नगरपालिका क्षेत्र भित्र | २०८३/०८४ | रु. २९,५०,७७७।- | ३ (तीन) किस्ता | ३,०००।- |

(नोटः- विस्तृत सूचना यस कार्यालयको Website: www.lahanmun.gov.np मा हेर्न सकिनेछ) **प्रमुख प्रशासकीय अधिकृत**

**गण्डकी प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय**
**पूर्वाधार विकास कार्यालय**
कास्की

**खरिद सम्झौताको अन्त्य गरिएकोसम्बन्धी मिति २०८३/०२/२० र २१ को सार्वजनिक सूचना सच्चाइएको सम्बन्धमा**

*तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/२८*

सडक डिभिजन कार्यालय पोखरा र तपसिल बमोजिमका निर्माण व्यवसायी, ठेक्का नं, आयोजनाहरुको कार्यान्वयनको लागि सम्झौता भई गण्डकी प्रदेश सरकारको स्थापनापछि यस कार्यालयमा कार्यान्वयनको लागि हस्तान्तरण भई आएकोमा तपसिल बमोजिमका ठेक्काहरूको निर्माण कार्यको प्रगति सन्तोषजनक नरहेको तथा लामो समय व्यतित हुँदा पनि कार्य प्रगतिमा सुधार नभएको सन्दर्भमा पटक-पटक मौखिक तथा लिखित निर्देशन दिइएकोमा निर्माण कार्यको प्रगतिमा सुधार नभएको, पेश भएको कार्यतालिका बमोजिम कार्य प्रगति नभएको, साथै कार्य सम्पन्न गर्नेतर्फ अग्रसर भएको नदेखिएको कारण ठेक्का किन अन्त्य नगर्ने सम्बन्धमा ठोस कारण तथा प्रमाणसहितको लिखित जवाफ पेश गर्नुहुन भनी विभिन्न मितिहरूमा यस कार्यालयबाट पत्राचार भएको र राष्ट्रिय स्तरको पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरी माग गरिएकोमा सन्तोषजनक प्रतिक्रिया पेश नगरेको एवं निर्माण कार्य गर्नेतर्फ हालसम्म कुनै पहल नगरेको कारण ठेक्का सम्झौतामा उल्लेखित प्रावधान तथा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) को दफा ५९ (२) को खण्ड (क). दफा ५९ (७) दफा ५९ (८) अनुसार यस कार्यालयको मिति २०८३/०२/१९ को निर्णयानुसार ठेक्का अन्त्य गरी सोही ऐनको दफा ६३(१) को प्रयोजनार्थ सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|
| १. | DROPKR/3371234/ 073-074/124 | Roadway Extension Structures and Blacktop (Premix carpet) at Begnas Tal Aananda Jyoti Mavi road, Kaski | श्री लामा बिल्डर्स कम्पनी प्रा.लि. काठमाडौँ |
| २. | DROPKR/3371234/ 072-73/149 | Construction and Upgrading of Kaski ko Pumdibhumdi-Syangja ko Phedikhola Road | श्री शंकरमाली निर्माण सेवा प्रा. लि, काठमाडौँ |

**कार्यालय प्रमुख**

**Alternative Energy Promotion Centre (AEPC)**
**Renewable Energy for Rural Livelihood (RERL)**
Khumaltar Height, Lalitpur, Nepal
Tel: **+977-1-5253775,5253785**, Email: **rerl@aepc.gov.np,** Website: **https://rerl.aepc.gov.np/**

U N D P

**REQUEST FOR PROPOSALS**

*Date of Notice Publication: **11 June 2026***

The Renewable Energy for Rural Livelihood (RERL) is a joint project of Alternative Energy Promotion Centre (AEPC), Ministry of Energy, Water Resources and Irrigation (MoEWRI) and United Nations Development Programme (UNDP). RERL is providing technical support to AEPC to implement the Asian Development Bank (ADB) funded South Asia Subregional Economic Cooperation (SASEC) Power System Expansion Project Off-grid Component. AEPC/RERL hereby Requests for Proposal (RFP) from eligible Consulting Firms/Institutions for the following task:

| Contract Identification Number | Title of the Assignment | Date and time of Technical Proposal Opening |
|---|---|---|
| AEPC/RERL/SASEC/ RFP/2025/26-02 | Enterprise Development Training for Selected Enterprises in Jumla, Mugu, Rukum West and Rukum East Districts. | 22 June 2026, 2:30 P.M. |
| AEPC/RERL/SASEC/ RFP/2025/26-03 | Mini Hydro plant operator trainings for capacity building, smooth & sustainable plant operation under AEPC/SASEC project | 22 June 2026, 3:00 P.M. |

Other information is as follows:
- The proposal must contain **Technical** and **Financial** proposals sealed in **Separate Envelopes**. Both the sealed proposals must be sealed in another single envelope mentioning the **Title** of the assignment and **Contract Identification Number**.
- Detailed RFP Documents for the tasks can be downloaded from the **website: https://rerl.aepc.gov.np/** or can be obtained from **AEPC/RERL, Khumaltar Height, Lalitpur, Nepal.**
- The proposal (in Hard Copy) must be delivered manually to the office of **AEPC/RERL, Khumaltar Height, Lalitpur** by **14:00 hour's local time** on or before **22 June 2026.**
- Received Technical Proposal shall be opened in the presence of Proponents' representatives who choose to attend, as mentioned in the table above, at the office of **AEPC/RERL, Khumaltar Height, Lalitpur, Nepal**.
- The method of selection of consultant will be Quality and Cost Based Selection **(QCBS)**, **70:30** weightage for Technical and Financial proposals respectively.
- Other details are provided in the RFP Documents.

# सबस्टेसन र प्रसारण लाइन निर्माण सुरु

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) नेपाल कम्प्याक्टको विद्युत् प्रसारण आयोजना अन्तर्गत रातमाटे सबस्टेसन, नयाँ दमौली सबस्टेसन र २९७ किलोमिटर लामो विद्युत् प्रसारण लाइनको निर्माण सुरु गरिएको छ। शिलान्यास गरिएको २९७ किमी लामो प्रसारण लाइन सञ्जालमा लप्सीफेदी–रातमाटे–न्यु हेटौँडा प्रसारण लाइन खण्ड, रातमाटे–न्यु दमौली प्रसारण लाइन खण्ड र न्यु दमौली–न्यु बुटवल प्रसारण लाइन खण्ड रहेको एमसिए नेपालले जनाएको छ।

निर्माण थालिएका सबस्टेसन तथा प्रसारण लाइन निर्माण कार्यमा चार निर्माण कम्पनी संलग्न छन्। टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनी लिमिटेडले रातमाटे र न्यु दमौली सबस्टेसन निर्माण गर्दै छ भने आशिष–बोम्लर संयुक्त उपक्रमले ११७ किमी लामो लप्सीफेदी–रातमाटे–न्यु हेटौँडा प्रसारण लाइन खण्ड निर्माण गर्ने छन्।

त्यस्तै एन्जेलिक–स्किपर संयुक्त उपक्रमले ९० किमी लामो रातमाटे–न्यु दमौली प्रसारण लाइन खण्ड र वाइबा–सालसर संयुक्त उपक्रमले ९० किमी लामो न्यु दमौली–न्यु बुटवल प्रसारण लाइन खण्ड निर्माण गर्दै छन्।

निर्माण सम्पन्न भएपछि रातमाटे सबस्टेसन र न्यु दमौली सबस्टेसन नेपालका सबैभन्दा ठुला उच्च भोल्टेज क्षमताका सबस्टेसनमध्येका हुने छन्। यी सबस्टेसन तथा प्रसारण लाइन पूर्वाधारले नेपालको विद्युत् प्रसारण सञ्जाललाई सदृढ बनाउने जनाइएको छ।

संयुक्त राज्य अमेरिकाबाट प्राप्त ५५ करोड अमेरिकी डलर अनुदान र नेपाल सरकारको १९.७० करोड अमेरिकी डलर लगानीमा भइरहेको यस साझेदारीले अन्तर्राष्ट्रिय स्तरको विद्युत् प्रसारण पूर्वाधार निर्माण र महत्त्वपूर्ण सडक सञ्जालको स्तरोन्नति कार्य गरिरहेको छ।

नेपाल र संयुक्त राज्य अमेरिकाको संयुक्त लगानी रहेको एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रमको विद्युत् प्रसारण आयोजना अन्तर्गत तीन वटा उच्च क्षमतायुक्त चार सय केभी सबस्टेसन तथा ३१५ किलोमिटर प्रसारण लाइन निर्माण हुँदै छ। यस पूर्वाधारले नेपालको राष्ट्रिय विद्युत् ग्रिडलाई सदृढ पार्नुका साथै प्रसारण अवरोध न्यूनीकरण गर्ने छ। साथै घरपरिवार र व्यवसायका लागि विद्युत् आपूर्तिको भरपर्दोपनामा सुधार गर्ने छ भने क्षेत्रीय विद्युत् बजारमा नेपालको बृहत् सहभागिता गराउन सघाउने छ।

# झिमरुकमा गरियो हरित हाइड्रोजन उत्पादन

**बिजुवार समाचारदाता**
*बिजुवार (प्युठान), जेठ २७ गते*

प्युठानको झिमरुक जलविद्युत् केन्द्रपरिसरमा हरित हाइड्रोजन उत्पादन सुरु गरिएको छ। बुटवल पावर कम्पनी लिमिटेडले माण्डवी गाउँपालिका–३, दारिमचौरस्थित १२ मेगावाट क्षमताको झिमरुक जलविद्युत् आयोजनाको परिसरमा ५० किलोवाट क्षमताको हरित हाइड्रोजन प्लान्ट स्थापना गरी उत्पादन थालेको कम्पनीका सञ्चालक सदस्य प्रकाशकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार नवीकरणीय जलविद्युत् प्रयोग गरी विद्युत् अपघटन (इलेक्ट्रोलाइसिस) प्रक्रियामार्फत हाइड्रोजन उत्पादन भइरहेको छ। विश्व बैङ्कको प्राविधिक सहयोग तथा बेलायत सरकार अन्तर्गतको विदेश, राष्ट्रमण्डल तथा विकास कार्यालय (एफसिडिओ)



मार्फत युके अन्तर्राष्ट्रिय विकासको आर्थिक सहयोगमा परियोजना कार्यान्वयन गरिएको हो।

हरित हाइड्रोजनलाई विश्वभर न्यून कार्बन उत्सर्जनयुक्त ऊर्जा प्रणालीतर्फको सङ्क्रमणमा महत्त्वपूर्ण ऊर्जावाहकका रूपमा लिइन्छ। नवीकरणीय स्रोतबाट उत्पादित विद्युत् प्रयोग गरी पानीलाई हाइड्रोजन र अक्सिजनमा विभाजन गरेर उत्पादन गरिने यस इन्धनले यातायात, उद्योग, मल उत्पादन तथा दीर्घकालीन ऊर्जा भण्डारण जस्ता क्षेत्रमा उपयोगको सम्भावना बोकेको छ।

प्लान्टमा जडान गरिएको अल्कालाइन इलेक्ट्रोलाइजर प्रणालीबाट ९९.९९ प्रतिशत शुद्धताको हाइड्रोजन उत्पादन हुने कम्पनीले जनाएको छ। उत्पादन गरिएको हाइड्रोजनलाई १५० बार दबाबमा सङ्कुचन गरी सिलिन्डरमा भण्डारण गरिने व्यवस्था गरिएको कम्पनीका प्रतिनिधि श्रेष्ठले बताउनुभयो। चिनियाँ कम्पनी सिपियु हाइड्रोजन पावर टेक्नोलोजी कर्पोरेसन लिमिटेडले निर्माण गरेको उक्त प्लान्टबाट गत चैत ३० गते पहिलो हाइड्रोजन सिलिन्डर सफलतापूर्वक भरिएको कम्पनीले जानकारी दिएको छ।

कम्पनीका अनुसार यो पाइलट परियोजनाबाट हाइड्रोजन उत्पादन, सङ्कुचन, भण्डारण, सुरक्षा, सञ्चालन तथा आर्थिक व्यवहार्यतासम्बन्धी महत्त्वपूर्ण अनुभव र तथ्याङ्क प्राप्त हुने जनाइएको छ।

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति: २०८३/०२/२८*

यस नेपाल टेलिकम, प्रादेशिक निर्देशनालय काठमाडौँ, त्रिपुरेश्वरबाट मिति २०८३/०१/३० र २०८३/०१/३१ गते गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानसम्बन्धी फरक फरक २ थान सूचनाअनुसार अन्तिम म्यादभित्र www.bolpatra.gov.np/egp मा रीतपूर्वक दर्ता हुनआएका बोलपत्रहरूमध्ये सारभुतरूपमा प्रभावग्राही न्यूनतम मूल्यांकित निम्न बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | बोलपत्र नं., विवरण | सारभूतरूपमा प्रभावग्राही न्यूनतम मूल्यांकित बोलपत्रदाताको नाम | मू.अ.करसहितको रकम |
|---|---|---|---|
| १. | NDCL/NCB/BPD-KTM/03/082-83 for Service Outsourcing of Operation and Maintenance of FTTH Service of Service Area-1 | M/s Genexx Pvt. Ltd., Kupandole, Nepal | रु. २,५०,४४,६६९/१२ (रुपियाँ दुई करोड पचास लाख चौवालिस हजार छ सय उनान्सत्तरी र पैसा बाह्र मात्र ) |
| २. | NDCL/NCB/BPD-KTM/04/082-83 for Service Outsourcing of Operation and Maintenance of FTTH Service of Service Area-2 | M/s Paradise Builders Pvt. Ltd., Jwagal, Lalitpur, Nepal | रु. २,१४,१३,२४५/१२ (रुपियाँ दुई करोड चौध लाख तेह्र हजार दुई सय पैतालिस र पैसा बाह्र मात्र ) |

**नेपाल टेलिकम**
**बागमती प्रादेशिक निर्देशनालय**
त्रिपुरेश्वर, काठमाडौँ, फोन नं.: ५३२९११४

**सुदूरपश्चिम विश्वविद्यालय**
**केन्द्रीय कार्यालय**
**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्नासम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/२८ गते**

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्काय अन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८३/८४ का लागि विद्यार्थी भर्नाको कार्यक्रम देहायबमोजिम रहेको व्यहोरा सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिकशास्त्र | B.A, BCA | १. **आवेदन फाराम वितरण र बुझाउने समय** २०८३ साल असार दोस्रो हप्तादेखि श्रावण मसान्तसम्म (सम्बन्धित डिन कार्यालयले निर्धारण गरेको समयतालिका अनुसार) |
| व्यवस्थापन | BBA, BBS & BHM | २. **प्रवेश परीक्षा** : २०८३ भाद्र पहिलो हप्ता (सम्बन्धित डिन कार्यालयले निर्धारण गरेको समयतालिका अनुसार) |
| शिक्षाशास्त्र | B.Ed, B.Ed. CSIT | ३. **कक्षा सञ्चालन** : २०८३ भाद्र महिनाको अन्तिम हप्तादेखि |
| विज्ञान तथा प्रविधि | B.Sc, B.Sc. CSIT | ४. मध्यसत्र परीक्षा, सन्त्रान्त परीक्षा, कक्षा समापन तथा अन्तिम नतिजा प्रकाशन सङ्कायको शैक्षिक कार्यपात्रोअनुसार सञ्चालन हुने छ। |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer & B.Arch. | ५.विद्यार्थीले भर्ना हुन चाहेको विषयका लागि सम्बन्धित सङ्काय, स्कुल, विभाग/क्याम्पस तथा सम्बन्धित निकायमा छुट्टाछुट्टै आवेदन फाराम बुझाउनु पर्नेछ। |
| कानुन | B.A. LLB | ६. भर्ना तथा शैक्षिक कार्यक्रमसम्बन्धी विस्तृत जानकारीका लागि सम्बन्धित सङ्काय/स्कुल/विभाग/क्याम्पस तथा सम्बन्धित निकायमा सम्पर्क गर्न सकिनेछ। |
| कृषि विज्ञान | B.Sc.Ag. | |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc.Forestry | |

**पुनश्च** : थप जानकारीका लागि विश्वविद्यालयको वेभसाइट **www.fwu.edu.np** मा हेर्न सकिने छ र स्वास्थ्य विज्ञान सङ्कायतर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचनाअनुसार हुनेछ। अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डिन कार्यालय/स्कुल/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ।

**रजिस्ट्रार**

# मनसुनभर हेलिकोप्टरमा दुई पाइलट अनिवार्य

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, जेठ २७ गते*

नेपाल नागरिक उड्डयन प्राधिकरणले बर्खायामको समयमा सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखी मनसुन अवधिभर नेपालमा सञ्चालन हुने हेलिकोप्टर उडानमा दुई जना पाइलट राख्नुपर्ने व्यवस्था गरेको छ।

प्राधिकरण अन्तर्गतको उडान सुरक्षा मापदण्ड विभागले मनसुन सर्कुलर जारी गर्दै मेडिकल उद्धार उडानबाहेकका उडानमा दुई जना पाइलट हुनुपर्ने, पाइलट र डिस्प्याचरले उडानअघि विमानको प्राविधिक अवस्था तथा न्यूनतम उपकरण सूची अनिवार्य रूपमा जाँच गर्नुपर्ने, उडान मार्ग, गन्तव्य तथा वैकल्पिक विमानस्थलको मौसमसम्बन्धी सम्पूर्ण जानकारी लिनुपर्ने छ।

## रिक्त कोटामा भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०८३/०८४ का लागि परीक्षा सम्बन्धी विनियमावली २०८३ बाट २०८३/०२/१७ गते प्रकाशित योग्यताक्रमको सुचि अनुसार प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमका मुख्य उमेदवारहरु मध्ये भर्ना नभइ बाँकी निम्न सिट रिक्त हुन गएकाले वैकल्पिक उमेदवारको सुचीमा रहेका विद्यार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र निवेदन दिनुहुन सुचित गरिन्छ।

| कार्यक्रम | रिक्त वर्ग र कोटा | रिक्त सिट सङ्ख्या |
|---|---|---|
| प्रमाणपत्र तह नर्सिङ्ग | पूर्ण शुल्कीय खुल्ला कोटा ८ (आठ) वटा | जम्मा १२ (बाह्र) वटा |
| | पूर्ण शुल्कीय लक्षित वर्ग कोटा १ (एक) वटा | |
| | पूर्ण शुल्कीय पुरुष कोटा २ (दुई) वटा | |
| | पूर्ण शुल्कीय टि.एस्.एल.सि. कोटा १ (एक) वटा | |

**विस्तृत जानकारिका लागि :**
**भरतपुर सामुदायिक हस्पिटल लि.**
**भरतपुर ९ चितवन**
**सम्पर्क नं. ०५६-४९४३००**

**भक्तपुर नगरपालिकाद्वारा संचालित**
**ख्वप बहु-प्राविधिक अध्ययन संस्थान**
**फोन नं.: ०१-६६१९५८५**

## प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको पूर्ण शुल्कीय तर्फ रिक्त सिटहरूमा छनौटका लागि निवेदन दिने सम्बन्धी अत्यन्त जरूरी सूचना

**(सूचना प्रकाशन मिति : २०८३/०२/२८)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३/०१/२८ गते प्रकाशित सूचना अनुसार पूर्ण शुल्कीय तर्फ प्रमाणपत्र तह नर्सिङ्ग विषय अध्ययनको लागि यस अध्ययन संस्थानबाट अनलाइन आवेदन फाराम भरेका आवेदकहरूमध्ये मिति २०८३ जेष्ठ १८ गते प्रकाशित नतिजाबाट भर्ना सिफारिस गरिएका उम्मेदवारहरूमध्ये देहाय बमोजिमको संख्यामा भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा यसै संस्थानका बैकल्पिक योग्यताक्रम सूचीमा भएका सम्बन्धित कोटाका उम्मेदबारहरूबाट यो सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिनभित्र निवेदन दिनु हुन सूचित गरिन्छ। साथै योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरूबाट परीक्षा सम्बन्धी विनियमावली, २०८३ बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ। **तपसिल**

| क्र. सं. | कोटाको प्रकार | रिक्त सिट संख्या |
|---|---|---|
| १ | भक्तपुर नगरपालिकाभित्र (महिला) | ४ |
| २ | दुर्गमसहित ७६ जिल्लाको लागि (महिला) | २ |
| ३ | चाँगुनारायण नगरपालिका (पुरुष) | १ |
| ४ | मध्यपुर नगरपालिका (पुरुष) | १ |

**पुनश्चः** रिक्त रहेको पुरुष कोटामा अन्य कोटाको बैकल्पिक(पास) सूचीमा भएका पुरुष उम्मेदवारहरूलाई पहिलो प्राथमिकता दिइनेछ। रिक्त कोटा अन्य कोटाका पुरुष उम्मेदबारबाट पनि पूर्ति नभए सम्बन्धित कोटाबाट महिला उम्मेदवारहरूमध्येबाट योग्यताक्रममा भर्ना लिइनेछ।

**सहिद स्मारक जनस्वास्थ्य कलेज (MMIST College)**
(MMIST)
**Kalopul, Siphal, Kathmandu, Tel: 01-4564150, 4585963**

## वैकल्पिक (Pass List) उम्मेदवारहरुलाई रिक्त सिटहरुमा छनौटका लागि निवेदन दर्ता गराउने सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८३/०२/२८**

प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मितिः २०८३/०१/२८ गते प्रकाशित सूचना अनुसार मिति : २०८३/०२/१३ गते सम्म अनलाइन मार्फत आवेदन फारम भरि मिति २०८३/०२/१८ गते प्रकाशित नतिजामा यस कलेजमा पूर्ण शुल्कीय तर्फ **नर्सिङ्ग, सामान्य चिकित्सा, फार्मेसी, ल्याब टेक्निसियन र रेडियोग्राफी** कार्यक्रमहरुमा मिति २०८३/०२/२७ गते सम्म मुख्य उम्मेदवारहरु भर्ना हुन नआई सिट रिक्त रहन गएको हुँदा नर्सिङ्ग कार्यक्रमको हकमा यसै कलेजका सोही कार्यक्रमहरुको वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरु तथा सामान्य चिकित्सा, फार्मेसी, ल्याब टेक्निसीयन र रेडियोग्राफी कार्यक्रमहरुको हकमा यसै कलेज तथा अन्य कलेजबाट स्वास्थ्य सम्बन्धी अन्य कायक्रमहरुको वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरु यो सूचना प्रकाशित भएको मितिले ५ दिन भित्रमा यस कलेजमा आई रितपूर्वक निवेदन दिन हुन अनुरोध छ। साथै प्राप्त निवेदनहरुलाई परिषद्को परीक्षा सम्बन्धी नियमावली २०८३ को नियम ४ को उपनियम ३ (भ) बमोजिम छनौट गरी भर्ना गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रम | लक्षित वर्ग | टि.एस.एल.सी. | पुरुष | खुल्ला कोटा | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | सामान्य चिकित्सा | - | - | - | 30 | 30 |
| २. | डि फार्मेसी | - | - | - | 30 | 30 |
| ३. | ल्याव टेक्निसियन | - | - | - | 25 | 25 |
| ४. | नर्सिङ्ग | - | - | 1 | 3 | 4 |
| ५. | रेडियोग्राफी | - | - | - | 28 | 28 |

**शिक्षालय प्रमुख**

**धूमपान स्वास्थ्यका लागि हानिकारक छ। सेवन नगरौँ।**

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्**
**गौर बहुप्राविधिक शिक्षालय**
**गौर, रौतहट**

## डिप्लोमा/प्रमाणपत्र तह कार्यक्रमतर्फको पूर्ण शुल्कीयतर्फ रिक्त सिटहरूमा छनोटका लागि निवेदन दिनेसम्बन्धी अत्यन्त जरुरी सूचना

**पहिलोपटक प्रकाशित मिति : २०८३।०२।२८ गते**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०८३/०१/२८ गते प्रकाशित सूचनाबमोजिम मिति २०८३/०२/१३ सम्म यस शिक्षालयमा पूर्ण शुल्कीयतर्फ प्रवीणता प्रमाणपत्र तह नर्सिङ, डिप्लोमा इन फार्मेसी र मिडवाई फेरी कार्यक्रमहरूमा online प्रक्रियाबाट फारम भरेका विद्यार्थीहरूको मिति २०८३/०२/१७ गते प्रकाशित नतिजाअनुसार मुख्य उम्मेदवारहरू तोकिएको समय सीमाभित्र भर्ना हुन नआई सिट रिक्त रहेको हुँदा सम्बन्धित कार्यक्रमहरूमा यस शिक्षालयको पासलिस्ट (Passlist) योग्यताक्रम सूचीमा रहेका उम्मेदवारहरूले पहिलो प्राथमिकता पाउने गरी तपसिलका कार्यक्रमहरूमा प्रकाशन भएको मिति २०८३/०३/०१ गते (५ दिन) कार्यालय समयभित्र यस शिक्षालयमा रीतपूर्बक निवेदनसाथ Online Submit गरिएका कागजातहरू उम्मेदवार स्वयंले प्रमाणित गरी निवेदन दिन हुन अनुरोध छ। साथै उत्तीर्ण सूचीमा रहेको परिक्षार्थीहरूबाट परीक्षासम्बन्धी विनियमावली, २०८३ बमोजिम छनोट गरी भर्ना गरिने व्यहोरा समेत जानकरी गराइन्छ।

**तपसिल**

| क्र.स | रिक्त वर्ग/ कोटा | कार्यक्रम | | | कैफियत |
|---|---|---|---|---|---|
| | | नर्सिंग | फार्मेसी | मिडवाई फरी | |
| १ | खुला | ५ | ९ | ६ | |
| २ | लक्षित वर्ग | - | - | १ | |
| ३ | पुरुष | १ | - | - | |
| ४ | रौतहट | ३ | १ | - | |
| ५ | प्रि-डिप्लोमा | १ | ३ | १ | |
| | **जम्मा** | **१०** | **१३** | **८** | |

**शिक्षालय प्रमुख**

**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Urban Development and Building Construction**
**Greater Lumbini Area Development Project (GLAD)**
**Project Coordination Office**
**Babar Mahal, Kathmandu**

## REQUEST FOR EXPRESSION OF INTEREST (REOI)

**(CONSULTING SERVICES – INDIVIDUAL SELECTION)**
**Date of First Publication : 11 June 2026**

**NAME OF PROJECT : Greater Lumbini Area Development Project (GLAD)**
**Loan Credit No. : IDA-7980-NP**

Government of Nepal has received financing from the World Bank toward the cost of GLAD, and intends to apply part of the proceeds for consulting services-Individual Consultants for Project Implementation Support Team.

1. The consulting services of Individual Consultants is to provide advisory and operational support to the PCO and PIUs for effective, efficient, and compliant project implementation. The estimated level of effort and the implementation period of the consultants is mentioned in the table below.
2. The GLAD, PCO now invites eligible Individual Consultants to indicate their interest in providing the Services for the below mentioned positions. Interested Consultants should provide information demonstrating that they have the required qualifications and relevant experience to perform the Services.

| S.N. | Position | Number | Reference Number | Input | Period |
|---|---|---|---|---|---|
| 1 | Team Leader | One | NP-DUDBC GLAD-556699-CS-INDV | 60 months | Project Period (5 years) |
| 2 | Deputy Team Leader (Tourism Specialist) | One | NP-DUDBC GLAD-556700-CS-INDV | 60 months | |

3. The attention of interested Consultants is drawn to Section III, paragraphs, 3.13, 3.15, and 3.16 of the World Bank's "Procurement Regulations for IPF Borrowers" July 2016 Revised September 2025", setting forth the World Bank's policy on conflict of interest.
4. A Consultant will be selected in accordance with the method set out in the World Bank's Procurement Regulations.
5. Further information and the detailed Terms of Reference (TOR) for the assignments can be obtained from office during office hours or from website glad.dudbc.gov.np/nugip.dudbc.gov.np/dudbc.gov.np.
6. Expressions of interest along with CV must be delivered in a written form to the office address (in person, or by e-mail) by 26 June 2026, 5:00 PM.

**Project Director**
**Tel 01-5316183, E-mail: glad@dudbc.gov.np**

**मधेश प्रदेश सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**शहीद सूर्यनाथ रान स्मृति अस्पताल**
**डुमरिया–८, धनुषा, मधेश प्रदेश ,नेपाल**

## करार सेवामा जनशक्ति व्यवस्थापन सम्बन्धमा

**प्रथमपटक प्रकाशित मितिः २०८३/०२/२८ गते**

यस अस्पतालको स्वीकृत अस्थायी दरबन्दीमा तपसिलबमोजिमका रिक्त रहेका पदहरूमा करार सेवामा कर्मचारी भर्ना गर्नुपर्ने भएकाले हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट शैक्षिक योग्यता, तालिम, अनुभव, नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसहित यस अस्पतालको प्रशासन शाखामा रीतपूर्वकको दरखास्त फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्नुहुन सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

**तपसिल**

| सि. नं. | विज्ञापन नं. | पद | तह | माग पद | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १. | ०१/०८२/०८३ | जनरल फिजिसियन | नवौँ | १ | सम्बन्धित विषयमा स्नातकोत्तर उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको |
| २. | ०२/०८२/०८३ | जनरल सर्जन | नवौँ | १ | |
| ३. | ०३/०८२/०८३ | स्त्री तथा प्रसूति रोग | नवौँ | १ | |
| ४. | ०४/०८२/०८३ | एनेस्थेसियोलोजिस्ट | नवौँ | १ | |
| ५. | ०५/०८२/०८३ | अर्थपिडिक सर्जन | नवौँ | १ | |
| ६. | ०६/०८२/०८३ | MDGP | नवौँ | १ | |
| ७. | ०7/०८२/०८३ | डेन्टल अधिकृत | आठौं | १ | BDS उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको |
| ८. | ०८/०८२/०८३ | मेडिकल अधिकृत | आठौं | १ | MBBS उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको |

१. दरखास्त फाराम पाउने/बुझाउने स्थानः शहीद सूर्यनाथ रान स्मृति अस्पताल डुमरिया–८, धनुषाको प्रशासन शाखाबाट प्राप्त गरी रीतपूर्वक भरी प्रशासन शाखामा पेश गर्नुपर्नेछ।
२. उमेर हदः मधेश प्रदेश लोक सेवा आयोगको नियमानुसार।
३. परीक्षा दस्तुरः नवौँ तहः १,२००/- आठौँ तहः १,०००/- यस अस्पतालको कार्यालय कोड ३७००३१७०१२, राजस्व शीर्षक नं. १४२१३ राष्ट्रिय बाणिज्य बैंक जनकपुरधाम शाखाको खाता नं. १०००१००२०००१०००० मा जम्मा गरेको सक्कल भौचर निवेदन साथ पेश गर्नुपर्नेछ।
४. परीक्षाको किसिमः नवौँ तहको लागि अन्तर्वार्ता र आठौं तहको लागि लिखित र अन्तर्वार्ता।
५. सम्पर्क मितिः पछि प्रकाशित गरिने छ।
६. अन्तर्वार्ता मितिः सम्पर्क मितिमा तोकिनेछ।
७. सेवा सुविधाः प्रचलित कानून बमोजिम।
८. यस विज्ञापनमा पदपूर्ति सम्बन्धी उल्लेख भएका बाहेक प्रचलित कानुनबमोजिम लागू हुनेछ र पदपूर्तिसम्बन्धी अन्तिम अधिकार अस्पतालमा निहित हुनेछ।
९. थप जानकारीका लागि मो. नम्बर: ९८४४५९०२७

**(Email:shahidsuryanathranmemorialhosp@gmail.com)**






# मेक्सिकोलाई घरेलु मैदान र समर्थकको फाइदा





**मेक्सिको सिटी**, जेठ २७ गते। विश्वकप फुटबल प्रतियोगिताको उद्घाटन खेलमा मेक्सिको र दक्षिण अफ्रिकाले प्रतिस्पर्धा गर्दा इतिहासको पुनरावृत्ति हुने छ। विश्वकपको इतिहासमा यी दुई टिमले पहिलो खेल खेल्न लागेको यो दोस्रो पटक हो। यसअघि सन् २०१० मा भएको विश्वकपको उद्घाटन खेलमा यी दुई टिम भिडेका थिए। सो समय दक्षिण अफ्रिका आयोजक राष्ट्र थियो। सो खेल १–१ ले बराबरीमा सकिएको थियो।

१६ वर्षपछि भूमिका फेरिएको छ। अहिले मेक्सिको घरेलु मैदानमा खेल्दै छ। सन् १९९४ पछि मेक्सिकोका लागि पहिलो खेल फलदायी रहेको छ। पछिल्ला सात विश्वकपको पहिलो खेलमा मेक्सिकोले हार बेहोरेको छैन। यस क्रममा उसले पाँचमा जित र दुई बराबरीमा खेलेको थियो।

कन्केकाफ क्षेत्रमा महाशक्ति टिम मेक्सिकोले आफ्नो छवि अनुरूप विश्वकपमा खेल्न सकेको छैन। ४० वर्षपछि विश्वकप आयोजना गर्ने मौका पाएको मेक्सिकोले लामो समयदेखि कन्केकाफ क्षेत्रमा धाक जमाएको मात्र होइन, विश्वकपमा प्रायः देखिने टिम पनि हो। विश्वकपमा मेक्सिकोले १८ औँ पटक उपस्थिति जनाउँदै छ। ब्राजिल जस्तै मेक्सिकोको पनि फुटबल खेल्ने आफ्नै मौलिक शैली छ। सन् २०१० पछि मात्र मेक्सिकोले पाँच पटक यस क्षेत्रको सबभन्दा ठुलो प्रतियोगिता गोल्डकप्स जितेको छ। मेक्सिकोको टिममा १० खेलाडी युरोपमा व्यावसायिक फुटबल खेल्छन् तर मेक्सिकोले अन्तिम १६ चरण पार गर्न नसकेको लगातार आठ विश्वकप भइसक्यो।

मेक्सिकोले यस पटक घरेलु मैदान र समर्थकको फाइदा उठाउँदै लामो यात्रा तय गर्ने योजना बनाएको छ। सन् १९७० र १९८६ मा विश्वकपको आयोजना गर्दा मेक्सिकोले क्वार्टरफाइनलसम्मको यात्रा तय गरेको थियो। मेक्सिको तीन पटक विश्वकप आयोजना गर्ने पहिलो राष्ट्र बन्दै छ। मेक्सिकोको टिममा प्रशिक्षक ह्याभिर अग्वेरी फर्कनुभएको छ। सन् २०१० मा उहाँकै प्रशिक्षकमा मेक्सिकोले दक्षिण अफ्रिकामा खेलेको थियो। दक्षिण अफ्रिकाविरुद्धको उद्घाटन खेलमा गोल गर्ने बार्सिलोनाका पूर्वखेलाडी राफा मार्केज पनि सहायक प्रशिक्षकका रूपमा मेक्सिकोको टिममा संलग्न हुनुहुन्छ।

दक्षिण अफ्रिकाका प्रशिक्षक ह्युगो ब्रुस मेक्सिकोविरुद्ध उसकै मैदान आज्टेका रङ्गशालामा करिब ८० हजार दर्शकसामु खेल्न आफ्नो टिमलाई सहज नहुने स्विकार्नुहुन्छ तर उहाँ भन्नुहुन्छ, "हामीलाई गुमाउनु केही छैन, यही पक्षले हामीलाई मेक्सिकोविरुद्धको खेलमा फाइदा गर्ने छ।" सन् २०१० मा विश्वकपको आयोजना गर्दा नै दक्षिण अफ्रिका समूह चरण पार गर्न असफल भएको थियो। सो समय दक्षिण अफ्रिका विश्वकपको इतिहासमै समूह चरण पार गर्न नसकेको पहिलो आयोजक राष्ट्र बनेको थियो। बाफाना बाफाना उपनामले चर्चित दक्षिण अफ्रिका त्यसपछिका तीन संस्करणमा छनोट पनि हुन सकेन। अझ दक्षिण अफ्रिका सन् २००२ पछि पहिलो पटक विश्वकपमा चयन हुन सफल भएको हो। सन् २०१० मा उसले आयोजकको हैसियतले छनोट चरण खेल्नु परेको थिएन।

अफ्रिका कप अफ नेसन्समै दक्षिण अफ्रिकाको प्रदर्शन उल्लेख गर्नलायक छैन। सन् २०१२ र २०१७ मा दक्षिण अफ्रिका अफ्रिका कप अफ नेसन्समा पनि छनोट हुन सकेको थिएन। प्रशिक्षक ब्रुसले यस पटक प्रायः दक्षिण अफ्रिकी टिममा घरेलु लिगमा खेल्ने खेलाडीलाई नै विश्वास गरेको छ। यी खेलाडीले विश्वकप छनोटमा सानदार प्रदर्शन गरेपछि दक्षिण अफ्रिका अहिले विश्वकपमा पनि टिमबाट सोही लयको अपेक्षामा छ। दक्षिण अफ्रिकाले नाइजेरियालाई पनि पछाडि पार्दै समूह विजेताका रूपमा विश्वकपमा स्थान बनाएको थियो।

